गौरी मासिक

GAURI MASIK

ISSN 2091-1629

मूल्य रु. ४५/-

वर्ष २०, अङ्क ५५, २०८२ साउन, पूर्णाङ्क २३५

न जानामि योगं जपं नैव पूजां
नतोऽहं सदा सर्वदा शम्भु तुभ्यम् ।
जरा जन्म दुःखौघ तातप्यमानं
प्रभो पाहि आपन्नमामीश शम्भु ॥

श्री पशुपतिनाथ मन्दिर
काठमाडौं

जय गौमाता
जय श्री पशुपतिनाथ
श्री गणेशाय नमः
नारायणं नमस्कृत्य नरं चैव नरोत्तमम्। देवीं सरस्वतीं व्यासं ततो जयमुदीरयेत्।
सडकमा बेबारीसे रहेका गौ (गाई) संरक्षण तथा गौशाला निर्माण सहयोगार्थ आयोजित
श्री पशुपति गौ संरक्षण विराट ज्ञान महायज्ञ-२०८२
निमन्त्रणा
मिति २०८२ श्रावण १ गते देखि ३१ गते सम्म श्री पशुपति नाथलाई १०८ गाईको दुधद्वारा महाअभिषेक, सवा करोड दीप प्रज्वलन तथा विभिन्न सडकमा बेबारीसे तथा घाइते गाई, गोरुहरुलाई पालन पोषण तथा औषधी उपचार, गौशाला निर्माणको लागि सहयोगार्थ भगवान पशुपतिनाथ मन्दिर परिसर, तिलगंगा आँखा अस्पतालबाट उत्तरतिर, पशुपतिको आर्यघाट पारीपट्टी, राम मन्दिर अगाडिको खुल्ला चौरमा हुन गईरहेको
श्री पशुपति गौ संरक्षण विराट ज्ञान महायज्ञ
मा पाल्नुभई कथामृत पान गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।
आयोजकः श्री पशुपति मासिक ज्ञान महायज्ञ, मूल समारोह समिति
अध्यक्षः नवराज भण्डारी रघुबंशी, ९८४१५३६७२९

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड
द्वारा प्रवर्द्धित
STC ग्याँस
तौल पूर्ण, सुरक्षा सम्पूर्ण
- ISI स्टाण्डर्डको भित्र बाहिर रबर कोट भै बीचमा स्टिलको जाली भएको ३ तहको होजपाइप
- उच्च गुणस्तरको रेगुलेटर
- पुनः प्रयोग गर्न न सकिने प्लाष्टिक सिल भएको सिलिण्डर
- कम्प्युटर प्राविधिबाट चल्ने प्लान्ट, तौलमा सोह्रै आना ढुक्क हुनुहोस्
गृहिणी
चामल
साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरू

संवित परामर्श मण्डल
आबाल ब्रह्मचारी कविराज देवराज आचार्य
प्रा. शिवगोपाल रिसाल
डा. बिनु बाबा अर्याल
सल्लाहकार
श्रीमती गङ्गा कार्की
श्रीमती माधवी नेपाल
श्रीमती शिवा रिमाल
श्रीमती सीता श्रेष्ठ, खड्का
श्रीमती कमला बस्नेत
श्री नवराज लामिछाने
श्री मोहन चौधरी
प्रकाशक/सम्पादक
अर्जुन लामिछाने (९८५१०५३६०१)
सह-सम्पादक
भागवतश्री न्यौपाने (९८१३०१०२०२)
व्यवस्थापक
बिदुरप्रसाद अधिकारी
सहयोगी
बिनीता पाठक
पार्वती सेढाईं
साजसज्जाः
बिपीन सोडारी (९८४९८५६२१०)
मुद्रकः किशोर अफसेट प्रेस

अध्यात्म ज्ञान लिनु र दिनु परम धर्म हो ।

एक प्रतिको रू. ४५/-
वार्षिक सदस्यता शुल्क रू. ५००/-
आजीवन सदस्यता शुल्क रू. ५,०००/-

ग्राहक बनेर गौरीको प्रकाशनमा टेवा पुऱ्याइ पुण्य कमाउनुहोस् ।

यस पत्रिकामा प्रकाशित लोख रचनाहरू लेखकका व्यक्तिगत विचार हुन्- सम्पादक

सम्पर्क कार्यालय
मैतीदेवीमार्ग, सेतोपुल, काठमाडौं
फोन नम्बर- ०१-४५३४१४१
इमेलः- masikgauri@gmail.com / gauri_2062@yahoo.com

वितरक
विश्व स्वतन्त्र संचार
नयाँबानेश्वर, काठमाडौं, फोन नं.: ९८५१०३०९७२

कर्णाली प्रदेशः सुर्खेत ९८६८८९२३४७ (चैतेजी)
सुदुर पश्चिम कैलाली ९८४९९०३०३३ (हरिजी)
नेपालगञ्जः ९८४८०९५०५९ (गङ्गादास)
वाग्मति प्रदेश हेटौंडाः ९८४५३००६०५
देवघाटधाम, तनहुँ ९८५१०३०९७२
मधेश प्रदेश बर्दिवासः ९८४९२१६२५५
कोशी प्रदेशः ९८०३०९२४१७ (लेखनाथ)

जि. प्र. का. द. नं. ५२/०६२/०६३

हे गौरि शंकरार्धाङ्गि यथा त्वं शंकरप्रिया ।
तथा मां कुरु कल्याणि कान्तकान्तां सुदुर्लभाम् ॥

वर्ष २०, अङ्क ११, २०८२ पूर्णाङ्क २३१

साउन २०८२

बिहीबार	१	८	१५	२२	२९
शुक्रबार	२	९	१६	२३	३०
शनिवार	३	१०	१७	२४	३१
आइतवार	४	११	१८	२५	गौरी
सोमबार	५	१२	१९	२६	गौरी
मङ्गलबार	६	१३	२०	२७	गौरी
बुधवार	७	१४	२१	२८	गौरी

गौरीको अनुरोध.....!

यस गौरी मासिकको बार्षिक या आजीवन सदस्यता लिएर पनि पत्रिका नपाउनु भएका पाठकवृन्दहरूले कार्यालयमा सम्पर्क गरी छुटेका पत्रिकाहरू संकलन गर्नुहुन अनुरोध छ ।
कार्यालयः भुवनेश्वरी मार्ग, पशुपति

सम्पर्कः ९८४१५३३७८७, ९८०३८८८६६७ ९८५१०५३६०१

संक्षिप्त महाभारत

अघिल्लो अंकबाट क्रमशः

भीष्म प्रतिज्ञा

सुयोग्य पुत्र लिएर खुशी हुँदै राजा दरबार फर्किए। अनि आफ्ना पुत्र देवव्रतलाई राजकुमारको पदवीबाट सुशोभित गराए । रमाइलोसँग दिनहरू व्यतीत हुँदै गए । एकदिन राजा शान्तनु नदीको किनारमा टहल्दै स्वच्छ हावा लिदै थिए । त्यहाँ एक अप्सरा समान अत्यन्त सुन्दर युवती बसिरहेकी उनले देखे। ती युवतीको नाम सत्यवती थियो। सत्यवतीलाई पराशर मुनिबाट यस्तो वरदान मिलेको थियो कि उनको शरीर हमेशा कोमल र सुवासले युक्त रहन्थ्यो।

गङ्गाले छोडेर गएपछि विरक्तिएका भए पनि राजा शान्तनुलाई त्यतिवेला रूपवती कन्या देख्नाबित्तिकै ती कन्यासित प्रेम गर्ने इच्छा जागेर आयो । अनि उनले नजिकै गएर ती युवतीसँग सोधे- "हे सुन्दरी ! तिमी त अत्यन्त राम्री रहिछौ । तिमीलाई देखेर मलाई मनमा कौतूहल भयो । मेरो प्रेम प्रस्ताव स्विकारेर मलाई भाग्यमानी बनाऊ।" राजाको प्रस्ताव सुन्नेबित्तिकै उनले भनिन्- 'हे महाराज ! मेरा पिता माझीका नाइके हुनुहुन्छ। उहाँसँग नसोधी म जवाफ दिन सक्दिन। यदि मेरा वाबुले तपाईसँग विवाह गर्न अनुमति दिनुभयो भने म तयार छु।'

राजाले ढिला नगरी बाबुसँग भेटाउन भनेपछि उनले पनि आफ्ना बाबु भएको ठाउँमा लिएर गइन् । राजाले माझीसित सबै कुरा राखे। राजाको कुरा सुनेपछि चतुरो माझीले मनमनै सोच्यो 'एकदिन त छोरी विवाह गरेर दिनैपर्छ। किन यस्तो मौका छोड्ने ?' अनि भन्नलाग्यो 'हे महाराज ! मेरो एउटा सर्त मान्नुहुन्छ भने तपाईको प्रस्ताव स्वीकार गर्न तयार छु ।' राजाले भने 'मत यस देशको राजा हूँ, माग, तिमी के चाहन्छौ ?'

राजाले प्रश्न गरेपछि माझीले जवाफ दिँदै भन्यो- "तपाईको मृत्युपछि यो राज्यको सिंहासनमा मेरो नाति बस्न पाउनु पर्छ, स्वीकार छ, महाराज ? माझीको सर्त सुनेर राजा झस्किए। उनले गङ्गापुत्र देवव्रतलाई राजकुमारको पदवी दिइसकेका थिए । उनले मनमनै सोचे, त्यस्तो कठोर सर्त मैले कसरी मान्ने ? कामातुर राजाले तुरून्त निर्णय दिन सकेनन् र लाचार भएर दरबार फर्के। राजा अत्यन्त चिन्तित थिए । सुन्दरीलाई पाउने उनको इच्छा सेलाएन । देवव्रतलाई अन्याय गर्न पनि चाहेनन् । त्यो दिनदेखि राजा दिन प्रतिदिन चिन्ताले दुब्लाउँदै जान थाले ।

राजकुमार देवव्रत धेरै बुद्धिमान् थिए । उनले दिन प्रतिदिन राजा चिन्तित एवम् दुर्बल हुँदै गएको देखेर प्रश्न गरे हे महाराज ! यस राज्यमा तपाईंलाई कुनै कुराको कमी छैन, के विषयलाई लिएर तपाईं यति धेरै चिन्तित हुनुहुन्छ ? संसारमा तपाईले नपाउने के छ र ? यो सेवक देवव्रतलाई आदेश मात्र गर्नुहोस्, सारा धर्ती, आकाशमा देवव्रतलाई कुनै असम्भव कुरो छैन।'

आफ्नो प्रिय पुत्रको कुरा सुनेर राजालाई केही न केही जवाफ नदिई सुखै भएन। उनले गम्भीर भएर भने- 'हेर, तिमी मेरो एकमात्र छोरा हौ, तिम्रा दाजुभाइ कोही छैनन्। राजा भएर बसेपछि राज्यविस्तार गर्न जरूरी नै हुन्छ । एकदिन तिमी पनि युद्धमा होमिनै पर्ने हुन्छ । के भन्न सकिन्छ र ? ईश्वरको लीला कसैलाई थाहा छैन। त्यसैले व्यवहारमा एउटा छोरा हुनु र नहुनु बराबर मानिन्छ । मलाई डर लाग्छ हाम्रो वंशको परम्परा विचैमा टुङ्गिने हो कि भनेर ?'

यसरी शान्तनुले घुमाइफिराइ गरेको कुरा बुझ्न तीक्ष्ण बुद्धि भएका देवव्रतलाई कुनै कठिन भएन । उनले यो विषयले मात्र यति चिन्तित गराएको हुँदै होइन, कुरा अरू नै हुनुपर्छ भन्ने निधो गरे । त्यसैले राजाका सारथीबाट कुनै कुरा लुकेको हुँदैन भन्ने निश्चय गरी उनलाई तुरून्त बोलाए । त्यसपछि देवव्रत सारथीलाई लिएर माझीका घरमा पुगी सबै यथार्थ पत्ता लगाए । आफ्ना पिताको चिन्ता हटाउन देवव्रतले शान्तनु र माझीको छोरीको विवाहको प्रसङ्गलाई अगाडि बढाए । माझीले जुन कुरा राजालाई भनेको थियो देवव्रतलाई पनि सोही कुरा पूरा गर्न प्रस्ताव राख्यो । क्रमशः

प्रस्तुतिः केदारनाथ खनाल,
भीमसेनथापा- ३, तान्द्राङ, गोरखा

सम्पादकीय

पशुपतिमा श्रावणी मेलाको रौनक

आराध्यदेव भगवान् श्रीपशुपतिनाथ विराजित पशुपति क्षेत्र आफैंमा एक पावन क्षेत्र हो । विश्वका सारा तीर्थस्थलको दर्शन गरे पनि भगवान् पशुपतिनाथको दर्शन गरिएन भने निस्फल हुने धार्मिक विश्वासले गर्दा जो कुनै सनातनी जीवनमा एकै पटक भए पनि यस मन्दिरको दर्शन गर्न लालयित हुने गर्दछन् । पशुपतिनाथ मन्दिरमा महाशिवरात्री, बालाचतुर्दशी, तीज, साउने सोमबार, वैशाख १ गते (नयाँ वर्षको पहिलो दिन) सहित अन्य विशेष दिनहरूमा भक्तजनको ठूलो घुइचो लाग्ने गर्दछ । ती दिनहरूमा नेपालबाट मात्र नभई छिमेकी मुलुक भारत र अन्य राष्ट्रहरूबाट समेत भक्तजनहरूको उपस्थिति हुने गर्दछ ।

पशुपति क्षेत्र पावन पवित्र क्षेत्र भएको हुँदा हिजो आज यस क्षेत्रमा विभिन्न धार्मिक यज्ञ अनुष्ठान गर्ने प्रवृत्ति पनि बढेको छ । यसै क्रममा यही साउन महिनामा पनि विभिन्न धार्मिक एवम् सामाजिक संघसंस्थाहरूले विभिन्न उद्देश्य राखेर यज्ञयज्ञादिको आयोजना गरेका छन् । यस्ता धार्मिक अनुष्ठानहरूको आयोजनाले पनि पशुपति क्षेत्रमा आन्तरिक एवम् वाह्य तीर्थयात्री (पर्यटकहरू)को समेत उपस्थिति बाक्लिएको छ ।

पशुपति क्षेत्रमा धार्मिक यज्ञ अनुष्ठानको निम्ति स्वीकृति दिंदै गर्दा पशुपति क्षेत्र विकास कोषले विशेष ध्यान पुऱ्याउनुपर्ने देखिन्छ । धार्मिक कार्यक्रमको आयोजनाका कारण स्थानीय स्तरमा परम्परागत रूपमा चलाइने जात्रा पर्वलाई कुनै बाधा पुग्नु हुँदैन । किनभने धर्म र संस्कृति एक अर्काका परिपुरक हुन् । त्यसैले धार्मिक कार्यक्रमको आयोजना गरिंदा सांस्कृतिक कार्यक्रमलाई बाधा पुऱ्याउनु हुँदैन ।

पशुपति क्षेत्रलाई हिन्दुहरूको प्रमुख तीर्थस्थलको रूपमा विकसित गर्ने लक्ष्य लिने हो भने यस्ता यज्ञ अनुष्ठानलाई प्रोत्साहन गरिनु पर्दछ । यज्ञ आयोजकले पनि धार्मिक कृयाकलापलाई अर्थमुखी नभई साधनामुखी बनाउनु जरुरी छ । अस्तु,

यसभित्र

अविच्छिन्न
संक्षिप्त महाभारत — केदारनाथ खनाल — २
सम्पादकीय — ३
कविता
पूर्णताको खोजी — प्रा.डा. ऋषिराम पोखरेल — ४
गीताज्ञान
कर्मयोग — आचार्य खेमराज ‘केशवशरण’ — ५
अध्यात्म
मानव जीवनको.. — श्री अघोरी श्मशानेश्वर चण्डी — ७
भावार्थ
गण्डकी माहात्म्य.... — आचार्य सन्तोष सुवेदी — ८
आध्यात्मिक वार्ता
मान महामानको... — श्रीमहेन्द्रनाथ गुप्त श्री'म' — ११
अनुसन्धान
पाशुपत क्षेत्रको..... — प्रा.डा विष्णुप्रसाद दहाल — १३
देशदर्शन
एक पवित्र..... — १७
अन्तरवार्ता
ऐनको.. — सुभाष चन्द्र जोशी, नि.सदस्यसचिव — १८
परिचय
पशुपतिनाथ... — सहप्रा. डा. विनु बाबा अर्याल — २१
विधि
पशुपति दर्शन — भोला प्रसाद सिटौला — २४
पुराण प्रसंग
शिवपुराणमा के छ ? — मोहनप्रसाद आचार्य — २७
पुस्तक अंश
विविध शिवस्वरूपहरूको ... — डा. गोविन्द टण्डन — ३१
गतिविधि — ३४

पूर्णताको खोजी

-प्रा.डा. ऋषिराम पोखरेल

फड्को होइन खुट्किला चढ तिमी अभ्यास गर्दै पुरा,
बढ्दै जाउ अगाडि एक दिन ता भेट्छौ स्वयं टाकुरा ।
सारा नाश हुने कुरा अब सबै एकेक छोड्ने गर
आफ्नौ चिन्तन साधन पर परी सो खोज गर्दै गर ॥

खाली नै नभ ता हुँदा पनि कठै नीलो भनी छक्कियौ,
रंगै छैन जहाँ तरङ्ग जलको जस्तै नदी संझियौ ।
अव्यक्तै विचबाट जन्मन गयौं अव्यक्त मै मिल्नु छ,
साँचो यो त कुरो सुझेन मनमा त्यो सत्य नै हो शिव ॥

आफैं पूर्ण हँदा हुनै पनि तिमी त्यो पूर्ण खोज्दै गयौ,
पूर्णैबाट झिकेर पूर्ण सब यो हो पूर्ण आफैं थियौ ॥
यस्तो सत्य कुरा सुझेन मनमा संसारमा रल्लियौ,
आफ्नै गन्ध थियो तथापि सूरू झौं कस्तुरि के चिन्दथ्यो ॥

थप्छौ शून्य अगाडि जे जति तिमी त्यो शून्य हो आखिर
झिक्दै जाउ र शून्यबाट अघिको त्यो शून्य नै आखिर ।
वाँकी बच्छ सदैव शून्य जति नै जोडे घटाए गुने
त्यस्तै पूर्ण सदैव पूर्ण छ बुझे यो विश्वमा देखिने ॥

आएको अघि शून्यबाट पछि ता हो शून्य मात्रै हुने
भन्ने ज्ञान विना हुँदैन कहिल्यै अव्यक्त ता जानिने ॥
हो यो ज्ञान तथापि विश्वभरिनै खोजेर मिल्थ्यो कहाँ
आफैं चेतन तत्त्व हो जगतमा त्यो मिल्न सक्थ्यो कहाँ ?

सीयो आफु खसाउने चउरमा खोज्ने मझेरी तिर
जस्तै हो पार्दछौ हृदयको आवाज आफैं पर ।
संझेमा मनभित्र नै सबकुरा खुल्ने थियो आखिर,
खोज्यौ बाहिर शान्ति वा सुख कहाँ टिक्थ्यो सदा अस्थिर ॥

विश्वैको पठनीय ग्रन्थ सवमा त्यो ब्रह्मसूत्रै त हो,
निर्क्योलै कसरी गरौं समयमा यो चित्त अन्तै गयो ।
अर्को पुस्तक जान्नु पर्दछ सधैं गीता भनी मान्दछु ।
पाको चिन्तनको धनी हुन तिमी गीता पढे भन्दछु ॥

आफ्नै साधन गर्न आफु सँगनै त्यो चेतन बस्दछ
संसारी सुख ता कलम सँगको संयोग यो खुल्दछ ।
एकान्तै विचमा बसेर मनले ओंकार मात्रै जपे,
छेकी बाहिरका सबै अरूकुरा खुल्ने त तत्त्वै भरे ॥❖

-सुन्दरीजल, काठमाडौं

गीता तृतीय अध्याय

कर्मयोग



–आचार्य खेमराज केशवशरण

क्रमशः

ये मे मतमिदं नित्यमनुतिष्ठन्ति मानवाः
श्रद्धा–वन्तोऽन–सूयन्तो मुच्यन्ते तेऽपि कर्मभिः ॥३१॥

अन्वयः ये मानवाः मे इदं मतं नित्यम् अनुतिष्ठन्ति श्रद्धावन्तः अनसूयन्तः ते अपि कर्मभिः मुच्यन्ते ।

सरलार्थः जुन मानिसहरू दोष दृष्टि नराखी श्रद्धावान् बनेर मेरो यस मतको अनुसरण गर्दछन् तिनीहरू निरन्तर कर्म गर्दै रहेर पनि सम्पूर्ण कर्महरूको बन्धनबाट मुक्त हुन्छन् ।

भावविशारदाः ईश्वरार्पण बुद्धिले निष्काम भावना लिएर कर्म गर्नेहरू मुक्त हुने कुरा पहिलेका श्लोकहरूमा आइसकेको छ । निष्काम कर्मयोगीले कसरी कर्म गर्नु पर्दछ भन्ने बारेमा पनि तीसौं श्लोकले प्रकाश पारिसकेको छ । भगवान् यहाँ थप कुरा भनिरहनु भएको छ । जो सोझै निष्काम कर्मयोगी बनिसकेका हुन्नन् तर मैले बताएका यी कुराहरूलाई श्रद्धासाथ मानेर यिनको अनुसरण गर्दछन्, यस अनुसार चल्दछन् ती पनि कर्मबन्धनबाट मुक्त हुन्छन् ।

भगवान् यहाँ भन्दै हुनुहुन्छ– अर्जुन ! तिमीलाई त म यो कुरा प्रत्यक्षरूपले स्वयं बताइरहेछु, तिमी सुन्दैछौ र यसै अनुसार गर्ने छौ पनि तर जसले तिमीले जस्तो प्रत्यक्ष श्रवण गर्ने मौका पाएका छैनन् तर पनि श्रद्धावान् बनेर दोषदृष्टि छाडेर मेरा यी कुरा पालन गर्दैछन् ती पनि उद्धार प्राप्त गर्न सफल हुन्छन् भन्ने सदाशय यसबाट बुझिन्छ ।

एकाथरि भगद्गीतामा टीका, भाष्य त बडो उत्साहले लेख्दछन् तर भगवान्मा श्रद्धा तथा विश्वास चाहिँ तिनमा हुँदैन । त्यस्तो श्रद्धाविहीन टीकाटिप्पणीले साधकलाई अलिकति पनि सहायता पुऱ्याउँदैन । त्यसैले श्रद्धावन्तः बनेर भगवद्वाणीको अनुसरण गर्नुपर्ने कुरा यहाँ संझाइएको छ । त्यसै गरी एकथरी कार्यकर्ताहरू आफूमा कर्तापनको अभिमान गर्दै मैले गरेको हूँ भन्दै हिँड्दछन् । तर परिणाम राम्रो आउन्जेलमात्र आफूमा कर्तापन मान्दछन् परिणाम विग्रियो भने चाहिँ 'खै ईश्वरलाई यो काम यसरी किन बिगार्नु परेको होला आफूले त सकेसम्म राम्रो गर्न खोजिएको थियो तर ईश्वरले यस्तै गरिदिए' भनेर भगवान्लाई दोस्न थाल्दछन् । त्यसैले यहाँ भगवान्ले श्रद्धावन्तसँगै अनसूयन्तो भनेर भन्नुभएको हो । भगवान्मा उहाँका वाणीमा दोषदृष्टि राख्ने पनि हुनुहुन्न ।

ये त्वेतदभ्यसूयन्तो नानुतिष्ठन्ति मे मतम् ।
सर्वज्ञानविमूढांस्तान्विद्धि नष्यानचेतसः ।३२।

अन्वयः ये तु एतद् अभ्यसूयन्त मे मतम् न अनुतिष्ठन्ति सर्वज्ञानविमूढान् अचेस तान् वस्ठान् विद्धि ।

सरलार्थः तर जो मैले भनेको यो कुरामा दोषदृष्टि राखेर यसको अनुसरण गर्दैनन् सम्पूर्ण ज्ञानका प्रति व्यामोहित भएका तिनलाई विवेकशून्य र उँभोलाग्न नसक्ने बिग्रिएको भनी सम्झ ।

भावविशारदाः जो श्रद्धावान् छ, ज्ञानको पात्र त्यही हुन्छ । ज्ञानको उज्यालो प्रकाश देख्न श्रद्धाका आँखा अत्यावश्यक छन् । जो जन्मदैको अन्धो हुन्छ त्यस्तालाई विहानीको मोहक सुन्दरता मूल्यहीन हुन्छ । हिलोमा रमाउने भ्यागुताका लागि अमृत वर्षी जूनको के मूल्य हुन्छ ? त्यस्तै

बाँकी शरीरलाई नै आफू सम्झेर देहात्मवादी जडतापूर्ण चिन्तनमा रूमलिँदै विषयमसुखमै रमाउने आध्यात्मिक चेतनाशून्य मुर्खहरूलाई यहाँ सर्वज्ञानविमूढान् र अचेतान् भनेर उल्लेख गरिएको छ । उनीहरूलाई यो कर्मयोगको अमृतमय उपदेश पनि राम्रो लाग्दैन । आत्म चिन्तका लागि आवश्यक हुने सम्पूर्ण ज्ञानको विषय पनि तिनका लागि अरूचिको विषय हुन्छ । शारीरिक सुख, इन्द्रिय तृप्ति चाहिँ तिनको ध्येय हुन्छ र त्यसमै रम्दै अन्ततः ती पूर्ण रूपले बिग्रिन पुग्दछन् । भगवान्मा आफ्नो साधना, सत्सङ्ग, सद्विचार सबैबाट पर भाग्ने अन्धकार प्रेमी बनेर झन झन ओरालो लाग्दै ती अन्ततः दुर्गतिका भागी बन्न पुग्दछन् । यसैलाई भगवान्ले यहाँ तान् नष्टान् विद्धि भनेर बताउनु भएको छ ।

सदृशं चेष्टते स्वस्याः प्रकृतेर्ज्ञानवानपि ।
प्रकृतिं यान्ति भूतानि निग्रहः किं करिष्यति ।३३।

अन्वयः ज्ञानवान अपि स्वस्याः प्रकृतेः सदृशं चेष्टते। भूतानि प्रकृतिं यान्ति निग्रह? किं करिष्यति।

सरलार्थः ज्ञानीपुरूष पनि आफ्नो प्रकृति अनुरूप नै चेष्टा गर्दछन्, समग्र प्राणीहरू प्रकृतिमै प्राप्त हुन्छन् । त्यसैले यहाँ कसैको हठले के गर्दछ र ?

भावविशारदाः सम्पूर्ण प्राणीहरू प्रकृतिमा नै पुग्दछन् । ज्ञानवान् मानिस पनि आफ्नो प्रकृति अनुकूल नै चेष्टा गर्ने गर्दछ । ज्ञानी पुरूषको प्रकृति शुद्ध एवम् निर्दोष हुन्छ । ऊ लौकिक एषणामा कहिल्यै बाँधिदैन । निर्दोष हुन्छ, अलिप्त हुन्छ । त्यसैले उसबाट आफ्नो लागि नभई लोकहितको निमित्त भगवत्समर्पणको भावनाले कर्म हुन्छ । त्यसैले बन्धनरहित कर्म हुने हुनाले ज्ञानीको कर्म गराइलाई यहाँ चेष्टते मात्र भनिएको छ । ऊ केवल चेष्टा मात्र गर्दछ । ज्ञानीजनहरू पनि भिन्न भिन्न प्रकृतिका (स्वभावका) हुन्छन् र सबै आ-आफ्नो प्रकृति अनुकूल कर्ममा प्रवृत्त हुन्छन् । उनीहरूका सम्पूर्ण चेष्टाहरू आफ्नो प्रकृति (स्वभाव) अनुकूल नै हुन्छन् । जब ज्ञानवान्हरू समेत आफ्नो प्रकृति अथवा स्वभाव अनुकूल नै चेष्टा गर्ने गर्दछन् भने सामान्य प्राणीहरूको त के कुरा गर्नु ?

सम्पूर्ण प्राणीहरू आ-आफ्नो प्रकृति अनुकूल अर्थात् स्वभावकै अनुकूल कर्ममा प्रवृत्त बन्दछन् । आफ्नो प्रकृतिको विपरीत हठ गरेर कसले के प्राप्त गर्न सक्दछ ? तात्पर्य भगवान् अर्जुनलाई सम्झाउँदै हुनुहुन्छ 'अर्जुन ! तिम्रो स्वभाव क्षत्री प्रकृति अनुकूल छ र तिमीलाई युद्धरूप कर्तव्यको पालन आफ्नो प्रकृति अनूकूल हुन्छ । यसलाई परित्याग गरेर आफ्नो स्वभावभित्र हुँदै नभएको भिक्षा मागेर खाने कुरा तिमीले गऱ्यौ । त्यसबाट तिमी सफल हुन सक्नेछैनौ । यो आशय यहाँ भगवान्ले व्यक्त गर्नुभएको छ । क्रमशः

(आचार्य खेमराज केशवशरण वि.सं. २०७४ साउन १८ गते स्वर्गारोहण हुनभएको हो । उहाँले लेख्नुभएको र उहाँकै पारिवारिक श्रोतबाट प्राप्त भएको गीताको भावार्थचन्द्रिका हामीले गौरीका प्रकाशनमा निरन्तर प्रकाशित गर्दै आइरहेका छौं ।)

साउन महिनाका पर्व तथा विदा

१ गते कर्कट सङ्क्रान्ति/लुतो फाल्ने दिन/दक्षिणायन आरम्भ
२ गते गोरखकाली पूजा
५ गते कामिका एकादशी व्रत
६ गते प्रदोष व्रत
७ गते गथांमुगः चः ह्रे
९ गते गुंलापर्व आरम्भ
११ गते वराह जयन्ती
१३ गते नाग पञ्चमी व्रत
१४ गते कल्की जयन्ती
१५ गते खीर खाने दिन/तुलसीदास जयन्ती
१६ गते गोरखकाली पूजा
२० गते पुत्रदा एकादशी व्रत
२१ गते प्रदोष व्रत
२३ गते पूर्णिमा व्रत
२४ गते जनै पूर्णिमा/रक्षा बन्धन/क्वाटि खाने दिन/पूर्णिमा व्रत/ऋषितर्पणी/संस्कृत दिवस
२५ गते गाईजात्रा (बागमती प्रदेशका लागि मात्र)
२६ गते रोपाईं जात्रा
२७ गते देवपत्तनमा खड्क जात्रा
२९ गते विश्व सुलेखन दिवस
३१ गते श्रीकृष्ण जन्माष्टमी/गोरखकाली पूजा

मानव जीवनको अभिलाषाः शान्ति

–श्री अघोरी श्मशानेश्वर चण्डी

शान्ति मानव जीवनको अपरिहार्य आवश्यकता हो, जीवनको सबैभन्दा गहन अभिलाषा हो। यो केवल बाह्य वातावरणमा प्राप्त हुने स्थिरता होइन। यो त आत्माको स्वाभाविक गुण हो, यो व्यक्तिले आफ्नो आन्तरिक चेतनाले अनुभव गर्ने विषय हो। जहाँ मानिसले आफ्नै अस्तित्वलाई सत्यको रूपमा अनुभव गर्छ। त्यसैले शान्ति नै परम आनन्द हो, जुन भौतिक सुखसुविधा र अस्थायी उपलब्धिहरूको परिधिभन्दा धेरै माथि छ।

वर्तमान संसारमा मानिसले बाह्य साधनहरूबाट सन्तोष खोज्ने प्रयास गरिरहेका छन्। धन, प्रतिष्ठा र भौतिक सम्पन्नताको खोजले मानिसलाई बाहिरी संसारको अशान्ति र तनावमा उल्झाइरहेको छ। सबै भौतिक सम्पन्नताको अन्त्य केवल क्षणिक सुखमा मात्र सीमित हुन्छ। सच्चा शान्ति भनेको त मानिसले आफ्नो अन्तरात्मासँग एकाकार भएर आत्मचिन्तन गर्ने क्रममा प्राप्त गर्ने सुखद अवस्था हो।

शान्ति आत्माको प्रकृति हो, जसले मानिसलाई जीवनको गहिरो सत्यसँग परिचित गराउँदछ। यसलाई प्राप्त गर्न मानिसले आफ्नो आन्तरिक चेतनालाई जगाउनुपर्दछ। योग, ध्यान र आत्मचिन्तन जस्ता आध्यात्मिक अभ्यासहरूले मानिसलाई बाहिरी विक्षेपहरू अर्थात चित्त स्थिर नहुने स्थिति; विह्वलता; घबराहटबाट मुक्त गराउँदै शान्तिको मार्गमा डोऱ्याउँछ। यी अभ्यासहरूले मानिसको मानसिक, भावनात्मक र आध्यात्मिक सन्तुलनलाई स्थिरता प्रदान गराउँदछन्।

शान्तिको अभावले संसारमा द्वन्द्व, असन्तोष र अशान्ति उत्पन्न हुन्छ। व्यक्तिगत स्तरमा यो मानसिक तनाव र आत्मिक असन्तोषको रूपमा देखिन्छ भने सामाजिक र वैश्विक स्तरमा यसले हिंसा र विभाजनलाई जन्म दिन्छ। मानव सभ्यताले शान्तिको महत्त्वलाई बुझेमा मात्र यस्ता विकराल समस्याहरूको समाधान गर्न समर्थ हुन्छ।

आध्यात्मिक दृष्टिकोणले शान्ति व्यक्तिगत अनुभव मात्र होइन, यो त सृष्टिको मूल तत्त्व हो। शान्तिः शाश्वत सुख हो भन्ने मान्यताले शान्तिलाई मानव अस्तित्वको केन्द्रमा राखेर परिभाषित गरेको छ। शान्ति मानिसको अन्तरात्माबाट शुरू भएर परिवार, समाज र सम्पूर्ण विश्वमा फैलिन्छ। शान्तिको स्थापनाले नै मानव जीवनलाई सद्भाव, सन्तोष र आनन्दले भरिपूर्ण बनाउँछ।

शान्ति भनेको केवल बाह्य परिस्थितिको स्थिरता होइन। यो मानिसको आन्तरिक यात्रा हो, जहाँ उसले आफूलाई जीवनको गहन सत्यसँग जोड्न सक्दछ। शान्ति प्राप्त गर्न मानिसले आफ्नो सोच, भावना र कर्मलाई सन्तुलनमा राख्नुपर्छ। यसले व्यक्तिलाई केवल व्यक्तिगत सुखमा मात्र होइन, विश्वव्यापी सद्भावको सन्देश फैलाउन पनि प्रेरित गराउँदछ।

मानिसको सामाजिक अस्तित्व पनि शान्तिमा आधारित छ। जाति, धर्म, संस्कृति वा भूगोल जस्तोसुकै भिन्नता भए पनि शान्ति सबैलाई समान रूपमा स्पर्श गर्नसक्ने तत्त्व हो। जाति हाम्रो पहिचान हो, तर यो कुनै विभाजनको कारण होइन। जब मानिसले जातिको वास्तविक अर्थलाई मानवतासँग जोडेर हेर्छ, तब ऊ आफ्नो अस्तित्वलाई समाज र सृष्टिको कल्याणार्थ समर्पित गराउन सक्दछ। यसकारण व्यक्तिलाई व्यक्तिगत स्तरमा मात्रै होइन, सामाजिक र वैश्विक स्तरमा पनि शान्ति स्थापना गर्न प्रेरित गराउँदछ।

यसर्थ, शान्ति नै जीवनको सार हो। यो भौतिकताभन्दा परको आत्मिक अवस्था हो, जहाँ मानिसले आफ्नो साँचो अस्तित्वलाई अनुभव गर्दछ। यो अनुभवले जीवनलाई केवल उद्देश्यपूर्ण मात्र बनाउँदैन, यसले त सृष्टिलाई नै प्रकाशित गराउँदछ। मानव जीवनको अन्तिम लक्ष्य शान्तिको खोज हो। शान्ति नै जीवनको अन्तिम सत्य हो, जहाँ व्यक्तिले परम आनन्दलाई अनुभव गर्छ।

तसर्थ, शान्तिनै मानव चेतना, समाज र सृष्टिको एकताबोधको अभिव्यक्ति हो। शान्ति नै मानव अस्तित्वको आधार हो। जब व्यक्तिले यसलाई आफ्नै जीवनमा स्वीकार गर्छ, तब उसले व्यक्तिगत, सामाजिक र वैश्विक समस्याहरूको समाधान गर्न सक्छ। शान्ति नै वास्तविक अर्थमा परम आनन्दको श्रोत र आधार हो। ❖

–अघोर आश्रम, देवघाटधाम

गण्डकीमाहात्म्येः शालग्रामस्तोत्रम्

भावानुवादः आचार्य सन्तोष सुवेदी

युधिष्ठिर उवाच :–

श्रीदेवदेव देवेश देवतार्चनमुत्तमम् ।

तत्सर्वं श्रोतुमिच्छामि ब्रुहि मे पुरुषोत्तम ॥१॥

भावार्थः हे श्रीपति हे देवेश हे पुरूषोत्तम देवतार्चनको सम्पूर्ण उत्तम विधि सुन्न चाहन्छु मलाई बताउनुहोस् ।

श्रीभगवानुवाच :–

गण्डक्यां चोत्तरे तीरे गिरिराजस्य दक्षिणे ।

दशयोजनविस्तीर्णा महाक्षेत्रवसुन्धरा ॥२॥

भावार्थः भगवान् भन्नुहुन्छ– गण्डकीको उत्तर र हिमालयको दक्षिणमा दश योजनमा फैलिएको पृथ्वीको पवित्र महाक्षेत्र अवस्थित छ ।

शालग्रामो भवेद्देवो देवी द्वारावती भवेत् ।

उभयोः सङ्गमो यत्र मुक्तिस्तत्र न संशयः ॥३॥

भावार्थः उपर्युक्त क्षेत्रमा शालग्राम देवता र द्वारावती देवीको सङ्गमस्थल जहाँ छ त्यहाँ अवश्य मुक्ति प्राप्त हुन्छ यसमा सन्देह छैन ।

शालग्रामशिला यत्र यत्र द्वारावती शिला ।

उभयोः सऽमो यत्र मुक्तिस्तत्र न संशयः ॥४॥

भावार्थः जहाँ शालग्राम शिला र द्वारावती शिलाको सङ्गम छ त्यहाँ मुक्ति प्राप्त हुनेमा सन्देह छैन ।

आजन्मकृतपापानां प्रायश्चित्तं य इच्छति ।

शालग्रामशिलावारि पापहारि नमोऽस्तु ते ॥५॥

भावार्थः जन्मदेखि नै गरेका पापहरूको प्रायश्चित्त जो चाहन्छ त्यसका निम्ति शालग्रामशिलाको जल पाप हरण गर्न समर्थ छ त्यस्तो शालग्राम शिलालाई नमस्कार छ ।

अकालमृत्युहरणं सर्वव्याधिविनाशनम् ।

विष्णोः पादोदकं जल पीत्वा शिरसा धारयाम्यहम् ॥६॥

भावार्थः अकालमृत्यु हरण गर्ने, सम्पूर्ण रोग नाश गर्ने यस किसिमको शालग्राम स्वरूप विष्णुको पाउको जल पिएर शिरमा धारण गर्दछु ।

शङ्खमध्ये स्थितं तोयं भ्रामितं केशवोपरि ।

अङ्गलग्नं मनुष्याणां ब्रह्महत्यादिकं दहेत् ॥७॥

भावार्थः शङ्खमा जल राखेर केशव (शालग्राम भगवान्) को वरिपरि घुमाउनाले (शङ्खार्घ अर्पण) मनुष्यहरूको अङ्गमा लागेका ब्रह्महत्या आदि पापहरू डढाउँछ (नाश हुन्छन्) ।

स्नानोदकं पिवेन्नित्यं चक्राङ्कितशिलोद्भवम् ।

प्रक्षाल्य शुद्धं तत्तोयं ब्रह्महत्यां व्यपोहति ॥८॥

भावार्थः चक्र अङ्कित शालग्राम शिलालाई स्नान गराएको जल नित्य पिउनाले ब्रह्महत्याजन्य पाप नाश गर्दछ ।

अग्निष्टोमसहस्राणि वाजपेयशतानि च ।

सम्यक् फलमवाप्नोति विष्णोर्नैवेद्यभक्षणात् ॥९॥

भावार्थः हजारौँ अग्निष्टोम यज्ञहरू तथा शयौँ वाजपेय यज्ञहरूबाट जुन फल प्राप्त हुन्छ त्यति नै फल शालग्राम विष्णुको नैवेद्य ग्रहण गर्नाले प्राप्त हुन्छ ।

नैवेद्ययुक्तां तुलसीं च मिश्रितां विशेषतः पादजलेन विष्णोः ।

योऽश्नाति नित्यं पुरतो मुरारेः प्राप्नोति यज्ञायुतकोटिपुण्यम् ॥१०॥

भावार्थः विशेषतः तुलसी मिश्रित नैवेद्यले युक्त विष्णुको(शालग्रामको) पादोदकले जसले नित्य मुरारि (नारायण) भगवान्को समीपमा स्नान गर्दछ उसले हजारौँ यज्ञबाट प्राप्त हुने कोटि–कोटि पुण्य फल प्राप्त गर्दछ ।

खण्डिताः स्फुटिता भिन्ना वह्निदग्धास्तथैव च ।

शालग्रामशिला यत्र तत्र दोषो न विद्यते ॥११॥

भावार्थः खण्डित भएका (फुटेका), चर्केका, आगोले डढेका शालग्रामशिला जहाँ हुन्छन् त्यहाँ समेत दोष हुँदैन । (अर्थात्, सग्ला शालग्राम उपलब्ध नभएमा त्यस्ता खण्डित

शालग्राम शिला पूजा गर्दा समेत दोष लाग्दैन, अन्य मूर्ति वा प्रतिमा खण्डित भएमा पूजा गर्न मिल्दैन ।)

न मन्त्रः पूजनं नैव न तीर्थं न च भावना ।
न स्तुतिर्नोपचारश्च शालग्रामशिलार्चने ॥१२॥

भावार्थः शालग्राम शिलाको सेवाको क्रममा मन्त्र पूजा, तीर्थ, भावना, स्तुति, पूजनसामग्री केही आवश्यक पर्दैन ।

ब्रह्महत्यादिकं पापं मनोवाक्कायसम्भवम् ।
शीघ्रं नश्यति तत्सर्वं शालग्रामशिलार्चनात् ॥१३॥

भावार्थः मन, वचन र शरीरमार्फत गरिएका ब्रह्महत्यादि सम्पूर्ण पापहरू शालग्रामशिलार्चन गर्नाले तुरुन्त नाश हुन्छन् ।

नानावर्णमयं चैव नानाभोगेन वेष्टितम् ।
तथा वरप्रसादेन लक्ष्मीकान्तं वदाम्यहम् ॥१४॥

भावार्थः अनेक वर्णले युक्त भएका, अनेक नैवेद्य एवं पाप-पुण्यका फल तथा अनेक वर-प्रसादले सुशोभित लक्ष्मीकान्त नारायण (शालग्राम) भगवान् को महिमा म बताउँछु ।

नारायणोद्भवो देवश्चक्रमध्ये च कर्मणा ।
तथा वरप्रसादेन लक्ष्मीकान्तं वदाम्यहम् ॥१५॥

भावार्थः स्वयं नारायणको स्वरूप लिएर प्रकट भएका र कर्मले मध्यभागमा चक्राकार भएका एवं वर-प्रसादयुक्त लक्ष्मीकान्त (शालग्राम) भगवान्को महिमा म बताउँछु ।

कृष्णे शिलातले यत्र सूक्ष्मं चक्रं च दृश्यते ।
सौभाग्यं सन्ततिं धत्ते सर्व सौख्यं ददाति च ॥१६॥

भावार्थः कृष्ण (कालो रङ्गका) शालग्राम शिलाको फेदमा जहाँ सुक्ष्म चक्र देखिन्छ त्यस्ता चक्रले सौभाग्य र सन्तति दिनुका साथै सबै प्रकारका सुख पनि प्रदान गर्दछन् ।

वासुदेवस्य चिह्नानि दृष्ट्वा पापैः प्रमुच्यते ।
श्रीधरः सुकरे वामे हरिद्वर्णस्तु दृश्यते ॥१७॥

भावार्थः वासुदेव भगवान्का चिह्नहरू देखेर मात्र पनि सबै पापबाट मुक्ति पाइन्छ । शालग्राममा दायाँ हातमा श्री धारण गरेका र वायाँ हातमा हरियो वर्णले युक्त भगवान्लाई देखिन्छ ।

वराहरूपिणं देवं कूर्माङ्गैरपि चिह्नितम् ।
गोपदं तत्र दृश्येत वाराहं वामनं तथा ॥१८॥

भावार्थः वराह स्वरूप तथा कुर्म स्वरूप भगवान्का अङ्गचिह्नहरूले चिह्नित तथा गोपद चिह्न वाराह र वामन स्वरूप शालग्राममा देखिन्छन् ।

पीतवर्णं तु देवानां रक्तवर्णं भयावहम् ।
नारसिंहो भवेद्देवो मोक्षदं च प्रकीर्तितम् ॥१९॥

भावार्थः पीताम्वर देवताहरूले समेत भयावह देख्ने रक्तवर्णका नारसिंहावतार भगवान् शालग्रामावतार भई मोक्ष प्रदान गर्नुहुन्छ ।

शङ्खचक्रगदाकूर्माः शङ्खो यत्र प्रदृश्यते ।
शङ्खवर्णस्य देवानां वामे देवस्य लक्षणम् ॥२०॥

भावार्थः शङ्ख-चक्र-गदा-कूर्म स्वरूप शालग्राम शिला जहाँ शङ्ख देखिन्छ, उक्त शिलामा देवताहरूको वायाँ भागमा शङ्खवर्णको देवताको लक्षण हुन्छ ।

दामोदरं तथा स्थूलं मध्ये चक्रं प्रतिष्ठितम् ।
पूर्णद्वारेण सङ्कीर्णा पीतरेखा च दृश्यते ॥२१॥

भावार्थः बीचमा चक्र अवस्थित दामोदर तथा स्थूल शालग्राम शिलामा पूर्ण द्वार युक्त पहेँलो रेखा पनि देखिन्छ ।

छत्राकारे भवेद्राज्यं वर्तुले च महाश्रियः ।
चिपिटे च महादुःखं शूलाग्रे तु रणंध्रुवम् ॥२२॥

भावार्थः छत्राकार शालग्राम राज्यप्राप्ति, गोलाकार शालग्राम अत्यन्त श्री प्राप्ति, चेप्टो शिला महादुःख, शूलाग्र (अगाडी चुच्चो परेको) शालग्राम रणोन्मुख गराउने हुन्छन् ।

ललाटे शेषभोगस्तु शिरोपरि सुकाञ्चनम् ।
चक्रकाञ्चनवर्णानां वामदेवस्य लक्षणम् ॥२३॥

भावार्थः चक्राकार सुनौलो वर्णका शिलामा निधारमा शेषनागको फणा, शिरभागमाथि सुनौलो वर्ण वामदेव शालग्रामको लक्षण हो ।

वामपार्श्वे च वै चक्रे कृष्णवर्णस्तु पिङ्गलम् ।
लक्ष्मीनृसिंहदेवानां पृथग्वर्णस्तु दृश्यते ॥२४॥

भावार्थः पिङ्गल शालग्रामचक्रको वायाँ भागमा कृष्णवर्ण देखिन्छ भने लक्ष्मी र नृसिंहदेवहरूको फरक वर्ण देखिन्छ ।

लम्बोष्ठे च दरिद्रं स्यात्पिङ्गले हानिरेव च ।
लग्नचक्रे भवेद्याधिर्विदारे मरणंध्रुवम् ॥२५॥

भावार्थः लम्बोष्ठ शिला पूजन गर्नाले दरिद्र हुन्छ,

पिङ्गल शिला (कैलो रङ्गको शिला) पूजन गर्दा हानि, लग्नचक्र शिला पूजनले रोग र चिरिएको शिला पूजनले मृत्युदोष हुन्छ ।

पादोदकं च निर्माल्यं मस्तके धारयेत्सदा ।
विष्णोर्दृष्टं भक्षितव्यं तुलसीदलमिश्रितम् ॥२६॥

भावार्थः नारायण (शालग्राम) को चरणोदक र पूजाको प्रसाद सर्वदा मस्तकमा धारण गरियोस्, विष्णुको प्रसाद तुलसीदल मिसाएर ग्रहण गरियोस् ।

कल्पकोटिसहस्राणि वैकुण्ठे वसते सदा ।
शालग्रामशिलाबिन्दुर्हत्याकोटिविनाशनः ॥२७॥

भावार्थः उपर्युक्त कार्य गर्ने व्यक्ति हजारौँ कोटि कल्प वैकुण्ठमा वास पाउँछ, शालग्राम शिलाको विन्दुमात्रले पनि करोडौँ हत्याजन्य पाप नाश गर्न समर्थ छ ।

तस्मात्सम्पूजयेद्ध्यात्वा पूजितं चापि सर्वदा ।
शालग्रामशिलास्तोत्रं यः पठेच्च द्विजोत्तमः ॥२८॥
स गच्छेत्परमं स्थानं यत्र लोकेश्वरो हरिः ।
सर्वपापविनिर्मुक्तो विष्णुलोकं स गच्छति ॥२९॥

भावार्थः त्यसकारण सदा शालग्रामको पूजा गरियोस्, जुन द्विजले सधैँ ध्यानपूर्वक पूजा गरेर जसले शालग्राम शिला स्तोत्र पाठ गर्दछ त्यो व्यक्ति जुन लोकमा हरि रहनुहुन्छ त्यस्तो परम पवित्र स्थान (वैकुण्ठ धाम) प्राप्त गर्दछ र सबै पापबाट मुक्त भई विष्णुलोक जान्छ ।

दशावतारो देवानां पृथग्वर्णस्तु दृश्यते ।
ईप्सितं लभते राज्यं विष्णुपूजामनुक्रमात् ॥३०॥

भावार्थः दशावतार भगवान्का पृथक् पृथक् स्वरूपहरू देखिन्छन्, जसले यथाक्रम विष्णु भगवान्को पूजा गर्दछ त्यसले इच्छाएको राज्य प्राप्त गर्दछ ।

कोट्यो हि ब्रह्महत्यानामगम्यागम्यकोटयः ।
ताः सर्वा नाशमायान्ति विष्णुनैवेद्यभक्षणात् ॥३१॥

भावार्थः विष्णुनैवेद्य भक्षण गर्नाले करोडौँ ब्रह्महत्या र अगम्य गमन दोष (गर्न नहुने कार्य गर्नुको दोष) नाश हुन्छन् ।

विष्णोः पादोदकं पीत्वा कोटिजन्माघनाशनम् ।
तस्मादष्टगुणं पापं भूमौ बिन्दुनिपातनात् ॥३२॥

भावार्थः विष्णु (शालग्राम भगवान्) को चरणोदक प्राशन गर्नाले करोडौँ जन्मका पाप नाश हुन्छन्, विष्णुको चरणोदकको एक बिन्दु मात्र पनि भुईँमा खसाल्नाले चरणोदक प्राशन गर्दा प्राप्त हुने पुण्यको आठ गुणा पाप लाग्दछ ।

श्री भविष्योत्तरपुराणे श्रीकृष्णयुधिष्ठिरसंवादे गण्डकीमाहात्म्ये शालग्रामस्तोत्रम् सम्पूर्णम् ॥❖

-काठमाडौं

सडकमा वेवारिसे छाडिएका गाईबाच्छा, साँढेहरूको संरक्षणमा हातेमालो गरौं !

पृथ्वी सबैको साझा घर हो। यहाँ सबै प्राणीहरूले बाँच्न पाउने अधिकारको सुनिश्चितता गरौं। हरेक दिन गाईबाच्छाहरूका लागि केही दान गरौं। जन्मोत्सव, विवाहोत्सव आदि शुभकार्यहरू र अन्य उत्सव या स्मृतिमा गौमाताको सेवामा केही योगदान गरौं। आफू पनि बाँचौं र अवोध प्राणीहरूलाई पनि बचाऔं। सेवा नै सबैभन्दा ठूलो धर्म हो। जय गौमाता !

नन्दी सेवा स्थल

मन्दिर गाई बाच्छा बचाऊ तथा समाज विकास अभियान

फूल पसल लाइन, वनकाली, सम्पर्कः ९८०८२९७४८५, ९८४१२०४००६

श्रीरामकृष्ण तथा मायावाद

–श्री महेन्द्रनाथ गुप्त श्री 'म'

भाव, महाभावको गूढ तत्त्व

श्रीयुत महिमाचरण आदि कोन्नगरका धेरै भक्तहरू आएका छन् । यिनीमध्ये एकजनाले केही बेरसम्म श्रीरामकृष्णसँग प्रश्नोत्तर गरे ।

कोन्नगरका भक्त– महाराज मैले सुनेको छु, हजुरलाई भावावेश हुन्छ रे, समाधि लाग्छ रे, किन हुन्छ, कसरी हुन्छ, बुझाइदिनुहोस् न ।

श्रीरामकृष्ण– श्रीमतीजी (राधिका)लाई महाभाव हुन्थ्यो, त्यसबखत कुनै सखीले छुन अघि बढ्दा अर्कीले भनिन्, "ए ! यस कृष्णका विलास-अङ्गलाई नछोऊ, यिनको शरीरमा यसबखत श्रीकृष्णले विलास गरिरहनुभएको छ । ईश्वरको अनुभव भए विनाभाव वा महाभाव हुँदैन । गहिरो पानीबाट माछा माथि आउँदा पानी चल्छ, माछा यदि निकै ठूलो भयो भने पानीमा उथलपुथल हुन्छ । यसैले भनिन्छ, भावमा हाँस्छ, नाच्छ, रून्छ, गाउँछ ।"

"धेरै बेरसम्म भावमा रहन सकिन्न । ऐनाका अगाडि बसेर केवल मुख मात्र हेरिरह्यो भने मान्छेले पागल भन्नेछन् ।"

कोन्नगरका भक्त– "मैले सुनेको छु, महाराज हजुर ईश्वरको दर्शन गरिरहनुहुन्छ त हामीलाई पनि गराइदिनुहोस् न, ईश्वरको दर्शन ।"

श्रीरामकृष्ण– सब कुरा ईश्वरकै अधीनमा छ । मानिस भलै के गर्न सक्छ । उहाँको नाम लिँदा कहिलेचाहिँ अश्रुधारा बग्छन्, कहिलेचाहिँ केही हुन्न । उहाँको ध्यान गर्दा कहिले खुब उद्दीपना हुन्छ, कुनै दिन केही पनि हुन्न ।

"कर्म गर्नुपर्छ तब दर्शन हुन्छ । एक दिन मैले भावावेशमा हालदारपुकुरको तलाउ देखेँ । त्यहाँ एउटा तल्लो जातिको मानिस काई पन्छाउँदै पानी भर्दै रहेको देखेँ । उसले देखायो, काई नपन्छाईकन पानी भर्न सकिँदो रहेनछ । कर्म नगरिकन भक्ति हुँदैन, ईश्वर-दर्शन हुँदैन । ध्यान, जप यी सब कर्म हुन्, उहाँको नाम र गुणकीर्तन गर्नु पनि कर्म हो अनि दान, यज्ञ यी सब कर्म नै हुन् ।"

"मक्खन चाहन्छौ भने दूध लिएर दही जमाउनुपर्छ । त्यसपछि एकान्तमा राख्नुपर्छ, दही जमेपछि मिहिनेत गरेर मथ्नुपर्छ, तब कतै मक्खन निस्कन्छ ।"

महिमाचरण– हो हजुर, कर्म त चाहिन्छ नै, बडो परिश्रम गर्नुपर्छ, तब कतै वस्तुलाभ हुन्छ । पढ्नु कति पर्छ, अनगिन्ती शास्त्र छन् ।

श्रीरामकृष्ण (महिमासँग)– शास्त्र कति पढ्न सक्छौ ? खालि विचार गरेर मात्र के हुन्छ ? पहिले ईश्वरलाभ गर्ने चेष्टा गर । गुरूले भनेका कुरामा विश्वास गरी केही कर्म गर । गुरू नभए ईश्वरसँग व्याकुल भएर प्रार्थना गर, उहाँ कस्तो हुनुहुन्छ, उहाँले खुद आफैँ सम्झाइदिनुहुनेछ ।

"किताब पढेर के बुझ्छौ ? जबसम्म बजार पुग्दैनौ, टाढाबाट खाली होहल्ला मात्र सुनिन्छ । बजार पुगेपछि त्यहाँ अर्कै कुरा हुन्छ । सबै सफा-सफा देखिन्छ, सुनिन्छ । 'आलु लेओ पैसा देओ' आदि सबै प्रस्ट सुनिन्छ ।

"टाढाबाट समुद्रको हरहराएको आवाज मात्रै सुनिन्छ, नजिकै जाँदा फेरि कैयौँ जहाजहरू जाँदै गरेका, कैयौँ पक्षीहरू उडिरहेका र छालहरू उमडिरहेका देखिन्छन् ।"

"पुस्तक पढेर ठीक-ठीक अनुभव हुँदैन । धेरै ठूलो अन्तर छ । उहाँको दर्शनपछि पुस्तकशास्त्र र साइन्स (विज्ञान) सबै घाँसपात जस्ता लाग्छन् । ठूला मालिकसँग परिचय गर्ने आवश्यकता हो ।

उनका कति कोठीहरू छन्, कति घर कम्पाउन्ड छ, कम्पनी सरकारको कागजपत्र कति छ, यी सबै पहिले नै जान्नका लागि यतिविधि उत्ताउलो किन भइरहेछौ ? उनका नोकरहरूका अगाडि गयौ भने उभिन पनि दिनेछैनन्, कम्पनीका कागजपत्रहरूका बारेमा भलै उनले के बताउलान् ? परन्तु कुनै तरहले बडाबाबुसँग एकै पटक भए पनि भेटेर त हेर, चाहे धक्कै खाएर भए पनि किन नहोस् वा पर्खालै नाघेर भए पनि किन नहोस् । तब उनका कति ओटा घर छन्, कति बगैँचा, कपाउन्ड छ, कतिको कम्पनी कागज छ, उनले खुदै बताइदिनेछन् । मालिकसँग भेट भएपछि, नोकरचाकर, ढोके सब नमस्कार गर्न थाल्छन् । (सबै हाँस्छन् ।)

भक्त– अब बडाबाबुसँग भेट्ने पो कसरी ? (हाँसो ।)

श्रीरामकृष्ण– यसैले त कर्म चाहिन्छ । ईश्वर हुनुहुन्छ भन्दै बसिरहेर केही काम हुँदैन । कुनै प्रकारले उहाँको नजिक जानुपर्छ । निर्जनमा उहाँलाई पुकारा गर, प्रार्थना गर, दर्शन देऊ भनी-भनी व्याकुल भएर रोऊ ! कामिनी र काञ्चनको निमित्त पागल भएर हिँड्न सक्छौ त उहाँका लागि पनि अलिकति पागल भइदेऊ । मानिसहरू भनून्, "फलानो मान्छे ईश्वरका लागि पागल भएको छ । केही दिन सब कुरा छोडेर उहाँलाई एकान्तमा पुकारा गर ।"

"खालि उहाँ हुनुहुन्छ, भनेर बसिरहेर के हुन्छ ? हालदार तलाउमा धेरै ठूला-ठूला माछाहरू छन् तर तलाउको किनारामा बसिरहेर कतै माछा समात्न सकिन्छ ? पानीमा चारा हाल । क्रमशः गहिरो पानीबाट माछाहरू चारा नजिकै आउँछन्, पानीमा पनि अलिकति हलचल हुन्छ । अनि तिमीलाई आनन्द लाग्नेछ । कहिलेकाहीँ एउटा ठूलो माछाको केही भाग देखिन्छ, माछा उफ्रिन्छ, छाप्लाङ्ग पानीमा एउटा आवाज आउँछ । यी सबै देखेपछि तिमीलाई अरू आनन्द आउँछ ।"

"दूध जमाएर दही मथ्यो भने पो मक्खन आउनेछ । (महिमासँग) के खासा आपद् आइलाग्यो, यो ईश्वरलाई भेट्टाइदिनुपर्‍यो रे ! अनि आफू चाहिं चुपचाप बसिरहने ! मक्खन निकालिदिएर मुखमा राखिदिने रे ! (सबै जना हाँस्छन् ।) राम्रै आपद् आइलाग्यो, माछो समातेर हातमा राखिदिनु !"

"एउटा मानिसले राजालाई भेट्न चाहेछ । सात ढोकापछि राजाको महल छ । पहिलो ढ्यौढी पार गर्नेबित्तिकै ऊ सोध्न लाग्छ, राजा कहाँ छन् ? जुन प्रकारको प्रबन्ध हो, उसै प्रकारले सात ढ्यौढीहरू पार गर्नुपर्छ कि पर्दैन ?"

महिमाचरण– कुन कर्मबाट हामी उहाँलाई पाउन सक्छौं ?

श्रीरामकृष्ण– उहाँलाई फलानो कर्मबाट मानिसले पाउनेछ अनि फलानोबाट पाउँदैन, यो कुरा होइन । उहाँ भेटिनु उहाँकै कृपामा अवलम्बित छ । हो, व्याकुल भएर केही कर्महरू गर्दै रहनुपर्छ ।

विकलता हुँदा उहाँको कृपा हुन्छ । कुनै सुयोग मिल्नुपर्छ । चाहे साधुसँग होस् या विवेक होस् या सद्‌गुरूको प्राप्ति । कहिले यस किसिमको सुयोग मिल्छ । ठूलो दाइले संसारको पूरा भार लिइदिए वा पत्नी बिदाशक्ति या धर्मात्मा भइदिइन् वा विवाह नै भएन, यसरी संसारमा फस्नु परेन । यस प्रकारको शुभ संयोग मिलेमा काम बन्छ ।"

"कसैको घरमा कोही सख्त बिमारीमा परेको थियो, भरेभोलिको स्थिति थियो । कसैले भनिदियो, स्वामी नक्षत्रमा वर्षाको पानी मुर्दाको खप्परमा परोस्, एउटा सर्पले भ्यागुतो पछ्याउँदै रहोस् र सर्पले निल्न खोज्दा भ्यागुतो उफ्रेर खप्पर पारिपट्टि पुगोस् अनि त्यही बखत सर्पको विष त्यो खप्परमा खस्यो भने त्यो विषलाई औषधि बनाई यदि बिरामीलाई पिलाउन सकियो भने बिरामी बाँच्न सक्छ ।"

तब जसको घरमा बिमारी थियो, त्यो मानिसले दिन, मुहूर्त, नक्षत्र आदि हेरेर घरबाट निस्कियो र व्याकुल हुँदै यी सबै कतै खोज्न लाग्यो । मनैमन ईश्वरलाई पुकारा गर्दै भन्दै रह्यो, "हे ईश्वर ! तिमीले सबै जम्मा गरिदियौ भने त हुन सक्थ्यो ।" यसरी जाँदाजाँदै उसले साँच्चि नै एउटा मुर्दाको खप्पर पडिरहेको देख्यो । हेर्दाहेर्दै अलिकति पानी पनि बर्सियो । अनि उसले भन्यो, "हे गुरू ! मुर्दाको खप्पर पाइयो अनि अलिकति बर्सात पनि भयो र केही पानी खोपडीमा जम्मा पनि भएको छ । अब कृपा गरी जो एक-दुई जोग छ, त्यो पनि पूरा गरिदेऊ, हे भगवान् ।"

व्याकुल भएर ऊ सोच्दै थियो कि यत्तिकैमा उसले देख्यो, एउटा विषधर सर्प आइरहेको छ । उसलाई बडो आनन्द भयो । ऊ यत्ति व्याकुल भयो कि उसको छाती धड्कन लाग्यो र भन्न लाग्यो, "हे गुरू, सर्प पनि आयो, यति कसो योग त पूरा भयो, अब कृपा गरी जे बाँकी छ, त्यो पनि पूर्ण गरिदेऊ ।" भन्दाभन्दै एउटा भ्यागुतो पनि कहीँबाट देखियो, सर्पले भ्यागुतोलाई खेद्न लाग्यो । मुर्दाको खप्परनजिकै जब सर्पले भ्यागुतोमाथि चोट गर्ने लागेको थियो, भ्यागुतो उफ्रेर यताबाट उता पुग्यो र सर्पको विष त्यस खप्परमा खस्न पुग्यो । अनि त त्यो मानिस खुसीको मारे ताली बजाउँदै नाच्न लाग्यो ।

"यसैले त भन्छु, व्याकुलता भएपछि नै सबै कुरा हुन्छ ।"

श्रीरामकृष्णवचनामृतबाट अनुदित

अनुवादकः प्राडा. शङ्करराज पन्त, मैतीदेवी

पाशुपत क्षेत्रको पर्यावरण र यौगिक ध्वनि

– प्रा.डा. विष्णुप्रसाद दहाल

क) अभिधेय पशुपति र पाशुपत क्षेत्र

पशुपति शरीर, क्षेत्र वा रथको सञ्चालक चैतन्य शक्ति हो। अर्को अर्थमा पाश बन्धनमा बाँधिएका जीवहरूको मालिक हुनुका साथै जीवहरूका सुख दुःख, जीवन र मुक्ति, कर्म र सत्कर्मका प्रेरक अधिष्ठाता पनि पशुपति हुन् । पौराणिक मान्यता अनुसार सबै आत्माहरूको टिक्ने आधार र सबै क्षेत्रहरूमा निवास गर्ने पशुपति नै हो। सबै प्रकारका जीवहरूको बन्धन फुकाइदिने, पाशो चुडालिदिने र जीवहरूको आवरणमा रहेको घेरा वा मायालाई पन्छाइदिने पशुपति नै हुन् ।

सर्वात्मनामधिष्ठानं सर्वक्षेत्र निवासकम्।
रूपं पशुपतिर्जेये पशुपाशनिकृन्तनम्॥
(शिवमहापुराण शतरूद्रिय संहिता ११९)

मायाले बाँधिएको र मायामुक्त अवस्थालाई चित्रित गर्दा जीव र जीवेश्वर नै पशु र पशुपति हुन्। पशुपतिको स्वरूप वैशिष्ट्यले गर्दा परम आनन्दार्थीहरू, प्रेयस् र श्रेयस् दुवै हासिल गर्नको लागि पशुपतिको सान्निध्य प्राप्त गर्न प्रयत्नशील रहन्छन्। स्वरूप वैशिष्ट्य यस प्रकार छ –

ईशातः पुरुषो घोरो वामसञ्ज्ञस्तथैव च।
ब्रह्मसञ्जो महेशस्य मूर्तयः पञ्चविश्रुताः॥ (ऐ. ११३९)

पशुपति निवास गर्ने पाशुपत क्षेत्र सनातनीहरूको आस्था र एकताको प्रतीकका रूपमा विश्वविख्यात छ । किरात, लिच्छवी, मल्ल, शाह र राणाकालिक सत्ताका शीर्ष अभियन्ताहरूले निर्माण गर्न प्रेरित गरेका नेपाली सभ्यता र संस्कृतिको जीवन्त प्रतीक पाशुपत क्षेत्र; धार्मिक, सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक र अन्तर्राष्ट्रिय सम्बन्धको खुल्ला सङ्ग्रहालय हो । यहाँ प्रशस्त मठ–मन्दिर, मण्डप, आश्रम, सत्तल, पाटी, पौवा, सदावर्त, कुण्ड, अग्निकुण्ड, गुफाहरू रहेका छन्। धार्मिक आस्था प्रकट गर्न, सांस्कृतिक सम्पदा अवलोकन गर्न र अभिलेखहरूको अध्ययन गर्न यस क्षेत्रमा संसारभरिबाट मानिसहरू आउने गर्छन्। सबै बहुमूल्य आगम, देवस्थान र तीर्थहरूका संस्थापक, प्रयोगात्मक तन्त्रहरूका उपदेशक, जगत्का मालिक महाभट्टारक पशुपतिको क्षेत्र नै पाशुपत क्षेत्र हो ।

सम्पदा निर्माणमा पूर्वजहरूले प्रदर्शित गरेका उदात्त भाव पाशुपत क्षेत्रमा देख्न सकिन्छ । वास्तुकलाको वैभव मात्र होइन धर्म, संस्कृति, इतिहास र अर्थराजनीतिको सेरोफेरोमा विकसित समग्र सामाजिक अवधारणाहरू पाशुपत क्षेत्रमा नियाल्न सकिन्छ। नगर सभ्यताको विकास र विस्तार, तीर्थ पर्यटनको आरम्भ, भौतिक र अभौतिक दर्शन र विचारधाराको श्रृङ्खला पाशुपत क्षेत्रबाट पनि आरम्भ भयो । साहित्य, सङ्गीत, कला र कोषहरू यहाँबाट पनि विकसित भए। राष्ट्रको अतीत र वर्तमानको अवस्थालाई उजागर गर्ने, सामाजिक सम्वन्धहरूलाई विस्तार गर्ने पाशुपत क्षेत्रमा सनातन धर्म र संस्कृतिका विविध पक्षहरूको बोध गर्न सकिन्छ। सम्पन्न लौकिक र पारमार्थिक जीवनको खोज गर्ने सनातनीहरू पाशुपत क्षेत्रको परिभ्रमणबाट आफ्नो उद्देश्य सफल भएको मान्दछन्।

ख) पाशुपत क्षेत्रको पर्यावरण

गुप्तवासपछि मन्दिर प्रवेशका दिन बिहान वागमती किनारमा गरिएको सङ्कल्पसँगै दुर्गन्धित वागमतीलाई सुगन्धित र प्रवाहशील तुल्याउन एउटा नयाँ अभियान थाल्ने अठोट गरिएको थियो । संयोग नै मान्न पर्दछ, त्यसपछि वागमती सरसफाइ अभियानका कारण नदी किनारमा थुप्रिएका फोहोरका डङ्गुरहरू तह लगाइए । धेरै नागरिकहरू स्वतः स्फूर्त स्वयंसेवकका रूपमा वागमती सरसफाइ अभियानमा सहभागी भैसके । नेपालको समकालिक अवस्थामा सार्वजनिक सरसफाइ

अभियानमा सहभागी हुने नागरिकहरू निश्चय नै उच्च प्रशंसा र अभिनन्दनका हकदार छन् । किन्तु यतिले मात्र वागमती स्वच्छ र सफा भैहाल्ने अवस्था आउन कठिन छ । मुहानदेखि पाशुपत क्षेत्रसम्म ढलको समुचित व्यवस्थापन र अतिक्रमित नदीका दुवै किनारमा वृक्षारोपण र औषधोपयोगी जडीबुटी सार्ने तदारूकता दिन सके मात्र वागमती थप सफा र स्वच्छ बन्ने अवस्था सृजना हुन सक्छ । प्राकृतिक जलाधार क्षेत्रहरूको समुचित उपयोग र नदी जोड्ने प्रभावकारी राष्ट्रिय नीतिको निर्माण र अनुसरण भएको खण्डमा नगरसभ्यताबाट प्रताडित र अपवित्र बनेका नदीहरू स्वच्छ, सफा र पवित्र बन्न सक्छन् ।

स्वच्छ हावा स्वच्छ पानी भएको क्षेत्रमा तीर्थ पर्यटन र आध्यात्मिक साधना फलदायी हुन्छ । त्यसैले पूर्वजहरूले समृद्ध जल प्रवाह भएका नदी किनार, पहाड र हिमालयका गुफाहरूमा सांस्कृतिक सभ्यता र साधनाका केन्द्रहरू निर्माण गरे । पाशुपत क्षेत्रको पर्यावरण जोगाउन सबै मिलेर प्रयत्न गर्नु पर्ने बेला भएको छ । मृगस्थली र श्लेष्मान्तक वनमा भूक्षय बढिरहेको छ । विश्वरूपको पूर्व र उत्तरतिर बढी क्षति भैरहेको छ । पुराना वृक्षहरू ढलिरहेका छन् । नयाँ वृक्ष र वनस्पतिहरू सरिरहेका छैनन् । बृहज्जाबालोपनिषद्मा पञ्चतत्त्व वा पञ्चमहाभूत पशुपतिका रूपहरूबाट फैलिए भन्ने कुरा पाइन्छ ।

सद्योजाताद् पृथिवी
वामदेवाद उदकम्
अघोराद वहिः
तत्पुरुषाद वायुः
ईशाताद आकाशम् ।　　　-बृहज्जाबालोपनिषद् प्रथम ब्राह्मण

स्थूलावस्थाको शब्द, स्पर्श, रूप, रस, गन्ध हो कि ? स्वरूपावस्थाको गुणधर्म (कठिनपन, चिसोपन, उज्यालोपन, गतिपन, शून्यपन) हो ? सूक्ष्मावस्थाको सूक्ष्मतन्मात्रा (गन्धतन्मात्रा, रसतन्मात्रा, रूपतन्मात्रा, स्पर्शतन्मात्रा, शब्द तन्मात्रा) हो कि ? अन्वयावस्थाको विशेष प्रयत्न र अवस्थाविधि हो ? अथवा अर्थतत्त्वावस्था हो । स्थूलावस्था त बीजबाट नै उन्नत हुने हो । त्यसैले तन्मात्राहरू पशुपतिका मुहारहरूबाट उत्पन्न भए । आगम, यामल र वेदहरू यिनै मुहारहरूबाट प्रवर्तित भए भै पञ्चमहाभूत र तिनका फरकफरक पाँच प्रकृतिहरू पनि पशुपतिबाट आविष्कृत भए । पाशुपत क्षेत्रको पर्यावरण जति शुद्ध र पवित्र हुन्छ त्यति नै ध्यान र धर्मको गहिराइमा पुग्न सहज हुन्छ । दुर्गन्ध र कोलाहल बढेको खण्डमा अस्थिरता फैलिन्छ ।

पाशुपत क्षेत्रको जल, जमीन र आकाशमा प्रदूषण बढिरहेको छ । बालुवा चोरी निकासी र भूक्षयको प्रकोप बढिरहेको छ । माटो, हावा, पानी लगायत प्रकृतिका तत्त्वहरू उपेक्षित बन्दै गए भने, पयर्यावरण सम्बद्ध विषयहरू सम्हालिन सकेनन् भने धर्मको गरिमा सङ्कुचित बन्दै जाने कुरालाई हामीले हेक्का राख्न सक्नु पर्छ । मानव जातिले विकास गरेका संरचनाहरूले प्रकृति र पर्यावरणलाई हानि पुऱ्याउँदा संस्कृति कृत्रिमतातिर बढ्छ । वागमतीको पानी विषमा परिणत भैरहेको छ । सामाजिक, सांस्कृतिक र धार्मिक व्यवस्थाहरू प्रकृतिको अनुकूल हुने गरी सञ्चालित हुन सके मात्र लौकिक र पारलौकिक उपलब्धिहरू मूर्त हुन्छन् ।

ग) दर्शन र उपदेश

उषाकालपछि प्रभात फैलिरहँदा रात्रीकालिक अन्धकार हटे जस्तै अज्ञानबाट उत्पन्न दुःखहरू ज्ञानको उदयपछि छुट्दैजान्छन् । ज्ञान वस्तुतत्त्वको परिच्छेदक हुन्छ । वस्तु तीन प्रकारका हुन्छन्- अजड जीव, जड प्रकृति र दुवैको नियन्ता । यिनैलाई पशु, पाश र पशुपति भनिन्छ र अक्षर, क्षर र क्षराक्षर तत्त्वकै प्रकारहरू हुन् । अक्षर पुरूष, क्षर प्रकृति र प्रेरक पशुपति । माया नामको प्रकृति, मायाले ढाकिएको पुरूष, मल र कर्मबन्धनले नछेक्ने पशुपति । तिनै सदाशिव पशुपतिको बोध र अनुभूति बढ्दा दुःखहरूको निवृत्ति हुन्छ । आखिर दुखान्त पनि त जीवनको लक्ष्य हो । पाश बन्धनबाट छुटकारा र आनन्दको प्राप्तिका लागि पशुपतिमा परम निष्ठाको समर्पण भाव प्रकट गर्ने गरिन्छ ।

दर्शनका हिसावले ऐतिहासिक लकुटपाणिद्वारा प्रवर्तित पाशुपत सूत्रहरू प्रसिद्ध छन् । शिवको अठ्ठाइसौं योगवतार लकुलीशको हातमा वर्णन भए अनुसार रूद्रदण्ड र मातुलिङ्ग रहन्थ्यो । पाशुपत दर्शनलाई व्याख्या र विश्लेषण गर्नेहरू पञ्चार्थ दर्शनका रूपमा पनि परिभाषित गर्दछन् । कतिपय विद्वान्हरूको मान्यताअनुसार

बादरायणको ब्रह्मसूत्रमा चर्चामा आएको महेश्वर मत नै आचार्य शङ्करको पञ्चार्थ दर्शन हो । लकुलीश प्रवर्तित पाशुपत दर्शन नै पञ्चार्थ दर्शन बन्दै पाशुपत शैव दर्शनका रूपमा विकसित भयो । लकुलीशद्वारा प्रवर्द्धन गरिएको पाशुपत धर्मदर्शनलाई नै नैयायिक पाशुपतहरूले सर्वाधिक महत्त्वपूर्ण बनाइदिए । प्रमाणको रूपमा भासर्वज्ञ कृत गणकारिका टीकालाई साक्ष्यको रूपमा प्रस्तुत गर्ने गरिन्छ । पछि यसमा नवगणका ज्ञाता र संस्कारकर्ताहरू पनि सामेल भए मूलरूपमा पाशुपत शैव दर्शनलाई पञ्चार्थ भन्नुको तात्पर्य पाँचओटा आधार तयार भएर हो । ती हुन्- कार्य, कारण, योग, विधि र दुखान्त ।

आम्नायको उपदेश सदाशिव पशुपतिले नै गरेका हुन् भन्ने वचनहरू भेटिन्छन् । विद्या र कुल वंश परम्पराबाट चलिआएको चालचलन सरसल्लाह र उपदेश नै आम्नायका स्रोत र प्रकारहरू हुन् । तन्त्र, मन्त्र र यन्त्रका विधिहरू पनि यसभित्र पर्दछन् । परम्परागत साधनाका सिद्धान्त र विधिहरूको वर्णन र अभ्यासको उठान आम्नायभित्र भएको छ । वेद, ब्राह्मण उपनिषद्हरूमा रहेको साधना मार्गलाई आम्नायमा स्पष्ट गरिएको छ । पूर्वाम्नाय, पश्चिमाम्नाय, दक्षिणाम्नाय, उत्तराम्नाय र ऊर्ध्वाम्नाय गरी पाँच मुख्य आम्नाय रहेपनि वर्णन र व्याख्या भेदका आधारमा कुलार्णव तन्त्र आदिमा यसका अरू भेदहरू पनि भेटिन्छन् जस्तै अधराम्नाय, इशानाम्नाय, आग्नेयाम्नाय, नैमृत्याम्नाय, व्यायव्याम्नाय । भुक्ति र मुक्तिको तान्त्रिक मार्ग र मन्त्रविधि सहितको शिक्षा नै आम्नायको नामले परिचित छ । शिक्षा र साधनाको अभ्यासका आधारमा पूर्वापर भावले आम्नायका भेदहरू देखिन्छन् । पशुपतिका पाँच मुखबाट पाँच आम्नाय उत्पन्न भए । उपदेशका माध्यमले प्रकट भए ।

मम पञ्चमुखेभ्यश्च पञ्चाम्नायाः समुद्गताः -कुलार्णव तन्त्र

सदाशिव महाभट्टारक पशुपतिले उपदेश गरेका यिनै आम्नायहरूलाई आधार मानेर परम्परा र शास्त्र व्याख्याको उद्देश्य लिँदै आचार्य शङ्करले पीठहरू पनि स्थापना गरेका थिए । श्रुति, वेद र आम्नायलाई एउटै श्रेणी र प्रकारमा समेटिएको पनि पाइन्छ ।

'श्रुतिः स्त्री वेद आम्नायस्त्रयी' -अमरकोष शब्दादिवर्ग ३

धर्म र अधर्मको उपदेश विषयक आम्नायहरू कतिपय सन्दर्भमा वेदभन्दा प्राचीन छन् भनेर पनि व्याख्या हुन्छ । आम्नायमा वर्णन गरिएका वैदिक धर्म दर्शनका विषयहरू, परम्परा प्राप्त प्रथा प्रचलनहरू सबै उपदेश कै रूपमा प्रकट भए । आम्नायेभ्यः पुनर्वेदाः प्रसृताः सर्वतोमुखाः आदि वचनबाट पनि आम्नायको प्राचीनता र पशुपतिको उपदेशका रूपमा स्पष्ट बुझ्न सकिन्छ । जुन ध्येय र विश्वासमा दर्शन र उपदेशको आरम्भ भएको हुन्छ, त्यसमा बीजरूपमा प्रकृति, पर्यावरण र त्यसबाट पाइने ध्वनि (लौकिक वा अलौकिक ध्वनि) पनि सम्मिलित हुन्छ । पूजा, ध्यान र साधनासँग सम्बन्धित यौगिक विधिहरूमा त अझ स्पष्ट र गहन बनेर प्रकट हुन्छ ।

घ) पशु र पशुभाव

भाव र बन्धन कतिपय ठाउँमा एउटै र केही ठाउँमा दुई फरकफरक रूपमा देखिन्छन् । तन्त्रमा पशुपाशको चर्चा छ । संसाररूपी अस्थिर पीडालय र यसभित्र पाइने कठोर यातनाको पूर्ण विराम एवम् अमृत स्वभावले भरिएको दिव्य ज्ञान हासिल गर्ने उपायहरूको परिचचर्चा र खोज समेत तन्त्रमा भएको छ । शिवाथर्वशीर्षमा पनि पशुपाशको बीज भेटिन्छ ।

पशुपाशविनाशाय दिव्यज्ञानोपलब्धये -गन्धर्वतन्त्र ३५/३१

पशुपाशविमोक्षणाय -शिवायर्वशीर्ष ५

तन्त्रमा साधकको उपासनाविधिसँग सम्बन्धित तीनथरी भावहरूको चर्चा भेटिन्छ । दिव्यभाव, वीरभाव र पशुभाव । नियम, निष्ठा र आचार व्यवहारले उपासकको विशिष्टतालाई सङ्केत गर्ने भएकाले भाव अनुसार आचारको पनि उल्लेख पाइन्छ । दिव्यभाव अनुसारको दिव्याचार, वीरभाव अनुसारको वीराचार र पशुभाव अनुसारको पश्वाचार । सन्दर्भ अनुसार अनुशासनका आआफ्नै अर्थहरू छन् । पुरश्चर्यार्णवमा पशुदीक्षाबाट दीक्षित भएर वा पशुविद्या ग्रहण गरेर पशुभावमा तत्पर रही साधनाका चरण पार गर्ने विषयलाई महत्त्वका साथ उठान गरिएको छ । दीक्षा, भाव र विद्या प्रयोग गर्दा शुद्ध र सात्विक मनको अर्थ लाग्छ भने केवल पशुशब्दको प्रयोग गर्दा अज्ञात र विवेकहीन अर्थ लाग्छ ।

पशवो दूरतस्त्याज्याः -गन्धर्वतन्त्र २२/९३

ज्ञान र परोपकारले हीन, अरूलाई डस्ने, भोगमार्गी र शब्दबीजको जानकारी नराख्ने प्राय जनहरू पशु हुन्छन् ।

ज्ञान पुण्यविहीनास्तु पिशाचा भोगततपराः ।
पशुप्रायजना म्लेच्छाः ऐ. १५/४१

बोध भएपछि बन्धनको अस्तित्व रहँदैन । कदाचित् रहेपनि प्रभाव निस्तेज हुन्छ । मुक्त हुन सक्ने सामर्थ्य ओझेलमा परेको, चिन्तन र चरित्रले गर्दा बाँधिएको र बन्धनको भावदशामा रूमल्लिएको मनुष्य जीव पशु हुन्छ । पशु अनेकन् सन्दर्भहरूसँग जोडिन्छ । किन्तु पशुभाव विचार, चालचलन, आहार र विहार सम्बद्ध नियमहरूको परिपालनसँग सम्बन्धित छ । वैयक्तिक साधना र सांस्कृतिक अभ्यासमा आलस्य, लोभ, मोह, मद, मात्सर्य अतिभोग परित्याग गर्नै पर्छ । ईर्ष्या, आत्मप्रशंसा र परनिन्दा पनि छोड्न सक्नु पर्छ ।

आलस्यमदसम्मोहशापपैशुन्यविग्रहान्
असूयमात्मसम्मानं परनिन्दाञ्च वर्जयेत् ॥

ङ) यौगिक ध्वनि

रूढ वा परम्परागत शब्द व्युत्पत्तिका हिसाबले मात्र यस सन्दर्भलाई उद्धृत गर्न प्रयत्न गरिएको होइन । व्युत्पत्ति अनुसार निश्चित अर्थ दिने शब्दलाई मात्र सङ्केत गरेर पनि यसलाई समेट्न खोजिएको होइन । यद्यपि व्युत्पत्तिगत अर्थ हेर्दा प्रकृति र प्रत्यय मिलेर बनेको व्युत्पन्न शब्द भन्ने अर्थ लाग्छ । संस्कृत काव्यशास्त्रको प्रमुख र प्रौढ सिद्धान्तलाई वा व्यञ्जनावृत्तिबाट बोध हुने अर्थ समेट्नका लागि मात्र यौगिक ध्वनिको चर्चा गरिएको होइन । लोकमा ध्वनिरूप शब्दबाट अर्थबोध गर्ने अभ्यास चलिआएको छ । कानले सुनिने गरी मुखबाट उच्चारण हुने ध्वनिरूप शब्दका माध्यमले अर्थको बोध हुन्छ । लोक व्यवहारमा वर्गरूप ध्वनि समूहलाई नै शब्द मानिएको छ । महाभाष्यकार पतञ्जलिले निष्कर्षमा ध्वनिलाई नै शब्द स्वीकार गरेका छन् ।

तस्माद ध्वनिः शब्दः (महाभाष्य प्रथमाहिक)

वेद देखिएको हो, सुनिएको हो वा लोककथाहरूबाट रूपान्तरित गरिएको हो । यी विषयमा फरकफरक धारणाहरू छन् । सबै पक्षमा प्रवेश गरेर विश्लेषण गर्ने उद्देश्य होइन । वेद मनुष्यकृत होइन । वेद मानिसले रचना गरेको ग्रन्थ होइन । वेद मानिसले देखेका विषयहरूको सङ्ग्रह हो भन्ने मान्यता प्रबल छ । सभ्यताको आरम्भिक कालमा परमात्मा पशुपतिका मुखहरूबाट वेद प्रकट भयो । शुद्ध पर्यावरण र प्रकृतिको सन्निकट रहेर साधना गर्दा महर्षिहरूले पशुपतिका मुखहरूबाट प्रकट भएको वेदलाई सुने । यसर्थ हामीले पढेका वेद वेदाङ्ग, बीज, यामल, आगम र मुख्य तन्त्रहरू उनका बीज तत्त्वहरू सबै यौगिक ध्वनि हुन् ।

पवित्र नदी, जलाशय, सरोवर र पावन तीर्थक्षेत्रहरूमा ऋषि मुनि महर्षिहरूले यौगिक ध्वनिका माध्यमले ती वाङ्मयका विषयहरूलाई ग्रहण गरे । साधना र तपोबलको सहारा लिएर उनीहरूले तिनलाई लिपिबद्ध गरे । श्रुतिका विषयहरू यौगिक ध्वनिका माध्यमले प्रकट भए । पर्यावरण जति स्वच्छ र पवित्र हुन्छ, त्यति नै आध्यात्मिक साधना अघि बढाउन सहज हुन्छ । केवल भौतिक संरचना निर्माण गरेर, व्यापारिक प्रयोजनलाई मात्र दृष्टिमा राखेर साधनाका क्षेत्रहरू समुन्नत बन्न सक्दैनन् । प्रकृति र पर्यावरणमैत्री सम्पदा स्थलहरूको विकास र विस्तार गर्न सके शान्ति र आत्मिक समृद्धिको उद्घाटन र प्रवर्द्धन सम्भव छ । त्यसै दिशामा पाशुपत क्षेत्रका योजनाहरू केन्द्रित हुनु पर्छ ।❖

-वाल्मीकि विद्यापीठ, प्रदर्शनीमार्ग, काठमाडौं
उहाँ श्रीपशुपतिनाथका मन्दिरका पूर्व अर्चक (भट्ट) हुनुहुन्छ ।

श्रीरामकृष्णवचनसुधा
नेपालीमा !

श्रीरामकृष्ण परमहंसको दैनिकीमा आधारित आध्यात्मिक ज्ञानको बहुउपयोगी पुस्तक 'श्रीरामकृष्णवचनामृत'को नेपाली संस्करण



श्रीरामकृष्ण वचनसुधा प्रकाशन भएको छ । पुस्तक प्राप्तिको निम्ति सम्पर्क गर्नुहोला–

श्रीरामकृष्ण आश्रम, नेपाल
ज्ञानेश्वर काठमाडौं,
मो. ९८६२५९६५७२

एक पवित्र आध्यात्मिक धरोहर

श्री नृसिंह धाम क्षेत्र

नेपालको धादिङ जिल्लास्थित त्रिपुरासुन्दरी गाउँपालिका अन्तरगत सल्यानटारको काखमा अवस्थित श्री नृसिंह धाम क्षेत्र केवल एक धार्मिक स्थल मात्र नभई ऐतिहासिक, पुरातात्त्विक र सांस्कृतिक दृष्टिले पनि एक अद्वितीय तीर्थस्थल हो। बुढीगण्डकी (प्राचीन नाम यशोधरा) र नेत्रावती (आँखु खोला) नदीको संगममा अवस्थित यो भूमि भगवान् श्री नृसिंह देवको लीला भूमि तथा भक्त प्रल्हादको तपोभूमिका रूपमा चिनिन्छ।

स्कन्दपुराणको हिमवतखण्ड, विशेष गरी 'हिरण्यकशिपुवधो' नामक अध्यायमा उल्लेख भएअनुसार, देवताहरूको कष्ट देखेर द्रवित हुनुभएका भगवान् विष्णुले विश्वधारामा स्नान गरी अद्भूत नृसिंह स्वरूप धारण गर्नुभयो। त्यही स्थानमा भगवान्ले हिरण्यकशिपुको वध गरी भक्त प्रल्हादको रक्षार्थ लीला गर्नुभयो। यो स्थानमा नारद मुनिले प्रल्हादलाई उपदेश दिएको, प्रल्हादले तपस्या गरेको र अन्ततः भगवान्को कृपा प्राप्त भएको वर्णन पाइन्छ। त्यसैबेलादेखिनै यो स्थल "भू-वैकुण्ठ" को उपाधिले विभूषित हुँदैआएको छ।

श्री नृसिंह धाम क्षेत्रमा गरिएको उत्खननबाट प्राचीन ईंटा, ढुंगाका अवशेष, शिलालेख र सिक्काहरू भेटिनुले यो स्थानको ऐतिहासिक अस्तित्व पुष्टि गर्दछ। विशेषगरी उत्खननका क्रममा २०३५ साल भन्दा अघिका दुई पाथीभन्दा बढी प्राचीन सिक्काहरू प्राप्त हुनुले यो स्थानमा हजारौं वर्ष पुरानो सभ्यता र भगवान्को वास रहेको प्रमाणित गर्दछ।

यहाँ प्रत्येक महिनाको शुक्ल चतुर्दशी र कृष्ण चतुर्दशीका दिन विशेष नृसिंह यज्ञ र अभिषेक आयोजना गरिन्छ। भक्तजनहरू तुलसीदल, दीपदान र पत्रपुष्पद्वारा भगवान्को आराधना गर्छन्, जसले समस्त विघ्नबाधा हटाई मनोकामना पूरा हुने जनविश्वास रहिआएको छ। विशेष गरी वैशाख शुक्ल चतुर्दशीमा (नृसिंह चतुर्दशी) हजारौ भक्तजनको उपस्थितिमा भव्य अनुष्ठान आयोजना हुन्छ।

करिब छ सय रोपनी क्षेत्रमा फैलिएको नृसिंह धाम परिसरमा मन्दिरसँगै गुरूकुल भवन, छात्रवास, अतिथि गृह, सन्त निवास, गौशाला लगायतका संरचना रहेका छन्। चारैतिर प्राकृतिक बन, पवित्र वृक्षहरू (बर, पिपल, पारिजात, धूपी आदि) तथा नदीहरूले घेरिएको यो स्थान सौन्दर्य र शान्तिको अद्वितीय संगम हो।

"शिक्षामा संस्कार अनि नविन आविष्कार" भन्ने ध्येय वाक्यका साथ श्री रूपानुगा परा विद्यापीठ सञ्चालनमा रहेको छ। संस्कृत, वेद, धर्मशास्त्रसँगै गणित, अंग्रेजी, विज्ञान, कम्प्युटरको शिक्षालाई जोड दिइएको छ। गुरूकुलमा हाल विभिन्न जात समुदायका ६१ जना छात्रहरू निःशुल्क आवासीय रूपमा अध्यनरत छन्, जसले नेपालको पहिलो समावेशी आधुनिक वैदिक गुरूकुलको स्वरूप प्रदान गर्छ।

"गावो विश्वस्य मातरः" शास्त्रको यस भनाइलाई आत्मसात गर्दै नेत्रावती किनारमा दिव्य गौशाला स्थापना गरिएको छ। यहाँ नियमित गौसेवा, दुग्ध उत्पादन र जैविक कृषि समेत संचालनमा छन्, जसले धार्मिकतासँगै पर्यावरण संरक्षणको अभ्यास पनि सिकाउँछ।

श्री नृसिंह धाम क्षेत्रमा एकै स्थानमा द्वादश ज्योतिर्लिङ्गहरूको स्वरूपमा दर्शन गर्न सकिन्छ, जसमा सोमनाथदेखि काशी विश्वनाथ र केदारनाथसम्म समावेश छन्। यसैगरी, नर्मदेश्वर लिङ्गम, पशुपतिनाथ र कैलाश दर्शन पनि सम्भव छ।

मन्दिरको दक्षिणतर्फ नागदेवताको वास रहेको छ। यहाँ अनन्तदेव, वासुकी आदिको पूजनले रोग, बाधा, सर्पदंश र भूमि सम्बन्धी दोषहरू हटाउने विश्वास गरिएको छ। ऐतिहासिक दृष्टान्त अनुसार, यहाँ देखिने सेता र काला नागहरू नित्य पूजित छन्। यहाँका अन्य स्थानहरू पनि नृसिंह भगवान्को लीलासँग सम्बन्धित छन्- सल्यानटार शिरमा प्रह्लादलाई बाँधिएको स्तम्भ, अग्निचोकमा होलिकाको दहन, हेपिंगे खोलामा हात पखालिएको स्थान आदि। साथै, त्रिपुरासुन्दरी माई, दुग्धनाथ महादेव, पाँचधारे, सिद्धेश्वर शिवालय आदिको दर्शनले पनि यस क्षेत्रको धार्मिक महत्त्वलाई अझ बलियो बनाउँछ।❖

बुबा स्वर्गीय देवीलाल जोशी र आमा ओमकुमारी जोशीको पुत्ररत्नको रूपमा डोटी के. आई. सिंह गाउँपालिकामा जन्मनुभएका सुभाष चन्द्र जोशीको प्रारम्भिक शिक्षा इलामबाट भएको हो भने उच्च शिक्षामा उहाँले पोखरा विश्व विद्यालयबाट एम.एस्सी.; त्रिभुवन विश्व विद्यालयबाट सोसोलोजीमा एम.ए. र एम.पी.ए. गर्नुभएको छ । एक वर्ष अगाडि २०८१ साल असार १७ गते खुल्ला प्रतिस्पर्धाबाट पशुपति क्षेत्र विकास कोषको कार्यकारी निर्देशकमा नियुक्त हुनुभएका उहाँले यही २०८२ साल असार १७ गतेबाट कोषको निमित्त सदस्यसचिवको जिम्मेवारी प्राप्त गर्नुभएको छ । कार्यालयलाई व्यवस्थापन र सम्पूर्ण कोषलाई समन्वय गर्ने जिम्मेवारी वहन गर्नुभएका सुभाष चन्द्र जोशीसँग पशुपति क्षेत्र विकास कोषको वर्तमान अवस्था र चुनौतिको विषयमा सम्पादक अर्जुन लामिछानेले गर्नुभएको कुराकानीको महत्त्वपूर्ण अंश तल प्रस्तुत गरिएको छ ।

ऐनको परिमार्जन पछि कोषले सकारात्मक गति लिन्छ ।

- सुभाष चन्द्र जोशी, निमित्त सदस्यसचिव, पशुपति क्षेत्र विकास कोष

पशुपति क्षेत्र विकास कोषको कार्यकारी निर्देशकको रूपमा एक वर्ष बिताइसक्नुभएको छ । यहाँले पहिला सोच्नुभएको पशुपति क्षेत्र र अहिले भोग्नुभएको पशुपति क्षेत्रमा केही फरक पाउनु भयो ?

पशुपति क्षेत्र स्वरूपमा त उस्तै नै देखिन्छ । तर भोगाइको हिसावले चाहिँ अत्यन्त फरक हुने रहेछ । एउटा भक्त या सम्पदाको शुभचिन्तकको रूपमा यहाँको दर्शन गर्नु, विचरण गर्नु र यसको सम्पूर्ण रूपमा प्रशासकीय जिम्मेवारी लिएर तद्तद् कुरामा हरेक पल त्यसलाई भोग्नु त एकदम फरक छ । हाम्रा केही जटिलता पनि रहेछन् र केही सरलता पनि रहेछन् । केही सरल कुरालाई हामीले जटिल बनाएका रहेछौं । र, नीतिगत कुराहरूमा, ऐन, कानूनका कुराहरूमा पनि हामी केही पछि पछि पर्दै गएका रहेछौं । त्यसकारणले भोगाइ चाहिँ अलि भिन्न छ ।

नीतिगत कुरा उठाउनु भयो, कार्यकारी निर्देशक जो अरुले बनाएको नीति लागु गर्ने व्यक्ति तर अहिले विशेष परिस्थितिमा सदस्यसचिवमा (नीति बनाउने स्थानमा आउनु) भएको छ, यो अवस्थामा केही नीतिगत सुधारको पनि पहल गर्नुहुन्छ कि ?

पशुपति क्षेत्र विकास कोषका नीतिगत कुरामा केही कमीकमजोरी अवश्य छन् । विशेष गरेर मानव संशाधन पक्षलाई नै लिन सकिन्छ । विकास कोषमा पाँच वटा जुन महाशाखाहरू छन्, त्यसका प्रमुख, निर्देशकको तहमा रहनुभएका कर्मचारीहरू हामीसँग नभएको अवस्था छ । त्यो पदमा रहनुभएका कर्मचारी साथीहरू यस अगाडि उमेर हदका कारण या अन्य कारण अनिवार्य अवकासमा जानुभएपछि ती महाशाखाहरूमा जनशक्ति अभाव भएको हो । २०६२/६३ सालदेखि नै यो पदपूर्ति प्रक्रिया अवरूद्ध भएको देखिन्छ । त्यसले गर्दा जाने साथी जाँदै गर्नुभयो तर नयाँ साथी आउनुभएन । जुन करार ज्यालादारीमा हामीले कर्मचारी राख्दैआएका छौं, त्यसले समस्याको दीर्घकालीन समाधान भएन ।

अर्को कुरा, ऐनमै पनि २०४४ सालमा जुन प्रकारको परिस्थिति थियो अहिले पृथक छ । समय सापेक्ष रूपमा कतिपय कुराहरूमा सुधार आवश्यक छ । सुखद पक्ष चाहिँ के छ भने नीतिगत कुराहरूमा सुधार गरी कार्यान्वयन गर्ने अभिभारा ममा नै छ । अहिले हाम्रो कर्मचारी विनियमावली संसोधनको प्रक्रिया अर्थ मन्त्रालयमा पुगेर फेरि हाम्रो संस्कृति मन्त्रालयमा आउने चरणमा छ । सम्भवतः सबै कुरा अनुकूल भयो भने केही महिनाभित्रैमा हामी त्यस परिवर्तित विनियमावली कार्यान्वयनमा ल्याई सोही अनुसार कर्मचारी पदपूर्तिको प्रक्रियालाई अगाडि बढाउन सक्षम हुनेछौं । अर्को, हाम्रो ऐन पनि लगभग ड्राफ्ट भएर बसेको अवस्था छ । र, त्यसलाई पनि अध्यक्षज्यू (माननीय मन्त्री)सँग समन्वय गरेर अगाडि बढाउने र त्यसले फेरि गाइड गर्ने हाम्रा कार्यविधिहरू बनाउनु पर्नेछन् ।

विकास कोषको कार्यक्षेत्र अत्यन्तै बृहत रहेछ । यहाँका जग्गाहरूको कामदेखि लिएर पौराणिक पूजाका काम, अन्तिममा गरिने किरियाकर्मको कामसम्म सबै कुराहरू, एक प्रकारले भन्दा जीवनका सबै पाटोहरू जोडिने भएको हुनाले हामीले नीतिगत रुपमा नै ती विषयहरू सम्बोधन गरी अघि बढ्नुपर्नेछ ।

भनेपछि कर्मचारी पदपूर्तिका कुरा ऐन र नियमावली बनिसकेपछि मात्रै अघि बढ्ने भयो ?

हजुर । अहिले कतिपय कुराहरू समय सापेक्ष छैनन् । कतिपय कुराहरू संविधानसँग बाझिएको जस्तो देखिन्छ । जस्तो संवैधानिक नियोगहरू, लोकसेवा आयोग एकातिर छ, हाम्रो कर्मचारी नियुक्ति प्रकृया अर्कैतिर छ । यो कर्मचारी विनियमावली पास हुने बित्तिकै पदपूर्तिमा जान हामीलाई सहज हुन्छ । र, त्यसले हामी योग्य मानव शक्ति दिगो रूपमा लिन सक्छौं । जुन कोषको लागि कोसे ढुङ्गा हुन्छ ।

यसै प्रसङ्गमा एउटा अर्को प्रश्न जोड्न मन लाग्यो। यहाँ (विकाश कोषमा) एउटा पदमा कर्मचारी प्रवेश गरिसकेपछि आफ्नो सेवा अवधिभर यसै पशुपति क्षेत्रमा मात्रै सेवारत रहने प्रावधान छ । यस्ता कर्मचारीहरुलाई सरकारद्वारा गठित अन्य विकास क्षेत्रहरुमा स्थानान्तरण गर्न सकिन्न ?

मैले यहाँको प्रश्नको आशय बुझे । यो विषयमा समयसमयमा कुराहरू उठ्ने गरेका पनि हुन् । पशुपति क्षेत्र विकास कोष, लुम्बिनी विकास कोष, बृहत्तर जनकपुर क्षेत्र विकास कोष यी सबै एउटै मन्त्रालय अन्तर्गतका जस्ता देखिन्छन् । यहाँका कर्मचारीलाई किन अर्को विकास कोषमा सरूवा गर्न नहुने ? एउटा तरिकाले यो आवाज उठ्छ । तर यसको जटिलता के छ भने हरेक क्षेत्र विकास कोष उसको आ–आफ्नै ऐनद्वारा निर्देशित छ । हामी आफ्नै ऐनद्वारा निर्देशित छौं । एउटै ऐनले तीनवटैलाई निर्देशित गर्‍यो भने त्यो सायद सम्भव होला । मैले अहिले सतही रूपमा बुझ्दाखेरि हामी आआफ्नो ऐनले निर्देशित भएका स्वायत्त निकाय भएको कारणले गर्दा प्राविधिक रूपमा तुरुन्तै नै यो सरूवाका कुराहरू सम्भव नहुन सक्छ । हजुरले भन्नुभएको एउटा व्यवहारिक कुरा चाहिँ यो विषयमा कतै छलफल गर्नुपर्छ भन्ने पाटो देखिन्छ ।

पदपूर्तिको निम्ति अब लोकसेवालाई जिम्मा दिने मनस्थिति बनेको हो र ?

निजामती कर्मचारीको जस्तो सम्पूर्ण रूपमा लोकसेवालाई नै जिम्मा लगाउने नभई लोकसेवाको संलग्नतामा विनियमावलीले नै निर्देशित गरे अनुरूप पदपूर्तिका प्रक्रियाहरू गर्नुपर्छ । जस्तो कार्यकारी निर्देशकको नियुक्तिको पनि एउटा आफ्नो प्रक्रिया थियो र त्यही अनुरूप भएको हो त्यस्तो खालको प्रकृयामा जानुपर्छ । लोकसेवाका प्रतिनिधि सहितको सहभागितामा खुला प्रतिस्पर्धाद्वारा पदपूर्तिमा जानुपर्दछ र गइन्छ ।

विकास कोषमा कामको सिलसिलामा केन्द्रीय तथा स्थानीय सरकार, स्थानीय वासिन्दा, पुरातत्व विभाग लगायतसँग समन्वय गरेर अगाडि बढ्नुपर्ने हुन्छ। समन्वयका सन्दर्भमा कतिको कठिनाइ भोग्नुभएको छ?

यहाँको प्रमुख जटिलता मानव संसाधन व्यवस्थापनको रहेछ । अर्को, अन्तर निकाय सम्बन्धका कुरा, यो पनि निकै महत्त्वपूर्ण रहेछ । यिनीहरू बीच समन्वय नभएसम्म हामी एक्लैले कुनै पनि कार्य पूरा गर्न सक्दैनौं । जस्तो, यो विश्व सम्पदा सूचीमा परेको क्षेत्र हो । यहाँका हरेक कुराहरूमा स्वभाविक रूपमा पुरातत्त्वको समन्वय र उहाँहरूको सहभागिताको आवश्यकता देखिन्छ । त्यसै गरेर यो क्षेत्र काठमाडौं महानगरपालिकाको आठ नम्बर वडा अन्तर्गत पर्छ । उहाँहरूको समन्वय पनि आवश्यकता पर्दछ । सुरक्षा, सरसफाइ साथै सम्पदा संरक्षणका कामहरू लगायत अन्य अन्य कुराहरू पनि मिलेर नै गर्नुपर्ने हुन्छ । तर अहिले चाहिँ हामी अन्तर निकाय सम्बन्धमा थोरै कताकता हराएको हो कि भन्ने देखिन्छ । पछिल्लो चरणमा हामी उहाँहरूसँग प्रगाढ सम्बन्ध बनाउने र पशुपति क्षेत्र खाली पशुपति क्षेत्र विकास कोषको मात्र होइन यो सबैको हो र सबैले मिलेर गर्नुपर्दछ भन्ने गरेका छौं ।

अहिले हामीले नीतिगत रूपमै अन्तर निकाय सम्बन्धलाई स्थापित गर्न खोजिरहेका छौं । उदाहरणको लागि यसभन्दा अगाडि टेन्डर अथवा कोटेसन आह्वान गरेर प्राइभेट फर्महरूमा गर्ने छपाइका कामहरू हामी अहिले माननीय मन्त्रीज्यूको निर्देशन र अभिभावकत्वपछि

हाम्रै मन्त्रालय अन्तर्गतको नेपाल प्रज्ञा प्रतिष्ठानबाट गर्दैआएका छौं । छापाको सम्पूर्ण काम त्यहाँ जान्छ । हाम्रा आइटी सम्वन्धी सबै कामहरूका लागि एनटिसीसँग समन्वय गर्दछौं । विज्ञापन एवम् प्रचारप्रसारका काम पनि नेपाल टेलिभिजन र रेडियो नेपाल जुन संयुक्त रूपमा एक भएको छ उहाँहरूसँग समन्वय गरेर गर्ने प्रयास गरेका छौं ।

मैले आफूले अनुभव गरेको छु कि अन्तर निकायको सहकार्यमा काम गर्दा पारदर्शिता पनि हुने रहेछ । त्यसैगरी त्यसमा विश्वसनीयता पनि आउने रहेछ । किनकि ती निकाय आफै जवाफदेही पनि हुन्छन् । त्यही भएर स्थानीय लेवलमा गर्नुपर्ने अन्तरनिकाय समन्वय पनि एउटा छ र वृहतरूपमा गर्नुपर्ने अर्को छ । हामीले गर्न चाहिँ खोजिरहेका छौं । शुरूवात पनि गरेका छौं, राम्रै छ ।

कोषको कार्यशैली नजिकबाट नियाल्दा के देखिएको छ भने सञ्चालक समितिमा आउने कुनै पनि पदाधिकारीले अघिल्लो कार्यकालका पदाधिकारीको योजना र कार्यक्रमलाई निरन्तरता दिदैनन् । यसको मुख्य कारण गुरूयोजनाको पालना नगर्नु हो जस्तो लाग्छ । अहिले गुरूयोजना कहाँ पुगेको छ ? लागु गर्ने सम्भावना कत्तिको छ ?

यहाँले अत्यन्तै महत्त्वपूर्ण प्रश्न राख्नुभयो । हाम्रो परिषद्ले गुरूयोजना पास गरिसकेको छ । त्यसैको गाइडलाइनमा रहेर काम गर्दा पुग्छ । गुरूयोजनालाई क्याविनेट(संसद)बाट पास गर्नु पर्दछ भनेर हामीले मन्त्रालयमा पेश गरिसकेका छौं । कोषको विषम परि स्थिति र चाड पर्वको कारणले पनि बीचमा केही ढिलाइ भएको छ । राष्ट्रिय योजना आयोगमा संस्कृति हेर्ने माननीय गङ्गादत्तज्यूले पनि रूचिपूर्वक हेरिरहनुभएको छ । सम्भवतः केही दिनमा नै हामी सरोकारवालाहरूसँग बसेर गुरूयोजना प्रस्तुत पनि गर्नेछौं । मन्त्रालयले क्याविनेटमा पास गराउने प्रकृया गर्नेछ ।

प्रसंग बदलौं, साउन महिना लाग्दैछ, पशुपतिनाथ मन्दिरमा भक्तजनको सहज दर्शनको निम्ति कस्तो व्यवस्था गरिंदैछ ?

हामीले असार २६ गते स्वयंसेवकहरूसँग, सुरक्षा निकायका अधिकारीहरूसँग, यहाँको सामुदायिक प्रहरी, पर्यटक प्रहरी, अनुसन्धान विभाग तथा वित्तीय संघसंस्थाहरू, सरोकारवाला संघसंस्थाहरू सबैसँग हाम्रा परिषद् सदस्य सहित एउटा भेलाको आयोजना गऱ्यौं । त्यसले एकखालको गाइडलाइन दिएको छ । सबै निकाय तथा संघसंस्थाको भूमिका र जिम्मेवारीको सम्बन्धमा औपचारिक एवम् अनौपचारिक छलफलमा हामी लागिसकेका छौं ।

मन्दिर दर्शनको लाइन व्यवस्थापनसहित अन्य व्यवस्थापनको सम्बन्धमा गर्नुपर्ने कामहरू सुरू गरिसकेका छौं । साउन महिनामा विभिन्न संघसंस्थाहरूले विविध धार्मिक कार्यका लागि स्थान लिएको हुनाले भिडभाड बढ्ने हुनसक्छ । यस्ता कुरालाई ध्यानमा राखी कम्तिमा बिहान सबेरै रिंगरोडमा निःशुल्क बस सेवा सञ्चालन गर्न सकिन्छ कि भनी नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र अन्य दाताहरूसँग सहयोग लिनका लागि प्रक्रियामा छौं । यसैगरी सही सूचना संस्थागत रूपमा जाओस् तथा सञ्चारकर्मी मित्रहरूलाई समाचार संकलनमा सहज होस् भन्ने उद्देश्यले हामीले दिनुपर्ने सूचना हामी आफैंले तयार गरेर उहाँहरूलाई दिने तथा मिडिया रूम सञ्चालन गर्ने तयारी गरेका छौं । पूजाका कुराहरू पनि सँगसँगै अगाडि बढाएका छौं । व्यवस्थापनलाई प्रभावकारी बनाउन हामी तयारीको अन्तिम अन्तिम चरणमा छौं ।

अन्त्यमा, गौरी मासिकमार्फत भन्नैपर्ने केही छ कि !

गौरी मासिक नामैबाट पनि एकदमै सनातनी छ । सबभन्दा पहिला त यस पत्रिकाको उत्तरोत्तर प्रगतिको शुभकामना ! यस्ता पत्रपत्रिका प्रकाशनबाट संस्कृतिले बृहत रूप लिन पाउँछ । यसै पत्रिकामार्फत म देशविदेशमा रहने सबै सनातनीहरूलाई साउने मेलाको शुभकामना अर्पण गर्दछु । साथै यहाँ भएका राम्रा कुराहरू प्रचारप्रसार गर्नका लागि पनि म सबैलाई आह्वान गर्न चाहन्छु ।

व्यवस्थापकीय हिसाबले म अहिले निमित्त सदस्य सचिवमा छु । म २४ सै घण्टा पशुपतिको सेवामा छु । यहाँ कुनै व्यथिति हुन खोजे, नहुनु पर्ने कुरा हुन लागे भने निर्विवाद रूपमा हामीलाई त्यो सूचना भयो भने सबैभन्दा पहिले व्यथितिहरूलाई नियमन गर्ने, रोकथाम गर्ने निकाय हामी नै बन्न चाहन्छौं र हामी त्यसको व्यवस्थापन गर्छौं ।❖

पशुपतिनाथ प्राङ्गणका भैरव मूर्तिहरू

– सहप्रा. डा. विनु बाबा अर्याल

भगवान् श्री पशुपतिनाथ नेपालका राष्ट्रदेव तथा समस्त हिन्दूहरूका परम आराध्यदेवका रूपमा पूजित हुनुहुन्छ । भगवान् पशुपतिनाथको प्राकट्य भूमि पशुपति क्षेत्र विश्वका समस्त हिन्दू धर्मावलम्वीहरूका लागि पावन तीर्थका रूपमा रहिआएको छ । समस्त हिन्दू धर्मावलम्बीहरूले श्रद्धा र भक्तिको केन्द्रका रूपमा मानिआएको यो क्षेत्र नेपालको मात्र नभई विश्वको एतिहासिक, धार्मिक एवम् सांस्कृतिक सम्पदा पनि हो ।

शिवलाई पञ्चवक्त्र शिवको रूपमा उत्तर वैदिक कालदेखि नै उपासना गरिन्थ्यो। पाँच मुख पाँच आम्नायको प्रतीक मानिन्छ । अर्थात शिवका पाँच मुख पाँच रूपका प्रतीक हुन् । सद्योजात, तत्पुरूष, अघोर, वामदेव, इशान शिवका पाँच मुख वा पाँच रूप हुन् । मुखका भेदसँगै उपासना गर्ने विधि विधानमा पनि भेद छ । साथै पाँच मुखमा पूर्व, दक्षिण, पश्चिम, उत्तर र उर्ध्व पाँच आम्नाय मानिन्छ र पाँचै आम्नायका देवीहरूको नाम र साधनाक्रम पनि छुट्टै छ । (धनशम्शेर-निगमागमा वैज्ञानिकसार द्वितीय पटल, पृ ४१-८४)

शिवको दक्षिण मुखलाई अघोर मुख (भैरव रूप) मा उपासना गरिन्छ। यसलाई दक्षिण आम्नाय भनेर तन्त्रशास्त्र र पुराणमा पनि उल्लेख भएको पाइन्छ। शिवको पर्यायकै रूपमा भैरवलाई परमतत्त्व मानिएको छ ।

भगवान् श्री पशुतिनाथका तत्पुरूष, अघोर, सद्योजात, वामदेव, ईशान र कालाग्निरूद्र यी मूर्तिहरूमध्ये दक्षिणपट्टिको मूर्तिलाई अघोर भनिन्छ । अघोरको अर्थ अत्यन्त डरलाग्दो र रिसाहा भन्ने हुन्छ। शिवजीको अघोर मूर्ति भएकाले यी भैरव अत्यन्त रिसाहा र क्रोधी भए पनि आफ्नो भक्तलाई धर्म, अर्थ, काम र मोक्ष यी चारै पदार्थ दिने मानिन्छन् । यी जति क्रोधी भए पनि छिट्टै प्रसन्न हुने र भक्तले चाहेको वरदान दिने मानिन्छन् । यिनको स्पर्शमात्रले पनि सम्पूर्ण पाप नाश हुन्छ ।

भैरव शब्दको अर्थले भयप्रद स्वरूप जनाउने भएकोले भैरवको ठुलो भूँडी, गोला पहेला ठुला ठुला आँखा, मुखको दुवैतिर दाह्रा निस्केका, नाक फुकेका, र ठुलो प्वाल भएको, मुख आँ गरेर बाएका, कालो वर्णको शरीर सर्पको गहना लगाएका, हात्तीको छालाको लुगा लगाएका, मुण्डमाला पहिरेका, हातमा त्रिशुल खप्पर लिएका, खप्परमाथि काटिएको शिर देखाइएको छ । शिवको भयावह रूपको झलक भैरव हो भनेर शिव पुराणमा भनिएको छ । उग्ररूपमा शिवलाई क्रुर भयानक एक महाविनाशकारी देवता भनिएको छ । अतः भैरव भन्नाले शिवको रौद्र रूप भन्ने पुष्टी हुन्छ ।

पुराण तथा आगमशास्त्रहरूले भैरवलाई भगवान् शङ्करको ज्योतिर्मय विराटकाय अवतारको रूपमा प्रतिष्ठित पनि गरेको छ । विष्णु धर्मोत्तर ग्रन्थमा दिइएको छ कि "दक्षिण तुमुखं रौद्र भैरव तत्प्रकीर्तितम" अर्थात भगवान् शिवको पाँचमुख मध्ये दक्षिणतर्फको मुख चाहि भैरवको

हो। त्यसैलाई शिवको रौद्र रूप मानिन्छ। पशुपति मन्दिर प्राङ्गणमा भैरवका विभिन्न मूर्तिहरू स्थापित छन्। जसको बारेमा तल चर्चा गरिएको छ।

१) कीर्तिमुख भैरव

भगवान् पशुपतिनाथ मन्दिरको आग्नेयकोणमा कीर्तिमुख भैरवको मन्दिर रहेको छ। पुराणहरूमा पाइनेकथा अनुसार पार्वतीको सुन्दरता सुनेर दैत्य जालन्धरले शिवसँग बस्नु भएकी पार्वतीसँग विवाह गर्ने इच्छाले पार्वतीलाई माग्न राहु पठायो। राहुको कुरा सुनेर शिव क्रोधित हुँदा उहाँको नेत्रबाट एउटा भयङ्कर महापुरूष प्रकट भई राहुलाई मार्न लखेट्दा उसले आफूलाई बचाउन शिवकै शरणमा गयो।

राहु दूत मात्र भएर आएको तथा दूत अरूको अधिनमा हुने हुँदा यिनलाई नमारी शरण दिनु भनी भैरवलाई आदेश दिनुभयो। भैरवबाट राहु मुक्त भयो। त्यसपछि भैरवले शिवजीसँग आफूलाई भोक लागेको कुरा सुनाउँदा शिवजीले आफ्नै शरीरको मासु खान आदेश दिनु भएकोले उनले आफ्नै शरीरको मासु खाँदा खाँदा अन्त्यमा शिर मात्र बाँकी रहेछ। यसरी शिवले भैरवको साहस तथा स्वामी भक्ति देखेर उनलाई कीर्तिमुख नामले प्रसिद्ध हुने तथा आफ्नो द्वारमा क्षेत्रपाल भएर रहने आज्ञा दिनुका साथै कीर्तिमुख भैरवको सेवा गरे मात्र आफू खुसी हुने कुरा बताउनु भयो।

यसरी पहिले कीर्तिमुख भैरवको पूजा नगरी शिवको पूजा गरेको व्यर्थ हुने कुरा पद्मपुराणमा बताइएको पाइन्छ। त्यसैले सर्वप्रथम क्षेत्रपालका रूपमा रहेका यी भैरवको दर्शन र पूजा गरेपछि मात्र श्रीपशुपतिनाथको दर्शन गर्ने परम्परा रहिआएको छ।

प्रत्येक महिनाको पूर्णिमा तिथिका दिन श्रीपशुपतिनाथको महास्नान तथा महाभोगको क्रममा कीर्तिमुख भैरवलाई बोका तथा राँगाको भोग दिने चलन छ। त्यस अवसरमा श्रीपशुतिनाथलाई करिब सात मुरी चामलको भात तथा चौरासी व्यञ्जनको भोग अर्पण गर्ने गरिन्छ। श्री पशुपतिनाथमा महाबलि चढाउनु भन्दा अगाडि नै कीर्तिमुख भैरवलाई भोग अर्पण गर्ने परम्परा छ।

फाल्गुन कृष्ण चतुर्दशी (शिवरात्री), फाल्गुन शुक्ल अष्टमी, मार्ग शुक्ल अष्टमी तथा चैत्र शुक्ल अष्टमीमा कीर्तिमुख भैरवको बलि सहितको विशेष पूजा गर्ने परिपाटी छ। श्रीपशुपतिनाथको रौद्र स्वरूप कीर्तिमुख भैरवलाई विशेष पर्व तिथिमा बलि सहितको पूजा गर्नुले 'गृह सुत्रमा' उल्लेख गरिए अनुरूप बलि चढाइएको सङ्केत गर्दछ।

प्रत्येक शनिबार श्रीपशुपतिनाथका पालोवाला भण्डारीले कीर्तिमुखलाई श्रीपशुपतिनाथका तर्फबाट पञ्चमकार (माछा, मासु, रक्सी, मुद्रा, मैथुन) सहितको पूजा गर्ने परम्परा रहेको छ। शनिवारका दिन यी भैरवको पूजा गरी दही चिउरा तिल मिलाएर चढाउने भक्तका सबै विघ्न वाधा हरण भई आरोग्य प्राप्त हुने विश्वास गरिन्छ।

२) उन्मत्त भैरव

श्री पशुपतिनाथ मन्दिरको प्राङ्गणमा रहेको उन्मत्त भैरवको स्थापना नारायण भट्टले ने.स. ५८८ (वि. स. १५२४) मा चैत्रकृष्ण एकादशीका दिन गरेका हुन्। उन्मत्त भैरवको मूर्ति १० फिट अग्लो धातुबाट निर्मित छ। ने.स. ५९१ (वि.स १५२७) माघ शुक्ल नवमीका दिन उन्मत्त भैरवको मन्दिरमा गजुर चढाएर गुठी राखेको ऐतिहासिक विवरण पाइएको छ (बज्राचार्य, २०६८-३६४)। श्रीपशुपतिनाथको दक्षिण मुख अघोर हो, जुन रौद्र स्वरूपको मानिन्छ। तसर्थ अधिकांश पञ्चमुखी शिवालयको दक्षिण दिशामा भैरवको मूर्ति स्थापना गर्ने चलन छ। श्रीपशुपतिनाथको दक्षिणमुखबाट सिधा अगाडि पर्ने हुँदा उन्मत्त भैरवको मूर्तिलाई पश्चिमतर्फ फर्काइएको छ साथै श्रीको दक्षिणको अघोर मुखलाई शान्त पार्न यस स्थानमा तान्त्रिक रूपमा उन्मत्त भैरव स्थापना गरिएको मान्यता छ।

शिव लिङ्गको दक्षिणतिरको अघोर मुहारमा ताप वढी हुने हुँदा उक्त दिशामा भैरव स्थापना नगरेमा सो दिशामा बस्ने मानिसलाई पिर्छ भन्ने धार्मिक मान्यता पनि पाइन्छ। सन्तानको कामना गरी उन्मत्त भैरवको पूजा वा भक्ति गरेमा मनकामना पूर्ण हुने विश्वास गरिन्छ (पौड्याल २०६०-६५)।

उन्मत्त भैरवको मूर्तिमा एक शिर, दश वाहु र दुई पाउ बनाइएको छ। बाहुमा विभिन्न आयुध, शुल, तरवार, कपालपात्र, डमरू, खट्वाङ्ग, पाश, नरमुण्ड लिएका एवम् अभय मुद्रा र विन्दुमुद्रामा देखाइएको छ। अरू भैरवको मूर्तिजस्तै यस भैरव मूर्तिले पनि सर्पपाला र मुण्डमाला

लागाएको छ । ठूला ठूला त्रिनेत्र फिजिएको आँखिभौ, फुलाएको नाक, ठूलो पेट, उर्ध्व रूपमा देखाइएको पुरूष चिन्ह र मुण्डमालाले मूर्ति डरलाग्दो देखिन्छ । भैरवको दाँया पाउ वेतालमा र देब्रे पाउ गुँडुलिएको नाग आसनमा देखाइएको छ ।

हिन्दु तान्त्रिक विधिले उन्मत्त भैरवको दैनिक पूजा आरती हुन्छ । शिवको घोर अथवा उग्ररूप भैरवको बारेमा आगम ग्रन्थहरूले एक एक गरेर ६४ भैरवहरूको नाम उल्लेख गरेका छन् । यिनिहरूमा असिताङ्ग, रूरू, चण्ड, क्रोध, उन्मत्त, कपाल, भीषण, संहार क्रमैसँग आएको कुरा उल्लेख भएको छ । तिनीहरू तान्त्रिक ग्रन्थहरूमा उल्लेख भएका ६४ योगिनीहरूको पति वा संरक्षक भएको कुरा पनि त्यसैमा उल्लेखित छ । अष्ट भैरवको नाम विभिन्न ग्रन्थहरूमा दिइएको छ ।

३) असिताङ्ग भैरव

श्री पशुपतिनाथको मन्दिरको बाहिरी भित्तामा पूर्व उत्तर भागमा असिताङ्ग भैरव र ब्रह्मायणीको प्रतिमा रहेको छ । यहाँका ६ वाहुका भैरवले वाहुहरूमा माथिबाट तल क्रमशः हथौडा, पास र अङ्कुश लिएर वरदमुद्रा प्रदर्शन गरेको देखिन्छ । यिनले वाया वाहुहरूमा भने माथिबाट तलतिर क्रमशः त्रिशूल र ढाल लिएर अर्को हातले अभय मुद्रा प्रदर्शन गरेका छन् ।

४) रूरू भैरव

श्री पशुपतिनाथको मन्दिरको पूर्व दक्षिण भित्तामा रूरू भैरवको प्रतिमा राखिएको छ । छ वाहु भएका यी भैरवले वाहुहरूमा दाँया माथिबाट तलतिर क्रमशः अङ्कुश र खड्ग लिएर वरदमुद्रा प्रदर्शन गरेका छन् । यिनले वायाँ वाहुहरूमा भने माथिबाट तलतिर क्रमशः पास र ढाल लिएर अभयमुद्रा प्रर्दशन गरेको देखिन्छ ।

५) चण्ड भैरव

श्री पशुपतिनाथको मन्दिरको दक्षिण पूर्वमा रहेको चण्ड भैरव ६ वाहुका छन् । जसले शव माथि टेकेको र दाँया वाहुहरूमा माथिल्लोमा खड्ग लिएको देखिन्छ । यसको दोस्रो वाहु भाँचिएको हुनाले हातको आयुध देख्न सकिँदैन । दाँया वाहुले भने वरदमुद्रा प्रस्तुत गरेको छ । यस प्रतिमामा वायाँ हातमा माथिबाट तलतिर क्रमशः ढाल र त्रिशूल लिएर अर्कोले अभय मुद्रा प्रदर्शन गरेको छ ।

६) क्रोध भैरव

श्री पशुपतिनाथ मन्दिरको दक्षिण पश्चिमतर्फ वाहिरी भित्तामा क्रोध भैरवको प्रतिमा राखिएको देखिन्छ । क्रोध भैरवको प्रतिमा ६ वटा वाहुको छ । यी भैरवले दायाँ वाहुमा माथिबाट तलतिर क्रमशः चक्र र त्रिशूल लिएर अर्को वाहु वरद मुद्रामा प्रस्तुत गरेका छन् । यिनका वायाँ बाहुमा माथिबाट तलतिर क्रमशः गदा र अङ्कुश लिएर अर्को हातले अभय मुद्रा प्रदर्शन गरेको छ । यसमा भैरवले कानमा सर्पकुण्डल, गलामा सर्पको बाला, हार र लामो मुण्डमाला तथा कम्मरमा कन्दनी लगाएको देखिन्छ । यिनी शवमाथि अलिढासनमा भव्य मुकुट लगाएका स्वरूपमा विराजमान छन् ।

७) कपाल भैरव

श्री पशुपतिनाथ मन्दिरको पश्चिम उत्तर वाहिरी भित्तामा कपाल भैरवको मूर्ति राखिएको देखिन्छ । कपाल भैरव ६ वाहुका र वाहुहरूमा दायाँ माथिबाट तल क्रमशः खड्ग र अङ्कुश लिई अर्कोले वरद मुद्रा प्रस्तुत गरेको अवस्थामा छन् । यिनले वायाँ हातमा माथिबाट तल क्रमशः ढाल र पाश लिएर अर्कोले वरद मुद्रा प्रदर्शन गरेको देखिन्छ । यसरी यी भैरवले दुईवटा वाहुहरूले वरद मुद्रा प्रदर्शन गरेको देखाइएको छ ।

८) भीषण भैरव

श्री पशुपतिनाथ मन्दिरको पर्खालमा उत्तर पश्चिमतिर भीषण भैरवको प्रतिमा राखिएको देखिन्छ । ६ वटा वाहुका यी भैरवले वाहुहरूमा माथिबाट तल क्रमशः वायाँतिर डमरू र वाण लिएर अर्को वाहुले वरदमुद्रा प्रस्तुत गरेका छन् । यिनले वायाँ हातमा भने माथिबाट तलतिर क्रमशः त्रिशुल र धनुष लिएर अर्को हातले अभय मुद्रा प्रदर्शन गरेको देखिन्छ । भीषण भैरव सर्प कुण्डल सर्पको माला, बाला र कल्ली लगाएर शव माथि अलिढासनमा रहेका छन् ।

उल्लेखित भैरवका कतिपय मूर्तिहरू टुटफुट भएका, शिरोभाग कुच्चिएका त कतिपयको पूरा हात नै नभएको अवस्था छ । तसर्थ यस्ता मूर्तिहरूलाई जिर्णोद्वार गर्नु पनि अपरिहार्य भएको छ । ❖

-बत्तीस पुतली काठमाडौँ

पशुपति दर्शन



भोलाप्रसाद सिटौला

नेपालको राजधानी काठमाडौंको मुटुमा रहेको पाशुपत क्षेत्रमा अधिष्ठाता देवाधिदेव भगवान् श्रीपशुपतिनाथ विराजमान हुनुहुन्छ । पशु, पति र नाथ तीन पद मिलेर बनेको पशुपतिनाथ शब्दले यस संसारभित्र रहेका सम्पूर्ण जीव र जगत्‌को स्वामी, रक्षक र पालनकर्ता भन्ने बुझाउँछ । आराध्यदेव भगवान् श्रीपशुपतिनाथको मन्दिर रहेको स्थानलाई देवपत्तन भनिन्छ ।

श्रीपशुपतिनाथ, नेपालको मात्र नभई विश्वका समस्त हिन्दूहरूको पवित्र तीर्थस्थल हो । भगवान् श्रीपशुपतिनाथले सुशोभित यो पुण्यभूमि नेपाल, तीनै लोकमा सर्वश्रेष्ठ मानिएको कुरा हिमवत्खण्डमा उल्लेख भएको पाइन्छ । यसरी आर्यावर्तको शिरोभाग नेपाल "पाशुपत क्षेत्र" भन्ने सार्थक नामले परिचित छ । यस पाशुपत क्षेत्रका देवदेवीहरूको दर्शन, पूजन र स्पर्शन गरी भगवान् श्रीपशुपतिनाथको साक्षात्कार गर्नाले जीवले मुक्ति पाउँदछ । त्यसका लागि यस पाशुपत क्षेत्रमा रहेका देवदेवीहरूको दर्शनक्रमको जानकारी हुनु अत्यावश्यक हुन्छ ।

पशुपति क्षेत्रमा अवस्थित विभिन्न देवदेवीहरूलाई विधि र क्रमानुसार परिक्रमा, दर्शन, पूजन पश्चात् देवाधिदेव भगवान् श्रीपशुपतिनाथको श्रध्दा-भक्तिपूर्वक दर्शन, पूजन गर्नाले जीवको सबै जुनीका पापकर्महरू पखालिन्छन् र मुक्ति प्राप्त हुनेछ । पशुपति क्षेत्रका प्रमुख देवदेवीहरूको दर्शनक्रम यस प्रकार छ ।

सर्वप्रथम मित्रपार्कबाट पूर्वतर्फ पक्की बाटो नछोडी केही पर गएपछि हेमन्त भैरव र उमाकुण्ड आउँछ । त्यहाँबाट केही पूर्व गएपछि जगज्जननी पार्वतीले तपस्या गरेको पवित्र स्थल गौरीघाट आउँछ । गौरीघाट गौरीतीर्थमा स्नानादि कर्म सम्पन्न गरी भवानी गौरीको पूजा अर्चना गर्नुपर्दछ । गौरीको दक्षिण पश्चिममा पवनपुत्र हनुमान हुनुहुन्छ । उहाँको दर्शन पूजन गरी त्यहाँका विष्णुपादुका, शिवलिङ्ग, लक्ष्मीनारायण आदि देवदेवीहरूलाई सम्झी पूजा गरेर "ॐ ॐ नारायण, हरि ॐ तत्सत्" मन्त्र जप्दै पुल तर्नु भन्ने भनाइ छ । पुलबाट अलिकति पर गएपछि दायाँतर्फ खुड्किला चढ्दै गएपछि शिखरमा "किराँतेश्वर महादेव" को दर्शन पूजन गर्नुपर्दछ । अर्जुनले यिनै किराँतरूपधारी महादेवबाट "पाशुपतास्त्र" प्राप्त गरेको कुरा पुराणमा उल्लेखित छ ।

"किराँतेश्वर महादेव" को दर्शन पूजन सकेर सिंढी ओर्लदै पक्की सडक आएपछि पूर्वतर्फ वाग्मतीको किनारैकिनार जाँदा बीचमा त्रैलोक्यमुक्तेश्वर, पृथ्वीप्रकाशेश्वर, त्रिभुवनप्रकाशेश्वर र राधा-कृष्णको मन्दिर आउँछ । त्यहाँबाट अलिकति अघि बढेपछि ठूलो पीपलको बोट आउँछ । त्यहाँ वाग्मती किनारमा रहेका शिव, नारायण, नृसिंह, हनुमान, तुलसी, विष्णपादुका, सरस्वती आदिको दर्शन गरी वाग्मतीमा स्नानादि गरेपश्चात् माता गुह्येश्वरीको दर्शन क्रम शुरू हुन्छ ।

गुह्येश्वरी पीठको बाहिरी प्रवेशद्वारबाट भित्र पसेपछि केही सिँढी चढ्नासाथ अति सुन्दर मन्दिर देखिन्छ । मन्दिरको छानामा चारवटा नाग बेरिएका छन् भने मन्दिर वरिपरि तोरण र विभिन्न मूर्तिहरू रहेका छन् । मन्दिरको बाहिरै पूर्वतर्फ एउटा गुफाजस्तो छ, त्यहाँ मृगविहारी भगवान् शिव रहनुभएको छ भन्ने विश्वास गरिन्छ । यस मन्दिरभित्र सतीदेवीको गुह्यस्थान पतन भएको र त्यसबाट पवित्र पीठ बनेको प्रसङ्ग देवीभागवतमा उल्लेख भएको पाइन्छ ।

गुह्येश्वरी पीठ (विशाल मन्दिर)को मध्यभागमा कुण्ड रहेको छ, जसलाई गुह्येश्वरी कुण्डरूपा भगवती सतीको पीठ मानिन्छ । यसमा सुवर्णमय अष्टदल, त्यसमाथि रजत कलश रहेको छ । यिनै भवमोचनी जगज्जननी आद्यशक्ति गुह्येश्वरी हुन् । यो पीठ देवीको नित्य निवास भएको स्थान हो । कुण्डमा बुलबुलाएको जल छ । यसको सँगै दक्षिणतर्फ सुवर्णमय भैरव मूर्ति छ । यहाँ नवरात्रिमा ठूलो मेला लाग्छ । यस्ती भगवती गुह्यकालीको पूजा अर्चना गरिसकेपछि प्राङ्गणको पश्चिम ढोकाबाट निस्की ढुङ्गाको केही सिँढी उक्लेपछि साक्षी गणेशको दर्शन गर्नु पर्दछ । त्यसपछि सिँढी चढ्दै गएपछि माथि सीतागुफा, सीताकुण्ड

(गौरीकुण्ड) हुँदै गोरखनाथ मन्दिरमा पुगिन्छ । त्यहाँ गुरू गोरक्षनाथको पूजा अर्चना गरी त्यस वरिपरि रहेका काली, भैरव, मनकामना लगायतका शिव मन्दिरहरूको दर्शन गर्नुपर्छ । ती मन्दिरहरूको दर्शनपश्चात् आर्यघाटतर्फ ओर्लने सिँढीको मुखमा आइसकेपछि पूर्वतर्फ केही अगाडि जाँदा जङ्गलको बीचमा विशाल विश्वरूपाको मन्दिर छ । कामकलारूपको १८ फिट अग्लो उक्त विश्वरूपाको मूर्तिलाई नेपालकै सबभन्दा अग्लो मूर्ति मानिन्छ । त्यहाँ विश्वरूपाको दर्शन पूजनपश्चात् पहिलेकै बाटोबाट फर्कदा श्लेषमान्तक वन, भगवान् शिवले मृगरूपमा विहार गरेको मृगस्थलीको शान्त वातावरण पाइन्छ ।

मृगस्थली श्लेषमान्तकको पश्चिम ओरालो सिँढी ओर्लेर पुछारमा पुग्दा नपुग्दै वाग्मती तटको केही माथि विशाल राममन्दिर छ । त्यहाँ रहेका लवकुशसहितको रामचन्द्रको मूर्ति, त्यसभन्दा दक्षिण प्राङ्गणका राम मन्दिर, लक्ष्मीनारायण मन्दिरमा गएर पूजा अर्चना गर्नुपर्दछ । राममन्दिरको उत्तरतर्फ आर्यघाट पारी लहरै पन्ध्र शिवालय छन्, जसमा एकै पटक दक्षिणबाट उत्तरतर्फ मन्दिरको ढोकाबाट सिधा हेर्दा पन्ध्रवटै शिवलिङ्गको एकैचोटी दर्शन गर्ने सौभाग्य पाइन्छ ।

त्यहाँबाट ओर्लेपछि वाग्मतीको पुल तरी दक्षिणतर्फको मङ्गलागौरी र वटुक भैरवको दर्शन पूजन गर्ने र त्यसपछि भगवान् शिवकी ज्यादै प्यारी वत्सला (पार्वती) देवीको मन्दिरमा गई पूजा अर्चना गर्नुपर्दछ । वत्सलादेवीको पूजा अर्चना गर्नाले चारै पुरूषार्थ प्राप्त हुन्छ भन्ने भनाइ छ ।

त्यसपछि उत्तरतर्फ किनारै किनार आर्यघाटमा पुग्नुपर्दछ । आर्यघाटमा पुगेर स्नान गरी ब्रह्मनालको जल सिञ्चन गर्ने, ब्रह्मनालको जलपान गर्नाले सात जुनीमा गरेका कुकर्मबाट मुक्ति पाइन्छ । ब्रह्मनालमा अवस्थित तारकेश्वर भगवान्को पूजा अर्चना गर्नुपर्छ । भगवान् पशुपतिनाथको मन्दिरमा चढाएको जल, पञ्चामृत यसै ठाउँमा आएर वाग्मतीमा मिल्ने र पारिपट्टि खर्वरिका तीर्थ रहेकोले यसलाई पवित्र त्रिवेणी पनि मानिन्छ । सोही ठाउँमा रहेका मृगेश्वर, विरूपाक्ष, गङ्गामाईको दर्शन गरी वत्सलेश्वरी प्राङ्गणको उत्तरमा रहेका यमराज, नारायण, नवग्रह, पञ्चगणेशको दर्शन पूजा गर्नुपर्छ । त्यहाँबाट राजराजेश्वरी (नवदुर्गा), तलेजु र भस्मेश्वरको दर्शन पूजन गरी सरस्वतीको दर्शन गर्नुपर्दछ । त्यसपछि बाटोदेखि उत्तर सिँढी चढी चोकमा पुगेपछि बीचमा कोटेश्वर र वरिपरि ५२५ शिवलिङ्गहरू छन्, जसलाई चौशष्ठी लिङ्ग वा चौरासी यन्त्र पनि भनिन्छ । यसको दर्शन परिक्रमाले चौरासी योनीबाट मुक्ति पाई शिवलोक प्राप्त हुन्छ भन्ने भनाइ छ ।

त्यहाँबाट आराध्यदेव भगवान् श्रीपशुपतिनाथको प्राङ्गण प्रवेश गरी पूर्वतर्फ रहेका गणेश, कीर्तिमुख भैरव, आकाश भैरव र सितलामाईको दर्शन गर्नुपर्छ । यसपछि पशुपतिनाथको दक्षिण सामुन्ने रहेका उन्मत्त भैरवको दर्शन गरी यज्ञशालालाई परिक्रमा गर्दै अष्टमात्रिकाको प्रदक्षिणा गरी नवग्रहको दर्शन गर्नुपर्दछ । त्यसपछि हनुमान, नन्दी, सत्यनारायण, नृत्यनाथको दर्शन गर्नुपर्छ । तत्पश्चात् उत्तरतर्फ त्रिशूल मुनि (खोपामा) भृङ्गी र ज्वरेश्वर महादेवको दर्शन गरी चण्डेश्वरको दर्शन पूजा गर्नुपर्छ । त्यसपछि पशुपतिको (उत्तर पूर्व) ईशान भागमा रहेका नागराज वासुकीको दर्शन पूजन र परिक्रमा गर्नुपर्दछ । त्यहाँबाट

दक्षिणतर्फ सिँढी ओर्लदै विश्वनाथ, बटुक भैरव र हरिहरको दर्शन गरी अन्तमा आइपुग्दा पूर्वतर्फका भवनको कोठाभित्र रहेका अपमृत्युहरेश्वर (जसलाई गुप्तेश्वर पनि भनिन्छ) को दर्शन गर्नुपर्छ । अनी बूढानीलकण्ठ, लालगणेश, कृष्ण, सूर्यनारायणको दर्शन परिक्रमा गरी पूर्व ढोकासँगैको चाँगुनारायण र सरस्वतीको दर्शन गर्नु पर्दछ ।

त्यसपछि मुक्तिमण्डप अगाडिबाट गङ्गामाई मन्दिरमा रहेको श्रीयन्त्रको दर्शन गर्नु र आर्यघाट पारी मन्दिरको फेदमा एउटा प्वाल देखिन्छ त्यहाँका कलियुगेश्वर महादेवको दर्शन गरी सम्पूर्ण देवी देवताहरूलाई सम्फी मुक्तिमण्डपमा विश्राम गर्नु भन्ने भनाइ छ । यसपछि मुक्तिमण्डपमा विराजमान हुनुभएका सन्तापहरेश्वर महादेवको दर्शन गरी त्यहीँबाट पशुपति मन्दिरको छानामुनि कलशको रूपमा रहेकी भगवती गुह्येश्वरीलाई पनि दर्शन गर्नुपर्दछ ।

यसका साथै धनेश्वर, आनन्देश्वर लगायतका सबै देवदेवी र शिवगणहरूको दर्शन, पूजा र परिक्रमा गरिसकेपछि उन्मत्त भैरवको अगाडि पशुपतिनाथ मन्दिरको दक्षिण ढोकामुनि रहेको तामाले छोपेको धर्मशिलाको दर्शन गरी सिँढी उक्लिएर पशुपतिनाथको दक्षिण ढोकाबाट भित्र पसी देवाधिदेव ज्योतिर्लिङ्ग स्वरूप रहेका भगवान् श्रीपशुपतिनाथको दर्शन पूजन गर्नुपर्दछ ।

भगवान् श्रीपशुपतिनाथको दृश्यमान् मूर्ति अरूजस्तो साधारण लिङ्ग होइन, यो सहस्रज्योतिर्मय ब्रह्मा, विष्णु एवम् उमा-महेश्वरात्मक ज्योतिर्लिङ्ग हो । चारधाममध्ये पशुपतिनाथको ज्योतिर्लिङ्गलाई शिरोभाग मानिन्छ । त्यसैले चारैधामको दर्शन गरिसकेपछि पशुपतिनाथको दर्शन गरिएन भने यथोक्त फल प्राप्त हुँदैन भन्ने भनाइ छ ।

भगवान् श्रीपशुपतिनाथको पाँच मुखमध्ये पश्चिम सद्योजात विग्रहलाई द्वारका, उत्तर वामदेव विग्रहलाई केदार, पूर्व तत्पुरुष विग्रहलाई जगन्नाथ र दक्षिण अघोर विग्रहलाई रामेश्वरको स्वरूप मानिएको छ भने यी विग्रहको दर्शन पूजन गर्नाले चारैधामको दर्शन पूजन गरेको फल प्राप्त हुन्छ । पशुपतिनाथको उर्ध्वमुख शक्ति स्वरूप परमतत्त्व "सदाशिव" मानिएको छ भने अधोमुख कालाग्नी रूद्र हाटकेश्वर मानिएको छ । यस्तै आराध्यदेव भगवान् पशुपतिनाथको मन्दिरको दक्षिण ढोकाबाट प्रवेश गरी सर्वप्रथम अघोर मुख (दक्षिण) दर्शन पूजन गरी अधोमुख (तलतिर) कालाग्नी रूद्रको दर्शन पूजन गर्नुपर्छ । त्यसपछि तत्पुरूष (पूर्व) को दर्शन पूजन गरी पुनः दक्षिणको दर्शन गर्ने र त्यसपछि दक्षिण ढोकाबाट बाहिर निस्की पश्चिम द्वारमा गएर सद्योजात विग्रहको दर्शन गर्नुपर्दछ । त्यसपछि उत्तरमा गएर वामदेव विग्रहको दर्शन गरी पश्चिम द्वारको सिँढीबाट तल ओर्ली अगाडि आई पशुपतिनाथ मन्दिर एवम् गजुरको दर्शन गरी दर्शन पूजन क्रममा जानी नजानी भएका त्रुटिहरूलाई क्षमा याचना गर्दै बाहिर निस्किएपछि पशुपतिनाथको दर्शन क्रम पूर्ण हुनजान्छ ।

सकेसम्म यो क्रमअनुसार नै दर्शन पूजन गर्नुपर्छ । उपरोक्त क्रमअनुसार दर्शन पूजन गर्न नसकिए भगवान् श्रीपशुपतिनाथका गणहरू नन्दी, भृङ्गी, गणेश, वासुकी, भैरव आदिको अनिवार्यरूपमा दर्शन गरेर मात्र पशुपतिनाथको दर्शन पूजन गर्नुपर्दछ । त्यसो नगरी भगवान् श्रीपशुपतिनाथको दर्शन पूजनमा जाँदा पाइला पाइलामा विघ्नवाधाहरू आउँदछन् । भगवान् श्रीपशुपतिनाथको ज्योतिर्लिङ्ग ब्रह्मा, विष्णु, महेश्वररूपी सदाशिव हुनुभएकोले उहाँको जलप्रसाद ग्रहण गरेमा कुनै दोष लाग्दैन, बरू जलप्रसाद ग्रहण नगरेमा दोषमुक्त हुन सकिँदैन ।

यसरी पशुपतिनाथ मन्दिरको दर्शन पूजन सकेर बाहिर निस्किएपछि केही पश्चिममा शङ्कराचार्यको मन्दिर, मठ र झङ्केश्वरी पीठको दर्शन गरी त्यहाँबाट अझ पश्चिम भुवनेश्वरी र भुवनेश्वरको दर्शन गर्नुपर्छ । त्यहाँबाट पश्चिमतर्फ भूवनेश्वरीसँगैको बाटो हुँदै मूल सडक निस्किएपछि माता जयवागेश्वरी (जसलाई शुक्ला सरस्वती पनि भनिन्छ) को दर्शन पूजन गरी त्यहाँबाट अझ पश्चिम बाटोको दायाँतर्फ मृत्युञ्जय महादेव, ताम्रेश्वर महादेवको दर्शन पूजन गरी सकेर रूद्रमति (धोबीखोला)को किनार (सिफल) मा अवस्थित भण्डारेश्वर महादेवको दर्शन पूजन गरेपछि बाँकी दर्शन क्रम पनि पूरा हुन्छ । यसबाहेक कैलाशको दक्षिण पश्चिम बाटोको वायाँतर्फ अवस्थित भगवान् श्रीपशुपतिनाथका गुरू श्रीदक्षिणामूर्ति र पशुपति क्षेत्रमा रहेका वनकाली, जय मङ्गला, बज्रेश्वरी, पाँच गणेश, खड्जनेश्वर, चन्द्रविनायक, भगवान् स्थान आदिको यथाशक्ति दर्शन पूजन गर्नुपर्दछ ।❖

-चावहिल, काठमाडौं

(नोटः प्रस्तुत लेख समयसान्दर्भिक भएकोले गौरी मासिक पत्रिकाको १६ वर्ष पुरानो अंकबाट साभार गरिएको हो ?

शिव पुराण भित्र के छ ?

– मोहनप्रसाद आचार्य

हाम्रा अनगिन्ती शास्त्र, धर्मग्रन्थ वेद तथा पुराणहरूमा यस्तो कुनै धार्मिक ग्रन्थ नहोला जहाँ भगवान् आशुतोष शिवको चर्चा नगरिएको होस्; न आएको होस् । वेद तथा पुराणरूपी सम्पूर्ण वाङ्मयमा भगवान् शिवको लीला कथा तथा चरित्रहरू देख्न पाइन्छ । वैदिक ग्रन्थहरूमा त सबै भन्दा बढी स्थान भगवान् शिव कै पाइन्छ । लोकमा ख्याति पाएका १८ पुराणहरू मध्ये शिवमहा–पुराण, स्कन्दपुराण तथा लिङ्गपुराण पनि पर्न आउँछन् । पुराणहरूको गणनामा वेद सरह नै पवित्र र सबै लक्षणहरूले युक्त भएको मानिने शिव पुराण हो ।

वैष्णव, शैव र शाक्त संप्रदायहरूमध्ये शैवमार्गीहरू अर्थात् शिवका उपासकहरू शिवपुराणलाई आफ्नो सर्वस्व र श्रेष्ठ पुराण हो भनेर मान्दछन् । शैवमार्गी शिवउपासकहरू यसलाई 'शैव–भागवत' भनेर मान्ने पनि गर्दछन् । कतिपय विद्वान्हरूले हाम्रा १८ पुराणहरू मध्ये केहिलाई सात्विक, केहिलाई राजस, केहीलाई तामस पुराणका रूपमा वर्गीकरण गरेको देख्न सकिन्छ । जसमध्ये शिवपुराण तामस पुराणभित्र पर्दछ । भगवान् विष्णुको वायाँ हातबाट प्रकट भएको यो पुराणका रचयिता "सत्यवति नन्दन परासर सुनु कृष्ण द्वैपायन व्यास" लाई मानिन्छ । वर्तमान अवस्थामा शिव पुराण भित्र प्रथम विद्येश्वर संहिता, द्वितीय रूद्र संहिता, तृतीय सतरूद्र संहिता, चतुर्थ कोटिरूद्र संहिता, पञ्चम उमा संहिता, षष्ट कैलाश संहिता र सप्तम् वायावीय संहिता रहेका छन् । यसका खण्डहरू पनि सातै देखा पर्दछन् ।

मूल शिव पुराण भित्र ४५७ अध्यायहरू रहेको र यी अध्यायहरू भित्र २४२२२ श्लोकहरू भएको गणनाबाट देखिन्छ । त्यसै गरेर यसको माहात्म्यमा ७ अध्यायहरू छन् भने यी अध्याय भित्र ३७३ श्लोक भएको देखिन्छ । शिव महापुराण अत्यन्त महत्त्वपूर्ण र उपयोगी महापुराणको रूपमा देखापर्दछ । यस पुराणले शिव प्रेमानुरागी भक्तहरूलाई मात्र नभै हिन्दुधर्मप्रति आस्था र विश्वास गर्ने जनमानसलाई भक्ति, ज्ञान, सदाचार, शौचाचार तथा शिव उपासना, लोकमा गरिने लोक व्यवहारको साथै मर्त्यमण्डलमा जन्म लिएर आएका मनुष्यहरूले मानवप्रति गर्नुपर्ने परम कल्याणका कुराहरू समेत अति सरल रूपमा निर्धारण गरिएको पाइन्छ ।

भगवान् विष्णु तथा शिवलाई एकाकार गरी यसको उपासना गर्न सकेमा मानव मात्रको कल्याण हुने देखिन्छ । यसमा भगवान् शिवको साकार स्वरूप ब्रह्म रूप र निराकार (निर्गुण) ब्रह्म स्वरूपको वर्णन पाइन्छ । त्रिनेत्रधारी भगवान् शिवका सम्पूर्ण गाथाहरूका साथै लिङ्ग माहात्म्य, बाह्रौ ज्योतिर्लिङ्ग, गायत्री महिमा, प्रकृतिका साधनहरू मध्ये विल्वपत्र (वेलपत्र), गङ्गा महत्त्वका साथै रूद्राक्ष समेतको सविस्तार वर्णन गरिएको पाइन्छ । यस पुराणमा शिवका इशान, सद्योजात, वामदेव, तत्पुरूष र अघोर स्वरूपको वर्णन समेत पाइन्छ । यसको अतिरिक्त हंषावतार, मारूती, दुर्वासा, शुक, यक्षावतार, भैरवावतार तथा नन्दी अवतारहरू ग्रहण गरी आफ्नो प्रमुख कर्तव्य भित्र पर्न आएको संहाररूपि कार्यलाई बडो कुशलतापूर्वक निर्वाह गरेको पनि देखिन्छ ।

भगवान् शिवलाई श्रीमद्भागवत महापुराणमा लोक पितामह ब्रह्माजीको भृकुटीबाट रूद्रको रूपमा प्रकट भएको भनी वर्णन गरिएको देखिन्छ । गीताप्रेस गोरखपुरबाट प्रकाशित अवतार कथा अङ्कमा भगवान् विश्वानर र शुचिस्मतिको गर्भबाट 'गृहपति' नामक पुत्र भै जन्म लिएको वर्णन पाइन्छ । शिवः शि–इ–व (शकार नित्य सुख, नित्य आनन्द, इ–पुरुष व–अमृत स्वरूप) शक्ति धारण गर्ने परब्रह्मलाई नै शिव भनिन्छ । यस्ता परब्रह्म शिवलाई

यसरी पनि जान्न चिन्ह सकिन्छ–

नमो नमः कारण कारणाय
दिव्यामृत ज्ञान विभूतिदाय।
समस्तलोकान्तर भूतिदाय
प्रकाशरूपाय परात्पराय॥

(रूद्र संहिता सति खण्ड अ ६/२०)

हाम्रो नेपाल राष्ट्रकै राष्ट्रदेवको रूपमा रहनुभएका भगवान् शिव (पशुपतिनाथ) को सम्पूर्ण चरित्रहरू, लीलाहरूको वर्णन गरिएको यस शिवपुराणको पठन पाठनबाट भक्ति ज्ञानको उदय भई यसलोक र परलोकमा समेत सुख, शान्ति प्रदान गरी एक मात्र परम् लक्ष्यमा पुऱ्याउने विश्वास गरिएको छ ।

शिवपुराणको महात्म्य– यस अन्तरगत ७ अध्यायहरू पर्दछन् । यी अध्यायहरू भित्र जम्मा २७३ श्लोकहरू रहेको देखिन्छ । ऋषि शौनकको प्रश्नमा सूत पौराणिकद्वारा शिवपुराणको श्रवण गराएको र यसै पुराणको श्रवणबाट देवराज इन्द्रले शिवलोक प्राप्ति गरेको वर्णन पाइन्छ । चंचुलाको भयरूपी शत्रु नास भै वैराग्यको पन आएको र यी चंचुलाले शिवलोक प्राप्त गरेको र माता पार्वतीको सखी हुन पुगेको वर्णन पाइन्छ ।

यसको साथै तुम्बरूद्वारा शिवपुराण–श्रवण गरेको, शिवपुराणको श्रवण विधि, श्रोताहरूद्वारा पालन गर्नुपर्ने नियमहरू महात्म्यको ७ अध्यायबाट जान्न सकिन्छ ।

१. विद्येश्वर संहिता

सौनकादी ऋषिहरूको प्रश्नमा व्यास शिष्य सूतद्वारा प्रयाग क्षेत्रमा वार्णित शिवमहापुराणको प्रथम विद्येश्वर संहिता भित्र २५ अध्याय छन् । यी सबै अध्यायहरूको श्लोक संख्या १५४० रहेका छन् । यसभित्र मनुष्यका पाप नास गर्ने साधनहरूको वर्णन गरिएको छ । शिवपुराणको परिचयको साथै पुराण श्रवण गर्नाले, कीर्तन तथा मनन गर्नाले श्रेष्ठतम गति मिल्ने कुराको वर्णन गरिएको छ ।

भगवान् शिवको लिङ्ग पूजाका साथै साकार शिव स्वरूपको पूजाको समेत वर्णन पाइन्छ । ब्रह्मदेव तथा विष्णुको बिच हुन गएको युद्धको वर्णन, सदाचार, शौचाचार, स्नान, भष्मधारण, जप आदि विधिहरूको वर्णन पाइन्छ । षडलिङ्ग स्वरूप, प्रणव महात्म्य, पञ्चाक्षर मन्त्रको विवेचना र पार्थिव शिवलिङ्गको पूजाविधिहरू पनि यसमा वर्णित छन् । शिवको पूजा, अर्चना गर्दा लगाइने नैवेद्यहरू, नैवेद्य भक्षण विधि, विल्लपत्र (वेलपत्र) महात्म्यको साथै भष्म महात्म्य र रूद्राक्ष धारण आदि विषयमा वर्णन गरिएको पाइन्छ ।

२. रूद्र संहिता

क) सृष्टि खण्डः यस खण्ड भित्र २० अध्यायहरू पर्ने र सबै अध्यायहरूको श्लोक संख्या भने १२२२ छन् । यसमा नारद ब्रह्म संवाद, नारदको तपस्या, नारद मुनि शील निधिकी पुत्रीप्रति मोहित हुनु, भगवान् विष्णुद्वारा नारदको मुखाकृति बानरको बनाइ दिएको वर्णन पाइन्छ । भगवान् विष्णुको नाभी-कमलबाट ब्रह्माजी प्रकट भएको कथाको साथै शिव पूजाको माहात्म्य वर्णन गरिएको छ । देवी सती तथा शिवको महत्ताको वर्णन र यज्ञदत्त पुत्र गुणनिधिको चरित्रहरू देख्न सकिन्छ । यिनै गुणनिधि नै दोश्रो जन्ममा धनाध्यक्ष-कुवेर नै जन्म लिएको र भगवान् शिवको भक्त भएको वर्णन पाइन्छ ।

ख) सती खण्डः यस खण्ड भित्र ४३ अध्यायहरू रहेका छन् । यी सबै अध्यायहरूको श्लोक संख्या भने २३१३ देखापर्दछ । सती देवीको चरित्र, दक्ष यज्ञ विध्वंस, कामदेवको वृत्तान्त आदि कथाहरूको साथै ब्रह्माजीको रूद्रशिर नाम रहनाको कारण पाइन्छ । भगवान् शिवद्वारा आफ्नी पत्नी सतीदेवीलाई नवधा भक्ति वर्णन गरिएको प्रसङ्ग पाइन्छ । सबै भन्दा रोचक कथा भगवान् राम दण्डकारण्यतर्फ लागेको वखत रावणद्वारा सीताको हरण हुने, सीताको अन्वेषण गर्न वनजंगल यत्र तत्र सर्वत्र खोजी गरिरहेका रामको परीक्षा गर्न पुगेकी सीतारूपधारी सतीदेवीलाई श्रीरामद्वारा माताको रूपमा सम्वोधनका साथै नमस्कार गरेको वर्णन पाइन्छ ।

प्रेजतस्तं सति ब्रुहि क्व शंभुस्ते नमोगतः ।
एकाकी विपिने कस्मादानता पुनिता विना ॥
(रूद्र संहिता सतीखण्ड अ. २४/४९)

भगवान् राम प्रेम रूपवाट सतीलाई सम्वोधन गर्दै भन्नुहुन्छ– हे सति ! तपाईंलाई नमस्कार छ । तपाईं प्रेमसँग यो कुरा भनुहोस, मेरो गुरू शिवजी कहाँ जानु भयो । तपाई पति विना एक्लै यो वनमा के गर्न आउनु भएको हो ? यसको साथै दक्षयज्ञ विध्वंस, शुक्राचार्यद्वारा दधिची ऋषिलाई मृत्युञ्जय नामक मन्त्र दिइएको कथाहरू यस खण्ड भित्र हेर्न सकिन्छ ।

(ग) पार्वती खण्ड– यस खण्ड भित्र ५५ अध्यायहरू छन् भने यी सबै अध्यायहरूको श्लोक संख्या २७०४ देखा पर्दछ । पितृहरूकी पुत्री मेनाको साथ हिमालय राजाको विवाह वर्णन गरिएको छ । हिमालय र मेनकाकै गर्भबाट पार्वतीको जन्म वर्णन गरी भगवान् शंकरद्वारा कामदेवलाई भष्म गरिएको कथाहरू उल्लेख गरिएका छन् । सतीदेवीको विवाहपछि भगवान् शिवद्वारा पार्वतीसँग दोश्रो विवाह गरेको रोचक कथाहरू हेर्न पाइन्छ ।

(घ) कुमार खण्ड– यस खण्ड भित्र २० अध्यायहरू रहेका छन् । यी सबै अध्यायका श्लोक संख्या १०८० रहेका छन् । भगवान् शिवको तेजबाट स्कन्दको जन्म, कुमार कार्तिकेयको षडानन आदि नामाकरण गरिनु, कुमार स्कन्दलाई षड्कीर्तिकाद्वारा लालन पालन गरेको कथाहरू, कुमार कार्तिकेयद्वारा गरिएका अद्भूत कार्य तथा चरित्रहरू हेर्न सकिन्छ । यसै खण्ड भित्र गणेशको उद्भव बारेका रोचक कथाहरू वर्णन हेर्न सकिन्छ । कुमार कार्तिकेय तथा गणेशको वाल-लीलाहरूको वर्णन पनि हेर्न सकिन्छ । साथै गजानन् गणेशको रिद्धि तथा सिद्धि (सिद्धि, बुद्धि) सँग विवाह भएको प्रसङ्ग, पश्चात गणेशका दुई पुत्र क्षेम लाभ (शुभ र लाभ) को जन्म प्रसङ्गका अति रोचक कथाहरू देख्न सकिन्छ ।

(ङ) युद्ध खण्ड– यस खण्ड भित्र ५९ अध्यायहरू रहेका छन् भने यी सबैको जम्मा श्लोक संख्या २९४५ रहेको छ । तारकासुरको छोरा तारकाक्ष, विद्युत्मालीको तपस्या, भगवान् शङ्करद्वारा रौद्ररूप धारण गरी त्रिपुरदाह कथाको वर्णन गरिएको छ । यसै खण्ड भित्र जालन्धरकी पत्नी वृन्दाको चरित्र कथा, शङ्खचूडको वध, भगवान् विष्णुद्वारा तुलसीको शील हरण, भगवान्द्वारा तुलसीलाई प्रसन्न बनाएको कथाको साथै, शङ्ख, तुलसी, गण्डकी नदी, शालग्राम शिलाका उत्पति कथाहरूको वर्णन पाइन्छ । यसको साथै वाणासुर, वाणासुर पुत्र गजासुरका रमाइला कथाहरू देख्न सकिन्छ । यसको साथ साथै विभिन्न लिङ्गहरूको प्रादुर्भावको सन्दर्भमा काशिको कन्दुकेश्वर शिवलिङ्गको कथा पनि पाइन्छ ।

३. शतरूद्र संहिता

यस खण्ड भित्र ४२ अध्यायहरू रहेका छन् । यी सबै अध्यायहरूको श्लोक संख्या २१८८ रहेको छ । भगवान् शिवका शिवावतार, अर्धनारीश्वर अवतारका कथाहरूको वर्णन पाइन्छ । शिवका भैरवावतार यक्षेश्वरावतार, दुर्वासावतार, हनुमानावतारका कथाहरूको वर्णन पाइन्छ ।

त्यसै गरेर भगवान् शङ्करका अवधूतेश्वरावतारको प्रसङ्गको साथै उपमन्युलाई अनुग्रह गर्न लिएको सुरेश्वरावतारको वर्णन पनि पाइन्छ । भगवान् शिवले नेपालको कैलाश क्षेत्रमा धारण गरेको किरातेश्वरावतारको निकै रोचक कथाको साथै भगवान् शिवको द्वादश (बाह्रौ) ज्योतिर्लिङ्ग रूपका कथाहरू यस शतरूद्र संहितामा देख्न सकिन्छ ।

४. कोटिरुद्र संहिता

यस खण्डभित्र ४३ अध्यायहरू रहेका छन् भने ती सबैको श्लोक संख्या २१२० रहेको छ । भारत वर्षमा ख्याति कमाएका १२ (द्वादश) ज्योतिलिङ्गहरूको साथै अरू उपलिङ्गको वर्णन पनि देख्न सकिन्छ । गौतम ऋषिको परोपकारी सेवाको वर्णन, शिवरात्रीको महात्म्य, ब्रह्म तथा मोक्ष निरूपण गरिएका प्रसङ्गहरूको वर्णन पाइन्छ । यो ब्रह्माण्ड नै शिवमय रूपमा अवस्थित छ भनेर भगवान् शिवलाई सर्वमय रूपमा देखाइएको पाइन्छ–

इति ज्ञानं सदा ज्ञेयः सर्वं शिवमयं जगत् ।
शिव सर्वमयो ज्ञेयः सर्वज्ञेय विपश्चित ॥ (कोटिरूद सहिता ४३/३)

५. उमा संहिता

यस खण्ड भित्र ५१ अध्यायहरू रहेका छन् । यी सबै अध्यायहरूको श्लोक संख्या २६९५ रहेको छ । पुत्र प्राप्तिको लागि भगवान् कृष्ण कैलाशतर्फ लागेको, कृष्णको उपमन्युसँग भेट, भगवान् शिवद्वारा श्रीकृष्णलाई पुत्र प्राप्तिको वरदान दिएको कथा वर्णन पाइन्छ । विभिन्न नरकहरूको वर्णन, ग्रहहरूको स्थिति, चण्डिमा उल्लेख भएको सुरथ राजा र समाधि वैश्यको कथाहरूको वर्णन पाइन्छ । यसको साथै भगवती उमाको चरित्र वर्णनका साथै देवीको दुर्गा, सताक्षी, साकम्भरी, भ्रामरी आदि नामहरूको निरूपण भएका कथाहरू यस खण्ड भित्र हेर्न सकिन्छ ।

यसै खण्डमा सनत कुमारद्वारा वेदव्यासलाई दिइएको ज्ञान महत्त्वपूर्ण देखिन्छ । संसारका कुनै पनि व्यक्ति भाव तथा भक्तिले हिन भयो भने अर्थात् हिन हुन पुग्यो भने त्यो भावहिनताले गर्दा तीर्थ फल, दान फल पाउन सक्तैन, त्यसैले भावहिन हुन हुन्न भन्ने शिक्षा ज्ञान दिइएको पाइन्छ ।

गङ्गादितीर्थेषु वसन्ति मत्स्या
देवालये पक्षि गणाश्च नित्यम् ।
भावोज्झितास्ते न फलं लभन्ते
तीर्थावशाहाच्च तथैव दानात् ॥ (उमासंहिता २२/१३)

६) कैलाश संहिता

यस खण्ड भित्र जम्मा २३ अध्यायहरू रहेका छन् भने श्लोक संख्या १२८६ रहेको छ । भगवान् शिवद्वारा पार्वतीलाई प्रणव (ॐ) को ज्ञान, प्रणव उपासनाको महत्त्व वर्णन गरिएको पाइन्छ । साथै अद्वैत रूपमा शैव संप्रदाय को व्याख्या गरिएको छ । वामदेव कैलाश पर्वत गएका आदि कुराहरू यो सर्ग भित्र पाइन्छ ।

७) वायवीय संहिता

क) पूर्व खण्ड– यस खण्ड भित्र जम्मा ३५ अध्याय रहेका छन् भने समस्त अध्यायहरूको श्लोक संख्या १७६६ रहेको छ । सर्वप्रथम पुराणहरूको परिचय दिँदै वायु संहिताको प्रारम्भ गरेको पाइन्छ । वायुदेवद्वारा पशु, पास, सर्व पशुपतिको तात्त्विक विवेचना गरिएको छ । दक्ष यज्ञको कारण, दक्षयज्ञ विध्वंसको वर्णनको साथै पाशुपत व्रत विधिको विशत वर्णन आउँछ । भगवान् शिवले धारण गर्ने भष्मको धारण विधि पनि यसै संहिताको पूर्व खण्ड भित्र देख्न सकिन्छ ।

ख) उत्तरखण्ड– यस खण्ड भित्र ४१ अध्यायाहरू छन् भने यी सबैको गरी जम्मा श्लोक संख्या २३६१ रहेको छ । भगवान् श्री कृष्णलाई भगवान् शिवका महान भक्त उपमन्युद्वारा पाशुपत दर्शनको ज्ञानोपदेश गराइएको, साथै शिव तथा पार्वतीको विभूति वर्णन गरिएको देख्न सकिन्छ । शिव पूजा, काम्यकर्म, योगका भेद र प्रकारहरूको वर्णनहरू पाइन्छ । विशेष गरेर फञ्चाक्षर मन्त्रको महात्म्य, यसको महत्ता पनि यसै उत्तरखण्डबाट बुझ्न सकिन्छ । अन्त्यमा, शिवपुराणको महिमा ग्रन्थको उपसंहारलाई देख्न र बुझ्न सकिन्छ । यसै पुराणको अन्त्यमा भगवान् विष्णु प्रोक्त शिव सहस्त्रनाम पनि देख्न सकिन्छ । जुन कोटी रूद्रसंहिताको अध्याय ३५मा वर्णन भएकोलाई अङ्कित गरिएको छ । साथै ३२ श्लोकको विद्येश्वर संहिता महात्म्य पनि पाइन्छ । यहाँ यी श्लोकलाई भने गणनामा राखिएको छैन । यस प्रकार २४२२ श्लोक भएको शिवपुराणलाई समाप्त गरिएको पाइन्छ ।❖

-भौखेल, भक्तपुर

सन्दर्भ सामग्री :-
१. शिव पुराण गीताप्रेस गोरखपुर ।
२ ब्रह्माण्ड पुराण चौखम्वा, वाराणशी, प्रो. दलवीर सिंह चौहान ।
शुक्र २०:२१

विविध शिवस्वरूपहरुको प्रतिष्ठा एवम् उपासनाको फल

-अनुवाद डा. गोविन्द टण्डन

(भगवान् शिवको विभिन्न स्वरूपमा कसरी प्रतिष्ठा गर्नुपर्दछ र ती प्रतिष्ठा गरिएका भगवान्‌का विग्रहको उपासनाले के कस्ता फल प्राप्ति हुन्छ भन्ने सन्दर्भमा धेरैलाई जानकारी नभएको हुन सक्दछ । तसर्थ यस लेखमा लिङ्गमहापुराण पूर्वभाग अन्तरगत अध्याय ७६ मा सुतजी र स्कन्द कार्तिकेय बीचको सुन्दर सम्वादमार्फत विविध शिवरूवरूपहरूको प्रतिष्ठा एवम् उपासनाको फलका सन्दर्भमा चर्चा गरिएको छ । यसै प्रसंगलाई यहाँ उल्लेख गरिएको छ ।)

सूत भन्नुहुन्छ- हे विप्रहरू ! यसअघि म सबै लोकहरूको कल्याणका लागि आफ्नो इच्छाले भगवान् शिवको विग्रहको उत्पत्ति तथा मूर्ति प्रतिष्ठाको सम्पूर्ण फलको वर्णन गर्नेछु ।

स्कन्द (कार्तिकेय) तथा उमासहित महादेवको मूर्ति बनाएर उहाँलाई उत्तम आसनमा विराजमान गरी भक्तिपूर्वक त्यस मूर्तिको प्रतिष्ठा गरी सबै कामनाहरूलाई प्राप्त गर्नुपर्छ । कार्तिकेय तथा उमासहित शिवको विधिपूर्वक एकपटक पनि पूजा गरी मनुष्यले जुन फल प्राप्त गर्दछ, त्यसलाई जस्तो मैले सुनेको छु, त्यस्तै बताउँछु ।

त्यो योगी करोडौँ सूर्यहरू समान तेज भएका, सबै अभीष्ट वस्तुहरूले सम्पन्न, रूद्रकन्याहरूले युक्त, गान-नृत्य आदिबाट परिपूर्ण विमानहरूमा भगवान् शिवको जसरी प्रलयपर्यन्त विहार गर्दछ । त्यहाँ महान् सुखहरूको उपभोग गरी त्यो महातेजस्वी योगी सबै कामनाहरूलाई पूर्ण गर्ने विमानहरूबाट क्रमशः उमालोक, कुमारलोक, ईशानलोक, विष्णुलोक, ब्रह्मलोक, प्रजापतिलोक, जनलोक तथा महर्लोक पुग्दछ; पुनः इन्द्रलोकमा पुगेर त्यहाँ दश हजार वर्षसम्म इन्द्रपदको भोग गरिसके उपरान्त भुवर्लोकमा दिव्य तथा परम सुन्दर सुखहरूलाई भोगेर मेरू पर्वतमा पुगेर देवताहरूका भवनहरूमा आनन्द प्राप्त गर्दछ ।

जो एक पाठ, चार भुजाहरू, तीन नेत्रहरू तथा त्रिशूलले युक्त हुनुहुन्छ; जो आफ्नो वाम भागबाट विष्णु तथा दक्षिण भागबाट ब्रह्मालाई उत्पन्न गरी विराजमान हुनुहुन्छ, जसका अट्ठाईस करोड रूद्र उत्पन्न भएका छन्ः जो सबै अङ्गहरूबाट अत्यन्त प्रभा भएका तथा पचीस तत्त्वहरू भएका जीवात्मा साक्षात् पुरूषलाई हृदयबाट, आफ्नो बायाँ भागबाट प्रकृतिलाई, बुद्धिदेशबाट बुद्धिलाई, आफ्नो अहङ्कारबाट अहङ्कारलाई, तन्मात्राहरूबाट तन्मात्राहरूलाई, आफ्नो इन्द्रियहरूबाट लीलापूर्वक इन्द्रियहरूलाई, पाठको मूलभागबाट पृथ्वीलाई, गुह्यदेशबाट जललाई, नाभिस्थलबाट अग्निलाई, हृदयदेशबाट सूर्यलाई, कण्ठबाट चन्द्रमालाई, भौँहरूको मध्यभागबाट आत्मा (रूद्र)लाई, शिरबाट स्वर्गलाई यसप्रकार सम्पूर्ण चराचर जगत्‌लाई उत्पन्न गरी साक्षात् विराजमान हुनुहुन्छ, ती सर्वज्ञ तथा सर्वव्यापी परमेश्वरको मूर्तिलाई विद्याविधानअनुसार बनाएर विधिपूर्वक तिनको प्रतिष्ठा गरी मनुष्य शिवसायुज्य प्राप्त गर्दछ ।

तीन पाठ भएका, सात हात भएका, चार शृङ्ग भएका तथा दुई शिर भएका यज्ञेश्वर अग्निस्वरूप ईशानलाई स्थापित गरी मनुष्य विष्णुलोकमा प्रतिष्ठित हुन्छ । त्यहाँ एक लाख कल्पसम्म महान् भोगहरूलाई भोगेर मनुष्य सुखी रहन्छ र पुनः क्रमशः यस लोकमा आएर समस्त यज्ञलाई सम्पन्न गर्दछ ।

जो मनुष्य उमासहित वृषमा आरूढ अर्धचन्द्रधारी शिवको मूर्तिलाई स्थापित गर्दछ, त्यो दश हजार अश्वमेध यज्ञ गर्नाले जुन पुण्य हुन्छ, त्यसलाई प्राप्त गरी किङ्किणीजालहरूले युक्त स्वर्णविमानद्वारा दिव्य शिवलोकमा गएर त्यहीँ मुक्त हुन जान्छ ।

नन्दी तथा उमासहित र सबै गणहरूबाट घेरिनुभएका महादेवको प्रतिष्ठा गरी मनुष्य जुन फल प्राप्त गर्दछ, जस्तो मैले सुनेको छु, त्यसलाई बताइरहेको छु । त्यो सूर्यमण्डलसमान देदीप्यमान वृषभहरूबाट जोतिएको, अप्सराहरूबाट भरिएको, देव-दानवहरूका लागि दुर्लभ र नृत्य गर्दै अप्सराहरूबाट चारैतिरबाट पूर्णतः सुशोभित विमानहरूबाट दिव्य शिवलोकमा गएर गणाधिपति पदलाई

प्राप्त गर्दछ ।

पार्वतीसहित नृत्य गर्दै, हजार भुजाहरू भएका अथवा चार भुजाहरू भएका, भृगु आदि तथा भूतसमूहहरूबाट घेरिएका, पार्वतीका साथ, ब्रह्मा-विष्णु-इन्द्र-चन्द्र आदि सबै देवताहरूबाट सदा नमस्कृत र मातृकाहरू तथा मुनिहरूबाट घेरिएका देवदेवेश्वर-प्रभु-सर्वज्ञ-परमेश्वर-वृषभध्वज शिवको मूर्ति बनाएर भक्तिपूर्वक त्यसको प्रतिष्ठा गरी मनुष्य जुन फल प्राप्त गर्दछ, त्यसलाई म बताउँछु- सबै यज्ञ, तप, दान, तीर्थ तथा देवदर्शन गर्नाले जुन फल हुन्छ, त्यसको करोडौँ गुणा फल प्राप्त गरी त्यो शिवलोकमा जान्छ र त्यहाँ प्रलयपर्यन्त महान् सुखहरूलाई भोगेर पुनः दोस्रो सृष्टिको प्रारम्भ भएपछि मनुपद प्राप्त गर्दछ ।

दिगम्बर, चार भुजाहरू भएका, सेतोवर्ण भएका, तीन नयन भएका, सर्पको मेखला भएका, हातमा कपाल धारण गरेका र कालो तथा घुमर्किएको केश भएका देवेश्वरलाई मूर्तिरूपमा बनाएर भक्तिपूर्वक प्रतिष्ठा गरी मनुष्य शिव-सायुज्य प्राप्त गर्दछ ।

गजासुरलाई विदीर्ण गर्नुहुने, उमासहित, सबै कामनाहरूलाई पूर्ण गर्नुहुने, कृष्ण वर्ण भएका, रातो नयन भएका, तीन नयन भएका, चन्द्रलाई आभूषणको रूपमा धारण गर्नुहुने, शिरमा काकपक्ष धारण गर्नुहुने, नागटङ्क धारण गर्नुहुने, व्याघ्रचर्मलाई उत्तरीयका रूपमा लपेट्नु हुने, मृगचर्मलाई वस्त्ररूपमा धारण गर्नुभएका तीक्ष्ण दाँतहरू भएका, हातमा गदा लिनुभएका, हातमा कपाल लिनुभएका, हुँ फट् महाशब्दले सबै दिशाहरूलाई गुञ्जित गर्दै दुवै हातहरूमा व्याघ्रचर्म तथा कमण्डलु धारण गर्नुभएका, हाँस्नु भएका, गर्जदै गर्नुभएका, कालो समुद्रलाई पिउँदै गर्नुभएका, भूतसमूहहरूका साथ नृत्य गर्दै र गणसमुदायहरूबाट सुशोभित हुनुभएका देवेश्वर प्रभु शिवलाई मूर्तिरूपमा आफ्नो सामर्थ्यअनुसार बनाएर तथा प्रतिष्ठा गरी मनुष्य सबै विघ्नहरूबाट रहित भएर शिवलोकमा प्रतिष्ठित हुन्छ र त्यहाँ प्रलयपर्यन्त महान् सुखहरूलाई भोगेर रूद्रहरूबाट विचारपूर्वक ज्ञान प्राप्त गरी मुक्त हुन जान्छ ।

अर्धनारीश्वर, चार भुजाहरू भएका, वरद तथा अभय मुद्रायुक्त हात भएका, त्रिशूल तथा पद्म धारण गर्नुभएका, स्त्री तथा पुरुष भावमा स्थित र समस्त आभूषणहरूबाट सुशोभित अत्युत्तम प्रभु महादेवलाई मूर्तिरूपमा बनाएर भक्तिपूर्वक प्रतिष्ठा गरी त्यो शिवलोकमा प्रतिष्ठित हुन्छ र त्यहाँ चन्द्रमा तथा ताराहरूको स्थितिपर्यन्त महान् सुखहरूलाई भोगेर अणिमा आदि गुणहरूले युक्त भएर ज्ञान प्राप्त गरी त्यो मुक्त हुन जान्छ ।

जो मनुष्य शिष्य-प्रशिष्यहरूबाट घेरिएका, उपदेशको मुद्रामा हात उठाएका, देवदेवेश तथा सर्वज्ञ लकुलीश्वरलाई मूर्तिरूपमा बनाएर र पुनः भक्तिपूर्वक उहाँलाई स्थापित गरी शिवलोकमा जान्छ । त्यो मनुष्य सय युगसम्म त्यहाँ महान् सुखहरूलाई भोगेर पुनः ज्ञानयोग प्राप्त गरी त्यहाँ मुक्त हुन जान्छ, जो पूर्वदेवहरू तथा अमरहरूको सर्वाभीष्ट स्थान हो ।

ध्यानमुद्रामा स्थित, चिताको भस्म लगाउनुभएका, त्रिपुण्ड्र धारण गर्नुभएका, मुण्डमाला धारण गर्नुभएका, ब्रह्माको केशबाट निर्मित एक यज्ञोपवीत धारण गर्नुभएका, बायाँ हातमा ब्रह्माको श्रेष्ठ कपाल धारण गर्नुभएका र भगवान् विष्णुको शरीर धारण गर्नुभएका महादेव (शिव) को मूर्ति बनाएर तथा भक्तिपूर्वक त्यसको प्रतिष्ठा गरी मनुष्य भवसागरबाट पार हुन जान्छ । जो एक पटक पनि ॐ नमो नीलकण्ठाय- यस पुण्यदायक अष्टाक्षर मन्त्रको उच्चारण गर्दछ, त्यो पापहरूबाट छुट्दछ र आफ्नो सामर्थ्यअनुसार गन्ध आदि उपचारहरूबाट यस मन्त्रद्वारा भक्तिपूर्वक देवदेवेश्वरको विधिवत् पूजा गरी शिवलोकमा प्रतिष्ठा प्राप्त गर्दछ ।

सुदर्शन चक्र धारण गर्नुभएका तथा जालन्धरलाई दुई टुक्रा गर्नुभएका स्वरूपमा जालन्धर-विनाशक प्रभु महादेवलाई मूर्तिरूपमा बनाएर भक्तिपूर्वक उहाँको प्रतिष्ठा गरी मनुष्य शिवसायुज्य प्राप्त गर्दछ; यसमा सन्देह गर्नु हुँदैन । पूर्वकथित लक्षणहरू भएका, सुदर्शन चक्रदाता तथा पूज्यमान विष्णुद्वारा नेत्रदानरूपी पूजाबाट अर्चित देवेश्वरलाई मूर्तिरूपमा बनाएर तथा भक्तिपूर्वक उहाँलाई स्थापित गरी मनुष्य शिवलोकमा प्रतिष्ठित हुन्छ ।

निकुम्भको पीठमा स्थित, आफ्नो दाहिने चरणकमल त्यसको पीठमा टेकाउनुभएका, वामभागमा पार्वतीलाई बसाउनुभएका, सर्परूपी किङ्किणीबाट वेष्टित कुहुनोलाई आफ्नो त्रिशूलको अग्रभागमा टेकाउनुभएका र नजिकै

हात जोडेर उभिएका अन्धकतिर हेरिरहनुभएका स्वरूप मूर्तिलाई विधिअनुसार बनाएर त्यसको प्रतिष्ठा गर्नाले मनुष्य शिवसायुज्य प्राप्त गर्दछ ।

जो भक्त त्रिपुरको विनाश गर्नुहुने देवदेवेश ईश्वरलाई यस स्वरूपमा स्थापित गर्दछ– जसमा उहाँ धनुषबाण लिनुभएको छ, अर्धचन्द्रलाई आभूषणका रूपमा धारण गर्नुभएको छ, उमाका साथ रथमा बस्नुभएको छ, ब्रह्मा उहाँको सारथि हुनुहुन्छ; त्यो पनि त्यसै स्वरूपले शिवलोकमा गएर आनन्दपूर्वक दोस्रो शिवको जसरी क्रीडा गर्दछ; यसमा सन्देह छैन । हे श्रेष्ठ ब्राह्मणहरू ! त्यहाँ आफ्नो इच्छाअनुसार महान् सुखहरूलाई भोगेर उत्तम ज्ञान प्राप्त गरी त्यो त्यहीँ मुक्त हुन जान्छ ।

गङ्गालाई धारण गर्नुभएका; सुखपूर्वक बस्नुभएका; चन्द्रमालाई शिरमा धारण गर्नुभएका; गङ्गासहित बायाँ काखमा पार्वतीलाई बसाउनु भएका र विनायक, ज्येष्ठ कार्तिकेय, सुन्दरी दुर्गा, सूर्य, चन्द्रमा, ब्रह्माणी, महेश्वरी, कौमारी, वैष्णवीदेवी, वरदायिनी वाराही, इन्द्राणी, चामुण्डा, वीरभद्र तथा विघ्नेशसहित शिवलाई मूर्तिरूपमा जो बुद्धिमान् स्थापित गर्दछ, त्यसले शिवसायुज्य प्राप्त गर्दछ ।

यस्तो मूर्ति जसमा अव्यय शिवजी लिङ्गका रूपमा हुनुहुन्छ, ठूलाठूला ज्वालाहरूका समूहहरूबाट घेरिनुभएका छन्, लिङ्गको बीचमा चन्द्रमालाई धारण गरेर स्थित हुनुहुन्छ, हंसरूपधारी ब्रह्मा उहाँको दाहिने भागमा हात जोडेर विराजमान हुनुहुन्छ, वाराहरूपधारी विष्णु तलतिर मुख गरी लिङ्गको अधोभागमा स्थित हुनुहुन्छ, अघोर महान् लिङ्ग अत्यधिक जलको माझमा स्थित छ, त्यसलाई बनाएर तथा भक्तिपूर्वक स्थापित गरी भक्त शिवसायुज्य प्राप्त गर्दछ । क्षेत्रको रक्षा गर्ने क्षेत्रपाल तथा प्रभु पशुपति शिवलाई मूर्तिरूपमा बनाएर भक्तिपूर्वक विधानअनुसार तिनलाई स्थापित गरी भक्त शिवलोकमा प्रतिष्ठित हुन्छ ।❖

(स्रोतः श्रीलिङ्गमहापुराण (सचित्र सरल नेपाली अनुवाद सहित, प्रकाशक गीताप्रेस गोरखपुर)

योग गरौं स्वस्थ रहौं !

भगवान् श्रीपशुपतिनाथको दर्शनसँगै उहाँकै सान्निध्य पशुपति परिसरमा पुज्य गुरू तेजराज अर्यालज्यूको निर्देशनमा विगत लामो समयदेखि सञ्चालित विहानी योगमा सहभागी बनौं । शारीरिक र मानसिक स्वस्थता हासिल गरौं ।



स्थानः
श्रीशङ्कराचार्य पीठ प्राङ्गण, पशुपति
समयः
विहान ५:०० देखि ६:३० सम्म ।

पशुपति क्षेत्र विकास कोषको सदस्य सचिवमा जोशी

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले पशुपति क्षेत्र विकास कोषको निमित्त सदस्य सचिव पदको जिम्मेवारी कार्यकारी निर्देशक सुवाषचन्द्र जोशीलाई दिनु भएको छ । कोष सञ्चालक परिषद्को अध्यक्षसमेत रहनुभएका मन्त्री पाण्डेले मन्त्रिस्तरीय निर्णय गरी कार्यकारी निर्देशक जोशीलाई गत असार १७ गते निमित्त सदस्य सचिवको जिम्मेवारी दिनुभएको उहाँको सचिवालयले जनाएको छ ।

विद्युतीय शवदाहगृह यन्त्र खरिद प्रकरणमा कोषका सदस्यसचिव मिलनकुमार थापा लगायत १४ जना विरूद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोगले यही असार ७ गते विशेष अदालतमा मुद्दा दायर गरेको थियो । विशेष अदालतमा मुद्दा दायर भएपछि स्वतः पदबाट निलम्वन हुने कानूनी व्यवस्था अनुसार सदस्य सचिव पद रिक्त हुन पुगेको थियो । अख्तियारद्वारा भ्रष्टाचारको मुद्दा दायर गरेपछि कोष सञ्चालन परिषद्का सदस्य राजुकुमार केसी सहित अन्य केही कर्मचारी पनि निलम्बनमा परेका छन् ।

नवनियुक्त निमित्त सदस्य सचिव जोशीको पदावधि आगामी भदौ १८ गतेसम्म रहेको कोषले जनाएको छ । निमित्त सदस्य सचिव पदको उहाँको कार्यकाल करिब दुई महिनाको मात्र हुनेछ । यस अघि २०८१ साल असार १७ गते उहाँ खुल्ला प्रतिस्पर्धाबाट पशुपति क्षेत्र विकास कोषको कार्यकारी निर्देशकमा नियुक्त हुनुभएको थियो ।

गौ-केन्द्रलाई जुट्यो सहयोग

सिर्जना अर्याल, बागीश्वरीधाम/

भरतपुर १ देवघादटधाममा रहेको श्री बागीश्वरी आध्यात्मिक परिषद् योगीनरहरिनाथ आश्रमबाट सञ्चालित योगी नरहरिनाथ गौ संरक्षण केन्द्र, देवघाटधामलाई विविध सहयोग जुटेको छ । भरतपुर महानगरपालिका-३ बेलचोक निवासी धार्मिक तथा सामाजिक व्यक्तित्व टीकाराम गैरेले आफ्ना स्वर्गीय पिता दधिराम गैरेको स्मृतिमा केन्द्रलाई विभिन्न सहयोग गर्नुभएको हो । उहाँ केन्द्रको आजीवन सदस्य बन्नुको साथै परिषद्बाट सञ्चालित गौकेन्द्र र समावेशी गुरूकुलका बटुकहरूबम साथै सम्पूर्ण परिवारिक सदस्यहरूलाई बिहानीको मिष्ठान भोजन गराउनु भएको छ । उहाँले केन्द्रको आजीवन सदस्यता वापतको ११ हजार रूपैयाँ सहयोग समेत सोमवार नै प्रदान गरी सदस्यता ग्रहण गर्नुभएको छ । उहाँले पुरातात्त्विक भूमि वागीश्वरीमा अवस्थित गौशाला, गौसेवा, बटुकहरूलाई सहयोग गर्न पाउँदा गर्व लागेको बताउनु भयो ।

कार्यक्रममा उपस्थित परिषद्का संरक्षक शान्त प्रसाद पोखरेलले दाताहरूको सहयोगले नै परिषद्को गौ संरक्षण अभियानमा सहयोग पुगेको बताउनु भयो । परिष्दका अध्यक्ष शैलेन्द्र पियाले केन्द्रमा रहेका स्थानीय प्रजातिका गाईहरूको संरक्षणको लागि सबैलाई सहयोग गर्न आग्रह समेत गर्नुभएको छ । कार्यक्रममा उपस्थित परिषद्का महासचिव अशोक पोखरेलले सेवामुलक यस्ता पुण्यकार्यको प्रसंसा गर्दै आश्रममा रहेका सबै प्रकल्पहरू मार्फत वैदिक सनातन संस्कृतिको संरक्षण अभियानमा आश्रम लागि परेको बताउनुभयो । गौ संरक्षण केन्द्रका अध्यक्ष दुर्गाप्रसाद भण्डारीले गौशालामा झन्डै २ सय प्रजातिका गाईहरूको संरक्षण गरिएको जानकारी गराउनु भयो । यस आश्रममा वैदिक गौशाला, समावेशी गुरूकुल, योग तथा प्राकृतिक चिकित्सालय, धार्मिक वन लगायतका विभिन्न प्रकल्पहरू सञ्चालनमा रहेका छन् ।

पूर्वमन्त्री रेग्मीको निधन

पूर्वमन्त्री तथा सांसद अच्युतराज रेग्मीको निधन भएको छ । नेपालको पहिलो संसद्मा पाल्पाबाट निर्वाचित भएका पुराना राजनीतिज्ञ रेग्मीको गत असार २४ गते अष्ट्रेलियामा ९६ वर्षको उमेरमा निधन भएको हो ।

पाल्पाको तानसेन नगरपालिका-२ मेहलधारामा जन्मिएका रेग्मी एक वरिष्ठ राजनीतिज्ञ र आध्यात्मिक व्यक्तित्व समेत हुनुहुन्थ्यो । उहाँ पछिल्लो समय अस्वस्थ हुनुहुन्थ्यो । काठमाडौँ मध्यबानेश्वरमा बस्दै आउनुभएका रेग्मी केही समयअघि अष्ट्रेलिया जानुभएको थियो ।

२०१५ मा भएको संसदीय निर्वाचनमा तत्कालको पाल्पा क्षेत्र नम्बर २ मा नेपाली कांग्रेसबाट उम्मेदवार बन्नुभएका उहाँ अत्याधिक मतका साथ विजयी हुनुभएको थियो । रेग्मी २०३४ सालमा पञ्चायती व्यवस्थाको समर्थक भएर मन्त्रीसमेत बन्नुभएको थियो । मन्त्री बनेपछि उहाँ विस्तारै राजनीतिबाट निष्क्रिय हुँदै आध्यात्मतर्फ

लाग्नुभएको थियो । उहाँले विश्व हिन्दु महासंघको नेतृत्वदायी भूमिका समेत निर्वाह गर्नुभएको थियो भने सञ्जय साई अर्गनाइजेसनमा समेत आवद्ध हुनुहुन्थ्यो । उहाँका श्रीमती, तीन छोरी र एक छोरा छन् ।

सुवर्ण वैद्यको निधन

काठमाडौं महानगरपालिका वडा नं. ८ का पूर्व वडाध्यक्ष एवम् पशुपति आर्यघाट सेवा केन्द्रमा सञ्चालित पशुपति आर्यघाट आयुर्वेदिक चिकित्सालयका वैद्य वरिष्ठ समाजसेवी सुवर्ण वैद्यको निधन भएको छ । ट्याक्सीको ठक्करबाट गम्भीर घाइते भएका वैद्यको सिनामंगलस्थित काठमाडौं मेडिकल कलेज शिक्षण अस्पतालमा उपचारका

क्रममा गत असार ८ गते विहान निधन भएको हो । यही असार ५ गते राति जय बागेश्वरीमा मचाः ती जात्रा (त्रिशूल जात्रा)मा सहभागी भई प्रसाद ग्रहण गरी निवास तर्फ जानेक्रममा उहाँलाईट्याक्सीले ठक्कर दिएको थियो । मृत्यु पश्चात उहाँलाई कामपा वडा नं. ८ ले वडा कार्यालय परिसरमा श्रद्धाञ्जलीका निम्ति केहीबेर राखेपछि सोही दिन पशुपति आर्यघाटमा दाहसंस्कार गरिएको थियो ।

वैद्य काठमाडौं महानगरपालिका वडा नं ८ का संस्कृतिविद्, समाजसेवी, तथा पशुपति आर्यघाट आयुर्वेदिक चिकित्सालयका वैद्य, दुई पटक निर्वाचित वडा अध्यक्ष तथा राष्ट्रवादी नेवाः संगठनका सल्लाहकार समेत हुनुहुन्थ्यो । घाटे वैद्यका नामले परिचित वैद्यले दाहसंस्कारका लागि चितामा राखिएका धेरै व्यक्तिलाई जीवनदान दिएर बचाउनुभएको इतिहास पनि छ । आर्यघाट चिकित्सालयकी नर्स कल्याणी विष्टले वैद्यको निधनप्रति दुःख व्यक्त गर्दै अन्तिम अवस्थामा आर्यघाट सेवा केन्द्रमा आउने बिरामीहरूको आशाको दियो निभेको बताउनुभयो ।

धार्मिक, सांस्कृतिक पत्रकार समाज नेपालको प्रथम अधिवेशन सम्पन्न

सुजनप्रेमी सुवेदी/

धार्मिक, साँस्कृतिक पत्रकार समाज नेपालको प्रथम अधिवेशन सम्पन्न भएको छ । धार्मिक र आध्यात्मिक क्षेत्रमा सक्रिय पत्रकारहरूद्वारा गठित समाजको प्रथम अधिवेशन गत असार २८ गते पशुपतिमा सम्पन्न भएको हो ।

पशुपतिको आनन्द धर्मशालामा आयोजित अधिवेशनबाट पूर्ण प्रसाद मिश्रको अध्यक्षतामा १५ सदस्यीय कार्यसमिति चयन भएको छ । समितिको वरिष्ठ उपाध्यक्षमा धार्मिक तथा आध्यात्मिक पत्रिका गौरी मासिकका सम्पादक अर्जुन लामिछाने, उपाध्यक्षमा चित्र कुमार चौलागाईँ, महिला उपाध्यक्षमा विनु श्रेष्ठ, महासचिवमा किशोरप्रसाद ढुङ्गेल, सचिवमा जयराम सापकोटा र रामचन्द्र दुलाल, कोषाध्यक्षमा मनिषा पोखरेल र सहकोषाध्यक्षमा हरिशरण तिमिल्सिना सर्वसम्मत चयन हुनुभएको निर्वाचन समितिका संयोजक विनोद बस्नेतले जानकारी दिनुभयो । सदस्यहरूमा सुजन प्रेमी सुवेदी, कृष्ण थापा, जया मिश्र र टीकाराम सुवेदी चयन हुनुभएको छ । थप सदस्यहरू पछि मनोनयन गरिने समितिले जनाएको छ ।

यस्तै नवनिर्वाचित कार्यसमितिको प्रथम बैठकले धार्मिक क्षेत्रमा सक्रिय सञ्चारकर्मीका लागि अक्षयकोष स्थापना गर्ने निर्णय समेत गरेको छ । अक्षयकोषका लागि समाजसेवी तथा धार्मिक व्यक्तित्व कोमलप्रसाद लामिछानेले ५० हजार रूपैयाँ प्रदान गर्ने घोषणा समेत गर्नुभएको छ । ६ महिना अघि गठित तदर्थ समितिको अधिवेशन भई पूर्ण समिति गठन हुँदाका बखत नै अक्षयकोष स्थापना हुनु र यसको लागि सहयोगको ढोका समेत खुल्नुले थप उर्जा बढाएको पत्रकारहरूको भनाइ छ । समाजले धार्मिक क्षेत्रमा रहेर कर्म गर्ने पत्रकारहरूको हक हितमा कार्य गर्नेछ । अधिवेशनको उद्घाटन महर्षि वैदिक फाउण्डेशनका अध्यक्ष दिपक प्रकाश बाँस्कोटाले गर्नुभएको थियो । सो कार्यक्रमा पशुपति क्षेत्र विकास कोषका निमित्त सदस्यसचिव सुभाष चन्द्र जोशी र वरिष्ठ समाजसेवी कोमलप्रसाद लामिछानेको पनि उपस्थिति थियो ।❖

भू–संरक्षण गरौं !

भू–संरक्षणका उपायहरू :

- गोरेटो बाटो बनाउँदा सिढी बनाऔं,
- खेती गर्दा गहरा बनाइ गरौं,
- भूक्षय रोक्ने रूख, घाँस (अम्रिसो, बाँस) जस्ता बोटविरूवा रोपौ,
- बिना अनुमति गिट्टि, बालुवा, माटो, ढुङ्गा उत्खनन नगरौं,
- सकेसम्म माटोमा रासायनिक मलको प्रयोग नगरौं,
- पानी संरक्षणका उपायहरू अपनाऔं,
- स्थानीय जैविक खेती, कृषि वन विधि अपनाऔं ।

माटो बचाऔं, भविष्य जोगाऔं ।

नेपाल सरकार

विज्ञापन वोर्ड

गोदावरी न.पा.-१४, बाँडेगाउँ, ललितपुरमा अवस्थित अभिभावक विहिन अनाथ तथा आधारभूत आवश्यकताबाट वञ्चित बालबालिकाहरुलाई निःशुल्क रूपमा गास, वास, कपास, स्वास्थ्य, शिक्षा र सुरक्षा प्रदान गर्दै आइरहेको नेपालकै नमुना मामाघर अनाथालय आश्रम को गोदावरी न.पा. -३, तान्चिन्टारमा यस भन्दा अगाडीका महायज्ञमा संकलित दान रकमबाट आफनै जमिन खरिद गरी शिलान्यास भइसकेको र अहिले भवन निर्माण सहयोगार्थ साथै चाँगुनारायण न.पा.-०९, ताथली, भक्तपुरमा अवस्थित बेसहारा, पिडित, दुःखी, गरिब र आधारभूत आवश्यकताबाट वञ्चित ज्येष्ठ नागरिकहरुलाई निःशुल्क रूपमा गास, वास, कपास, स्वास्थ्य र सुरक्षा प्रदान गर्दै आइरहेको छोरीको घर ज्येष्ठ नागरिक आश्रम को यस भन्दा अगाडीका महायज्ञमा संकलित दान रकमबाट आफ्नै जमिन खरिद गरी शिलान्यास भइसकेको र अहिले भवन निर्माण सहयोगार्थ सँगसँगै आम नेपालीको सुख, शान्ति, समृद्धि र विश्व कल्याण तथा शान्तिको कामना गर्दै सबै भक्तसज्जनवृन्दज्यूहरुको सम्पूर्ण मनकामना पूर्ति होस् भनी मनकामना पूर्ति यज्ञ को आयोजना साथमा आम श्रद्धालुजनहरुको दुख, कष्ट, आपत्ति, विपत्ति सधैंका लागि निवारण होस् भनी दुःख, कष्ट निवारण यज्ञ को आयोजना तथा का.म.न.पा.- १४, कलंकी, काठमाडौंमा अवस्थित नेपालकै सामाजिक सेवाको क्षेत्रमा सक्रिय अग्रणी संस्था श्री मानव सेवा फाउण्डेसन, नेपालको अक्षय कोष स्थापनार्थ एवं सनातन धर्मको रक्षा गर्ने पवित्र उद्देश्यले काठमाडौं म.न.पा.- ०८, पशुपति क्षेत्र, काठमाडौंमा मिति २०८२ श्रावण ०१ गतेदेखि भाद्र २१ गतेसम्म श्री मानव सेवा फाउण्डेसन, नेपाल द्वारा आयोजित ऐतिहासिक श्री पशुपति मनकामना पूर्ति तथा सङ्कट मोचन विराट् ज्ञान महायज्ञ - २०८२ लाई सभ्यभव्य रूपमा सम्पन्न गर्नका निमित्त यस विराट् ज्ञान महायज्ञ जस्तो पवित्र आयोजनमा स्नेहपूर्ण सान्निध्य प्रदान गरिदिनहुन हजुरलाई सादर निमन्त्रणा गर्दछौं ।

ऐतिहासिक श्री पशुपति मनकामना पूर्ति तथा सङ्कट मोचन विराट् ज्ञान महायज्ञमा हुने केही विशेष कर्महरुः

१. आम भक्तसज्जनवृन्दज्यूहरुको मनोकामना पूर्ण होस् भनी यज्ञको आयोजना गरिने र भगवानलाई प्रार्थना गरिने, उक्त यज्ञमा भक्तजनहरु स्वयंले पूजा, पाठ, आराधना र संकल्प गर्न सक्नुहुनेछ ।
२. आम भक्तसज्जनवृन्दज्यूहरुको दुःख, कष्ट, आपत्ति, विपत्ति सधैंका लागि निवारण होस् भनी यज्ञको आयोजना गरिने, उक्त यज्ञमा भक्तजनहरु स्वयंले पूजा, पाठ, आराधना र संकल्प गर्न सक्नुहुनेछ ।
३. आम भक्तसज्जनवृन्दज्यूहरुको हरेक सङ्कटहरुको मोचन (नास, दुर) होस् भनी यज्ञको आयोजना गरिने, उक्त यज्ञमा भक्तजनहरु स्वयंले पूजा, पाठ, आराधना र संकल्प गर्न सक्नुहुनेछ ।
४. आम भक्तसज्जनवृन्दज्यूहरुको आना ईच्छा, आकांक्षा पुरा होउन् र सुन्दर भविष्य निमार्ण होस् भनी संकल्प, पूजा, पाठ, आराधना गर्न सक्नुहुनेछ ।
५. आम भक्तसज्जनवृन्दज्यूहरुको नबनेका कामहरु बनोस् भनी, रोग, व्याधि, कष्ट कहिल्यै नआओस् भनी यज्ञको आयोजना गरिने, उक्त यज्ञमा भक्तजनहरु स्वयंले पूजा, पाठ, आराधना र संकल्प गर्न सक्नुहुनेछ ।
६. आम भक्तसज्जनवृन्दज्यूहरुको सुख, शान्ति, सम्वृद्धि सगँसँगै हरेक कर्ममा सफलताका लागि यज्ञको आयोजना गरिने, उक्त यज्ञमा भक्तजनहरु स्वयंले पूजा, पाठ, आराधना र संकल्प गर्न सक्नुहुनेछ ।
७. आम भक्तसज्जनवृन्दज्यूहरुले भगवानको कृपा प्राप्तिको लागि वेद, उपनिषद्, गीता, रामायण, भागवत आदिमा आधारित शास्त्रीय प्रवचन, कथा वाचन तथा सत्सङ्गमा सहभागी भई आत्मज्ञानको आलोक प्राप्त गर्न सक्नुहुनेछ।
८. आम भक्तसज्जनवृन्दज्यूहरुले आफ्नो व्यक्तिगत तथा पारिवारिक कल्याणको उद्देश्यले होम, हवन, रुद्राभिषेक, महामृत्युञ्जय जप, नवग्रह शान्ति, भगवती पूजनजस्ता विशेष धार्मिक अनुष्ठानहरुमा सहभागी भई संकल्प गर्न सक्नुहुनेछ।
९. आम भक्तसज्जनवृन्दज्यूहरुले सामूहिक रूपमा जप, ध्यान, त्रिकाल सन्ध्या, आरती, कीर्तन तथा संकीर्तनमा सहभागी भई मानसिक शान्ति, आध्यात्मिक उन्नति र आत्मशुद्धिका लागि आराधना गर्न सक्नुहुनेछ।
१०. आम भक्तसज्जनवृन्दज्यूहरुले आफ्नो सन्तान, परिवार र आगामी पिढीको धार्मिक मार्गदर्शनका लागि बालबालिका तथा युवाहरुलाई धार्मिक संस्कार, शील, शिक्षा र साधनाको वातावरणमा सहभागी गराउन सक्नुहुनेछ।
११. आम भक्तसज्जनवृन्दज्यूहरुले पुण्य लाभको लागि हवनसामग्री दान, अन्नदान तथा अन्य सेवा कार्यहरुमा सहभागी भई असहाय, वृद्ध, अनाथ र विपन्न वर्गका निम्ति सेवा अर्पण गर्न सक्नुहुनेछ।
१२. आम भक्तसज्जनवृन्दज्यूहरुले धार्मिक प्रदर्शनी, ग्रन्थ प्रदर्शनी, फोटो ग्यालरी आदिबाट ज्ञानवृद्धि गर्नुका साथै धर्म, संस्कृति र परम्पराको संरक्षण र प्रवर्द्धनमा सहभागिता जनाउन सक्नुहुनेछ।
१३. आम भक्तसज्जनवृन्दज्यूहरुले आफ्नो अधुरो इच्छा, अपूरा संकल्प वा विगतका दोष निवारण गर्न नामसहित संकल्प गराई होम लगाउने, भजन, पूजन र ध्यानमार्फत पुण्य संचित गर्न सक्नुहुनेछ।

केन्द्रीय कार्यालयः-
काठमाडौं-१४, कलंकी, नेपाल ।
सम्पर्क सूत्रः-
०१-५२१९१२५
९८५१३५७०१५/९८०२३७००८१
९८५१३५७००७/९८५१३५७००९
शाखा कार्यालयः-
पोखरा-०८, सृजनाचोक, कास्की, नेपाल ।
सम्पर्क सूत्रः-
०६१-५८४७०१/०६१-५८४७०२
९८५६०८२२९०/९८५६०८२२९१
९८६३२५२१२१/९७०५२५२१२५

गो.हु.का. (म.क्ष.हु.नि.द.नं.) १०/०६७/०६८

श्रावणी मेला पर्व- २०८१को शुभकामना !

भगवान् श्रीपशुपतिनाथको दर्शनार्थ पाल्नु हुने भक्तजनहरुलाई अनुरोध :-

१. भगवान् श्रीपशुपतिनाथको दर्शनार्थ पाल्नु हुने दर्शनार्थीहरूले बहुमूल्य गर-गहना लगाएर नआउनु हुन अनुरोध छ ।

२. मन्दिर आउँदा झोलाहरू सकभर नल्याउनु हुन र पशुपति क्षेत्रको मापदण्ड बमोजिम प्लाष्टिक झोला, कप, प्लेट आदिको प्रयोग निषेध गरिएकोले त्यस्ता सामानको प्रयोग नगरिदिनु हुन अनुरोध छ ।

३. दुध, गङ्गाजल जस्ता सामाग्रीका लागि टुट-फूट हुने कांच (सिसा) का भाँडा प्रयोग नगरिदिनु हुन अनुरोध छ ।

४. श्रद्धालु भक्तजनहरूको सुविधाको लागि दर्शनमार्ग पिच्छे छुट्टाछुट्टै स्थानमा जुत्ता चप्पल सुरक्षा कक्षको व्यवस्था गरिएकाले तोकिएको कक्षमा जुत्ता-चप्पल राखेर मात्र मन्दिर प्रवेश गरिदिनु हुन अनुरोध छ ।

५. आराध्यदेव भगवान् श्रीपशुपतिनाथको दर्शन गरिसकेपछि छिटो भन्दा छिटो मन्दिर परिसर बाहिर निस्किदिनु भई भिड हुन नदिन सहयोग गर्नुहुन अनुरोध छ ।

६. श्रीपशुपतिनाथका मन्दिर प्राङ्गणमा सबै प्रकारका मोबाइल फोन, क्यामरा आदि सामाग्रीको प्रयोग निषेध गरिएको व्यहोरा सम्पूर्ण भक्तजनहरूमा सादर अनुरोध गरिन्छ ।

७. छालाका सामान, जुत्ता, चप्पल, ज्याकेट, कम्मरपेटी लगाएर मन्दिरमा प्रवेश निषेध भएकोले त्यस्ता सामानहरू तोकिएको सुरक्षित स्थानमा राखेर मात्र मन्दिर दर्शन गर्नुहुन अनुरोध छ ।

८. पाकेटमारादेखि सावधान रहनुहोला र आफ्नो सामानको सुरक्षा आफै गर्नुहोला ।

९. कुनै पनि तीर्थयात्री अस्वस्थ भएमा स्वास्थ्य शिविरमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

१०. कुनै सामान वा व्यक्ति हराएमा तुरुन्त सुरक्षाकर्मी, स्वयंसेवक वा खोजखबर कक्षमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

११. मन्दिर र मेला क्षेत्रलाई स्वच्छ र सफा राख्न जथाभावी फोहोर नगरौं, निर्दिष्ट स्थानमा रहेका शौचालयहरूको प्रयोग गर्नुहोला ।

१२. शारीरिक रूपमा असक्त, जेष्ठ नागरिकहरूलाई सहज दर्शनको निम्ति सहयोग पुर्‍याइ दिनुहुन अनुरोध छ ।

१३. मन्दिर दर्शनको निम्ति कुनै प्रकारको विशेष टिकट या पासको व्यवस्था नगरिएको हुँदा पङ्क्तिबद्ध भएर दर्शन गरिदिनुहुन भक्तजनहरूमा अनुरोध छ ।

१५. पङ्क्तिबाट दर्शन गर्दा समेत अरूको अधिकारको हनन हुने व्यवहार नगर्नुहुन अनुरोध छ ।

१५. श्रावणी मेला अवधिमा पशुपति क्षेत्रमा सञ्चालन गरिएका विभिन्न धार्मिक कार्यक्रमका आयोजकहरूले पनि स्थानीय जात्रा पर्वलाई अवरोध हुने कुनै पनि कार्य नगरिदिनुहुन अनुरोध छ ।

पवित्र तीर्थस्थलको मर्यादा कायम गर्न सबैले सहयोग गरौं ।

पशुपति क्षेत्र विकास कोष
Pashupati Area Development Trust
देवपत्तन, गौशाला, काठमाडौं